# केही ती अवैधानिक कार्यहरू जसलाई अधिकांश मानिसहरूले ग्रहणीय ठानेका छन्

[ नेपाली - Nepali - نيبالي ]

लेखक

मुहम्मद सालेह अल् मुन्जिद

अनुवादक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

# محرمات استهان بها كثير من الناس

محمد صالح المنجد

ترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة:

محمد إدريس سلفي

IslamHouse.com

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन, यस्तो पूज्य जसको पूजा प्रत्येक हृदय प्रेम श्रद्धा र आदरको साथ गर्छ, र जसतर्फ समस्त प्राणीहरू आशान्वित र भयभीत भई शरण लिन्छन् । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत र त्यसको प्रकाशना (वह्य) को धरोहरी पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो । तसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

तपाईलाई थाहै होला कि हाम्रो देश नेपाल एउटा गैर मुस्लिम राष्ट्र हो, जहाँ मुसलमानहरू अति अल्पसंख्यामा छन्, त अल्पसंख्यक हुनुको कारण अरु धर्महरूमा भएको केही अनुष्ठानहरूलाई कुनै महत्व नदिई त्यसलाई इस्लामीय दिर्नेशन बमोजिम हराम बुझेर पनि त्यसलाई तुच्छ ठानेर गरिहाल्छन् । त यस्तै मानिसहरूको लागि मैले यो पुस्तकको अनुवाद गरेको छु जसमा लेखक ज्यूले यस्ता समस्त कुराहरूमाथि

प्रकाश पारेका छन् जसलाई अधिकांश मानिसहरू तुच्छ ठानेर गर्दै आएका छन्, जबकि त्यो इस्लाममा निषेधित हुन्छ र त्यसको परिणाम भयानक हुन्सक्छ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)


**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं.** ००९७७९८१९४३७७५८

**सउदी मो. न.** 00966-0501372254

عتيق الرحمن محمد إدريس خان مكي

ण्छ्ण्ज्ञघठद्दद्दछ्द्ध الجوال

# भूमिका

إن الحمد لله، نحمده ونستعينه ونستغفره، ونعوذ بالله من شرور أنفسنا، ومن سيئات أعمالنا من يهده الله فلا مضل له، ومن يضلل فلا هادي له، وأشهد أن لا إله إلا الله وحده لا شريك له وأشهد أن محمدا عبده ورسوله.

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् हामी त्यसैको प्रशंसा गर्छौं र त्यसैसित सहायता चाहन्छौं र त्यससित क्षमायाचना गर्दछौं, र त्यसैबाट अआफ्ना मनको बुराई र आफ्नो कुकर्मबाट श्रण चाहन्छौं, जसलाई त्यो पथप्रदर्शित गरिदेओस् त्यसलाई कोही पथभ्रमित गर्न सक्दैन, र जसलाई त्यो दिग्भ्रान्त गरिदेओस् त्यसलाई कोही पथप्रदर्शन गर्न सक्दैन, र म साक्ष्य दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही सहभागी छैन, र म साक्ष्य दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसका भक्त एवं सन्देष्टा हुन् ।

तत्पश्चात: महान अल्लाहले केही अनिवार्य कार्यहरू निर्धारित गरेको छ जसलाई त्याग्नु जायज छैन, र केही सीमाहरू निर्धारित गरेको छ जसको उल्लंघन जायज छैन, र केही कुराहरूलाई वर्जित गरेको छ जसलाई ग्राह्य गर्नु जायज छैन ।

रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"ما أحل الله في كتابه فهو حلال، وما حرم فهو حرام وما سكت عنه فهو عافية فاقبلوا من الله العافية، فإن الله لم يكن نسيا ثم تلا هذه الآية [وما كان ربك نسيا]" [رواه الحاكم 2/375 وحسنه الألباني في غاية المرام ص: 14]

अर्थ : जसलाई अल्लाहले आफ्नो किताबमा (ग्रन्थमा) हलाल ( ग्राह्य) भनेको छ त्यो हलाल छ, र जसलाई हराम (निषेधित) गरेको छ त्यो हराम छ, र जसमाथि चुप लाग्यो त्यसमा तिमीलाई छूट र स्वतन्त्रता प्रदान गरेको छ, यसर्थ अल्लाहको छूटलाई कबूल गर,

किनकि अल्लाहले बिर्सेर चुप लागेको होइन, अनि उहाँ सल्लल्लाहो अलैह वसल्लमले यस श्लोकको पाठन गर्नु भयो: [وما كان ربك نسيا] अर्थ ( तिम्रो प्रतिपालक बिर्सनेवाला छैन) । ( यस हदीसलाई हाकिमले २/३७५ मा वर्णन गरेका छन्, र गायतुल् मरामको पे. नं. १४ मा अल्लामा अल्बानीले यस हदीसलाई विश्वासनीय अर्थात (हसन) भनेका छन् )

र हराम कुराहरू नै अल्लाहले निर्धारित गरेका सीमाहरू हुन्, जस्तोकि अल्लाहको भनाई छ:

﴿ وَمَن يَتَعَدَّ حُدُودَ ٱللَّهِ فَقَدْ ظَلَمَ نَفْسَهُۥ ﴾ الطلاق: ١

अर्थ : र जो अल्लाहका सीमाहरूभन्दा अगाडि बढ्नेछ, त्यसले आफूमाथि नै अत्याचार गर्नेछ । ( सूरतुत्तलाक १ )

र अल्लाहले ती मानिसहरूलाई दुखद यातनाको चेतावनी दिएको छ जुन त्यसले निर्धारित गरेका सीमाहरूको उल्लंघन गरोस्, र त्यसले वर्जित गरेका कुराहरूलाई ग्रहणीय ठानोस् । अल्लाहको फर्मान छ:

﴿ وَمَن يَعْصِ ٱللَّهَ وَرَسُولَهُۥ وَيَتَعَدَّ حُدُودَهُۥ يُدْخِلْهُ نَارًا خَـٰلِدًا فِيهَا وَلَهُۥ عَذَابٌ مُّهِينٌ ﴿١٤﴾ ﴾ النساء: ١٤

अर्थ : र जसले अल्लाह र उसको रसूल (सल्लल्लाहो अलैहे वसल्लम) को आज्ञा उल्लघंन गर्नेछ र उसबाट निर्धारित सीमाको अतिक्रमण गर्दछ, त्यसलाई अल्लाहले नर्कमा हाल्नेछ, जसमा कि ऊ सधैं रहने छ र त्यस्तैलाई यो अपमानजनक सजाय हो । ( सूरतुन्निसा १४ )

र निषेधित कुराहरूसित बाँचनु अति आवश्यक छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन छ:

"ما نهيتكم عنه فاجتنبوه وما أمرتكم به فافعلوا منه ما استطعتم" [رواه مسلم: كتاب الفضائل حديث رقم 130 ط. عبد الباقي]

अर्थ: जसलाई मैले निषेधित गरिदिएँ त्यसबाट आफ्नो क्षमतानुसार बाँच, र जसको आदेश गरें त्यसलाई आफ्नो क्षमतानुसार गर्दैगर । (

यसलाई इमाम मुस्लिमले किताबुल् फजाइलमा हदीस नं. १३० अन्तर्गत वर्णन गरेका छन्, अब्दुल बाकीद्वारा प्रकाशित संकलन )

र यो दर्शन गरिएको छ कि केही हवस पूजकहरू र कम्जोर हृदयका मानिसहरू र थोरै ज्ञान भएका मानिसहरू जब श्रृंख्लाबद्ध अर्थात एकपछि आर्को हराम गर्ने निर्देशनलाई सुन्दछन् त क्रोधित भएर भन्छन्: प्रत्येक कुरा हराम नै छ ! तिमीहरूले समस्त कुराहरूलाई हराम गरेर नै छाडेका छौ, तिमीहरूले त हाम्रो जीवनलाई नर्क बनाइदिएका छौ, र हाम्रा दिन रातलाई दुखदायी र हाम्रा छातीहरूलाई संकुचित गरेर छाड्यौ, र तिमीहरूसित हराम र निषेधित शब्द बाहेक अरु केही छैन । धर्म त सरल छ, र समस्त कुराहरू विस्तृत छन्, र अल्लाह पनि दयावन र क्षमादानी छ ।

त यस्ताखालका मानिसहरूको कुरोको प्रतिउत्तरमा हामी भन्दछौं !

निःसन्देह महान अल्लाह जे चाहन्छ हुकुम गर्छ त्यसित कोही सोधपूछ गर्नेवाला छैन त्यो सर्वज्ञानी र तत्वदर्शी छ, यसर्थ त्यो जसलाई चाहन्छ निषेधित गर्छ र जसलाई चाहन्छ ग्रहणीय गरिदिन्छ । र अल्लाहको भक्तिका आधारहरूमध्ये यो पनि हो कि हामी अल्लाहको हुकुमलाई मानेर त्यस अगाडि नतमस्तक भइहालौं ।

र अल्लाले दिएका निर्देशनहरू त्यसको ज्ञान र तत्वदर्शिताद्वारा प्रचलित गरिएका छन्, र त्यसको निसाफ व्यर्थ छैन नत त्यो खेल नै हो, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَتَمَّتۡ كَلِمَتُ رَبِّكَ صِدۡقٗا وَعَدۡلٗاۚ لَّا مُبَدِّلَ لِكَلِمَٰتِهِۦۚ وَهُوَ ٱلسَّمِيعُ ٱلۡعَلِيمُ ١١٥ ﴾ الأنعام: ١١٥

अर्थ : र तिम्रो पालनकर्ताको कुरा सत्यता र न्यायको दृष्टिले पूर्ण छ त्यसको आदेश कसैले परिवर्तन गर्न सक्दैन र ऊ सबै सुन्दछ र जान्दछ । ( सूरतुल् अन्आम ११५ )

र महान अल्लाहले ती आधार र कानून एवं विधिहरूलाई वर्णन गरेको छ जुन हलाल र हराम कुराहरूको कसौटी हो, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَيُحِلُّ لَهُمُ ٱلطَّيِّبَٰتِ وَيُحَرِّمُ عَلَيۡهِمُ ٱلۡخَبَٰٓئِثَ ﴾ الأعراف: ١٥٧

अर्थ : र स्वच्छ कुरालाई हलाल (स्वीकार्य) बताउँछन् र अपवित्र कुरालाई हराम (वर्जित) बताउँछन् । ( सूरतुल् अअ्राफ १५७ )

तसर्थ राम्रो र पवित्र कुराहरू हलाल छन्, र अपवित्र र अस्वच्छ एवं घृणित कुराहरू निषेधित र हराम छन् । र हराम र हलाल गर्ने कार्य मात्र अल्लाहको हो, यसर्थ जुन मानिस हलाल हराम गर्ने कार्यलाई आफूसित संलग्न गरोस् वा कसै अरुको लागि जायज मानोस् त यस्तो मानिस काफिर र नास्तिक भयो, र त्यसले ठूलो कुफ्र गऱ्यो जसद्वारा त्यो धर्मबाट निष्कासित भयो । अल्लाहको फर्मान छः

﴿ أَمۡ لَهُمۡ شُرَكَٰٓؤُاْ شَرَعُواْ لَهُم مِّنَ ٱلدِّينِ مَا لَمۡ يَأۡذَنۢ بِهِ ٱللَّهُۚ ﴾ الشورى: ٢١

अर्थ : के उनीहरूले यस्तो अल्लाहको साझेदार बनाएका छन् जसले उनीहरूको लागि यस्तो धर्म निर्धारित गरिदिएका छन्, जसबारे अल्लाहले आदेश दिएन ? ( सूरतुश्शूरा २१ )

फेरि यो कुरो पनि छ कि कुनै व्यक्तिको लागि वैध छैन कि हलाल र हरामको बारेमा कुरा गरोस् त्यस मान्छे बाहेक जुन कुरआन र हदीसको विद् होस्, किनकि जुन मान्छे बिना ज्ञान हलाललाई हराम र हरामलाई हलाल गर्छ त्यसको लागि सख्त चेतावनी दिइएको छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَلَا تَقُولُواْ لِمَا تَصِفُ أَلۡسِنَتُكُمُ ٱلۡكَذِبَ هَٰذَا حَلَٰلٞ وَهَٰذَا حَرَامٞ لِّتَفۡتَرُواْ عَلَى ٱللَّهِ ٱلۡكَذِبَۚ إِنَّ ٱلَّذِينَ يَفۡتَرُونَ عَلَى ٱللَّهِ ٱلۡكَذِبَ لَا يُفۡلِحُونَ ١١٦ ﴾ النحل: ١١٦

अर्थ : आफ्नो मुखबाट कुनै झुठ कुरा नगर कि यो (हलाल) पवित्र छ र यो त्याज्य छ ताकि अल्लाहमाथि झूठा कुराको सम्बन्ध

जोड्नथाल, सम्झी राख जुन मानिसहरू अल्लाहमाथि झूठा कुराको सम्बन्ध गाँस्दछन्, उनीहरू सफल हुने छैनन् । ( सूरतुन्नहल ११६ )

र प्रत्यक्षरूपले हराम कुराहरूलाई कुरआन र हदीसमा वर्णन गरिएको छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ قُلْ تَعَالَوْا أَتْلُ مَا حَرَّمَ رَبُّكُمْ عَلَيْكُمْ أَلَّا تُشْرِكُوا بِهِ شَيْئًا وَبِالْوَالِدَيْنِ إِحْسَانًا وَلَا تَقْتُلُوا أَوْلَادَكُم مِّنْ إِمْلَاقٍ نَّحْنُ نَرْزُقُكُمْ وَإِيَّاهُمْ وَلَا تَقْرَبُوا الْفَوَاحِشَ مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ وَلَا تَقْتُلُوا النَّفْسَ الَّتِي حَرَّمَ اللَّهُ إِلَّا بِالْحَقِّ ذَٰلِكُمْ وَصَّاكُم بِهِ لَعَلَّكُمْ تَعْقِلُونَ ﴿١٥١﴾ ﴾ الأنعام: ١٥١

अर्थ : (हे नबी) भन्नुस् कि (हे मानिसहरू !) आऊ म तिमीहरूलाई ती कुरा सुनाउँछु जसको (विरोध गर्न) तिम्रो पालनकर्ताले तिम्रो लागि रोक लगाएको छ, ती यी हुन् कि कुनै कुरालाई अल्लाहसँग नदाँज्नु ( साझेदार नबाउनु) र आमा-बुवासँग राम्रो व्यवहार गर्नु र दरिद्राताको भयले आफ्नो सन्तानहरूलाई नमार्नु । (किनभने) तिमीलाई र उनलाई हामीले नै जीविका प्रदान गर्दछौं, र हरेक प्रकारको निर्लज्ज कुराको नजिक नजानु, चाहे त्यो खुल्ला रूपमा होस् वा गोप्य रूपमा । र जुन प्राणीको ज्यान मार्न अल्लाहले रोक लगाएको छ, उसको ज्यान नलिनु । तर यस नियमको पालनमा हक-ईन्साफको निम्ति गरिएका बाहेक । यी कुराहरू को पालनको लागि अल्लाहले तिमीलाई सचेत गरेको छ, कि तिमी सम्झ । (सूरतुल् अन्आम १५१)

र यस्तै सुन्नत (हदीस) मा पनि धेरै हराम कुराहरूलाई वर्णन गरिएको छ जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन:

"إن الله حرم بيع الخمر والميتة والخنزير والأصنام." [رواه أبوداود 3486 وهو في صحيح أبي داود 977]

अर्थ : अल्लाहले मदिरा, मृतक, सुँगुर, र मूर्तिको विक्रीलाई हराम गरेको छ । (यसलाई अबू दाऊदले हदीस नं. ३४८६ मा वर्णन गर्नु भएको छ, र यो सहीह अबू दाऊदको हदीस नं. ९७७ मा पनि वर्णित छ )

र यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन:

"إن الله إذا حرم شيئا حرم ثمنه" [رواه الدارقطني 3/7 وهو حديث صحيح]

अर्थ : जब अल्लाहले कुनै वस्तुलाई हराम गरिदिन्छ त त्यसलाई विक्री गरेर प्राप्त गरिएको पैसालाई पनि हराम गरिदिन्छ । (यसलाई दारकुत्नीले ३/७ मा वर्णन गरेका छन्, र यो हदीस सही छ )

र कदाचित कहिलेकाहिँ केही श्लोकहरूद्वारा केही विशेष थरीहरूलाई निषेधित गरिन्छ जसरी अल्लाहको यो कथनमा छ:

﴿ حُرِّمَتۡ عَلَيۡكُمُ ٱلۡمَيۡتَةُ وَٱلدَّمُ وَلَحۡمُ ٱلۡخِنزِيرِ وَمَآ أُهِلَّ لِغَيۡرِ ٱللَّهِ بِهِۦ وَٱلۡمُنۡخَنِقَةُ وَٱلۡمَوۡقُوذَةُ وَٱلۡمُتَرَدِّيَةُ وَٱلنَّطِيحَةُ وَمَآ أَكَلَ ٱلسَّبُعُ إِلَّا مَا ذَكَّيۡتُمۡ وَمَا ذُبِحَ عَلَى ٱلنُّصُبِ وَأَن تَسۡتَقۡسِمُواْ بِٱلۡأَزۡلَٰمِۚ ذَٰلِكُمۡ فِسۡقٌۗ ٱلۡيَوۡمَ يَئِسَ ٱلَّذِينَ كَفَرُواْ مِن دِينِكُمۡ فَلَا تَخۡشَوۡهُمۡ وَٱخۡشَوۡنِۚ ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗاۚ فَمَنِ ٱضۡطُرَّ فِي مَخۡمَصَةٍ غَيۡرَ مُتَجَانِفٖ لِّإِثۡمٖ فَإِنَّ ٱللَّهَ غَفُورٞ رَّحِيمٞ ٣ ﴾ المائدة: ٣

अर्थ : तिम्रो लागि मृतक जनावर र रगत र सुँगुरको मासु र जुन कुरामा अल्लाह बाहेक अरु कसैको नाम पुकारिएको छ र जुन जनावरलाई घाँटी अठ्याएर मारिन्छ र जुन कुनै चोट लागेबाट मर्छ र जुन कुनै अग्लो ठाउँबाट लडेर मर्छ र जुन कसैको सिंगको प्रहारबाट मर्दछ, यी सबै हराम (वर्जित) छन् र ती जनावरहरू पनि जसलाई कुनै हिंसक पशुले चिथोरेर मारेको हुन्छ तर जसलाई तिमीले (मर्नुभन्दा

अगाडि) जब्ह (बैध) गरिहाल्छौ, भने ती जनावरहरू वर्जित हुँदैनन् । र त्यस्ता जनावर पनि हराम छन् जसलाई कुनै स्थानमा (बलि बेदीमा) जब्ह गरिएको हुन्छ र तीर चलाई भाग्यको खेल खेलेर मारिएको मासु पनि त्याज्य  छ । यी सबै नराम्रा काम हुन् । आज काफिरहरू तिम्रो धर्मबाट निराश भइसकेका छन्, खबरदार तिनीहरूसित न डर र मसित मात्र डर मान्ने गर । आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना कृपाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौ, तर यदि कुनै व्यक्ति भोखले बाध्य भएर गुनाह तिर प्रवृत्त नभई खाइहाल्छ भने अल्लाह क्षमादाता र दयालु छ । ( सूरतुल् माइदः ३ )

र जुन महिलाहरूसित विवाह गर्नु निषेधित छ त्यसलाई अल्लाहले यसरी वर्णन गरेको छः

﴿ حُرِّمَتۡ عَلَيۡكُمۡ أُمَّهَٰتُكُمۡ وَبَنَاتُكُمۡ وَأَخَوَٰتُكُمۡ
وَعَمَّٰتُكُمۡ وَخَٰلَٰتُكُمۡ وَبَنَاتُ ٱلۡأَخِ وَبَنَاتُ ٱلۡأُخۡتِ وَأُمَّهَٰتُكُمُ
ٱلَّٰتِيٓ أَرۡضَعۡنَكُمۡ وَأَخَوَٰتُكُم مِّنَ ٱلرَّضَٰعَةِ وَأُمَّهَٰتُ نِسَآئِكُمۡ
وَرَبَٰٓئِبُكُمُ ٱلَّٰتِي فِي حُجُورِكُم مِّن نِّسَآئِكُمُ ٱلَّٰتِي دَخَلۡتُم
بِهِنَّ فَإِن لَّمۡ تَكُونُواْ دَخَلۡتُم بِهِنَّ فَلَا جُنَاحَ عَلَيۡكُمۡ
وَحَلَٰٓئِلُ أَبۡنَآئِكُمُ ٱلَّذِينَ مِنۡ أَصۡلَٰبِكُمۡ وَأَن تَجۡمَعُواْ بَيۡنَ
ٱلۡأُخۡتَيۡنِ إِلَّا مَا قَدۡ سَلَفَۗ إِنَّ ٱللَّهَ كَانَ غَفُورٗا رَّحِيمٗا ٢٣ ﴾

النساء: ٢٣

अर्थ : तिम्रो लागि तिम्रा आमाहरू र छोरीहरू र दिदीबहिनीहरू र तिम्रा फूफूहरू र तिम्रा सानी आमा, ठूली आमाहरू र भतिजीहरू र भान्जीहरू र तिम्रा ती आमाहरू जसले कि तिमीलाई दूध ख्वाएका छिन्, र (रेजाई) दिदीबहिनीहरू र तिम्रा सासूहरू र तिमीले तिम्रो गोदमा

लालन पालन गरेको छोरीहरू जुन संभोग गरेको महिलाबाट जन्मेका छिन् तिम्रो लागि वर्जित छिन् । हो यदि तिमीले तिनीहरूसँग (केटीको आमासँग) यौन सम्बन्ध गरेका छैनौ भने तिमीलाई कुनै गुनाह छैन, र तिम्रा साख्खै छोराहरूका स्वास्नीहरू पनि र दुई दिदी बहिनीहरूलाई एकैसाथ बिहे गर्नु पनि त्याज्य छ । तर विगतमा जे भयो भइसक्यो । नि:सन्देह अल्लाह क्षमा गर्नेवाला र दयावान छ । ( सूरतुन्निसा २३ )

र यस्तै श्रम कार्य र लाभ एवं नाफाहरूको बारेमा अल्लाहको फर्मान छ:

﴿ ٱلَّذِينَ يَأْكُلُونَ ٱلرِّبَوٰاْ لَا يَقُومُونَ إِلَّا كَمَا يَقُومُ ٱلَّذِى يَتَخَبَّطُهُ ٱلشَّيْطَـٰنُ مِنَ ٱلْمَسِّ ۚ ذَٰلِكَ بِأَنَّهُمْ قَالُوٓاْ إِنَّمَا ٱلْبَيْعُ مِثْلُ ٱلرِّبَوٰاْ ۗ وَأَحَلَّ ٱللَّهُ ٱلْبَيْعَ وَحَرَّمَ ٱلرِّبَوٰاْ ۚ فَمَن جَآءَهُۥ مَوْعِظَةٌ مِّن رَّبِّهِۦ فَٱنتَهَىٰ فَلَهُۥ مَا سَلَفَ وَأَمْرُهُۥٓ إِلَى ٱللَّهِ ۖ وَمَنْ عَادَ فَأُو۟لَـٰٓئِكَ أَصْحَـٰبُ ٱلنَّارِ ۖ هُمْ فِيهَا خَـٰلِدُونَ ﴿٢٧٥﴾ ﴾

البقرة: ٢٧٥

अर्थ : जुन मानिसहरू व्याज खान्छन् तिनी (चिहानहरूबाट) यस प्रकारले (भ्रमित भई) उठ्ने छन् जस्तो कि शैतानले छोएको पागल होस् । यो यस कारणले कि तिनीहरूले भन्ने गर्दथे कि व्यापार गर्नु पनि त यस्तै छ, जस्तो कि ब्याज (लिनु) । तर व्यापारलाई अल्लाहले हलाल बनाएको छ र ब्याजलाई हराम । जुन मानिसले आफ्नो छेउ अल्लाहको निर्देशन पुगे पछि (व्याज लिन) त्याग दियो भने जेजति भइसकेको छ, त्यसको माफी पाउने छ । र त्यसको निर्णय अल्लाहले गर्ने छ । र यदि फेरि (व्याज) लिन थाल्यो भने, त्यस्ता मानिसहरू नर्कीय हुनेछन्, र सधैं नर्कमा रहने छन् । ( सूरतुल् बकर: २७५ )

फेरि पवित्र अल्लाह आफ्नो भक्तहरूमाथि अति दयावान छ यसलेगर्दा त्यसले यति कुराहरूलाई हलाल गरिदिएको छ जसको आंकलन गर्नु असम्भव छ, यसै कारण हलाललाई विस्तारले वर्णन गरेको छैन किनकि हलाल कुराहरू थुप्रै छन्, यसर्थ मात्र हराम कुराहरूलाई विस्तारले वर्णन गरेको छ किनकि हराम कुराहरू सीमित

छन् ताकि हामी हराम कुराहरूको ज्ञान ग्रहण गरी त्यसको निकट पनि नजाऔं । जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَقَدۡ فَصَّلَ لَكُم مَّا حَرَّمَ عَلَيۡكُمۡ إِلَّا مَا ٱضۡطُرِرۡتُمۡ إِلَيۡهِۗ ﴾ الأنعام: ١١٩

अर्थ : जबकि तिम्रो लागि वर्जित गरिएका सबै कुरारहरू एक एक गरी वर्णन गरिसकिएको छ । तर त्यस अवस्था बाहेक जब कि ती कुरा खानको निम्ति बाध्य भइहाल्छौ । ( सूरतुल् अन्आम ११९ )

र रह्यो कुरो जायज र ग्राह्य कुराहरूको त यदि त्यो कुरो लाभदायक छ भने त्यसलाई समग्रमा ग्राह्य गरिदिएको छ । अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ كُلُواْ مِمَّا فِي ٱلۡأَرۡضِ حَلَٰلٗا طَيِّبٗا وَلَا تَتَّبِعُواْ خُطُوَٰتِ ٱلشَّيۡطَٰنِۚ إِنَّهُۥ لَكُمۡ عَدُوّٞ مُّبِينٌ ١٦٨ ﴾ البقرة: ١٦٨

अर्थ : मानिसहरू ! जति कुराहरू धर्तीमा हलाल छन् ती खानु र पिउनु र शैतानको पद चिन्हहरूमा नहिंड्नु । त्यो तिम्रो खुल्लम-खुल्ला शत्रु हो । ( सूरतुल् बकरः १६८ )

त यो त्यसको दयाको प्रतीक नै हो कि समस्त कुराहरूलाई हलाल गरिदिएको छ ती कुराहरू बाहेक जसको निषेधित हुनुमा कुनै प्रमाण होस् । त यो हामीमाथि अल्लाहको असीम कृपाको उदाहरण हो, यसर्थ हामीमाथि यो अनिवार्य छ कि हामी त्यसको आज्ञाको पालना गरौं, र त्यसको प्रशंसा र कृतज्ञता प्रकट गर्दै रहौं ।

तर केही यस्ता मानिसहरू पनि छन् जुन हरामलाई विस्तृत तरिकाले वर्णित गरिएको हेरेर यस्ता निर्देशनहरूबाट दुखी भइहाल्छन्, र यो उनीहरूको दुर्वल र अपूर्ण आस्था र विधानप्रति अनभिज्ञताको कारण हुन्छ । के उनीहरू यो चाहन्छन् कि उनीहरूमाथि हलाल कुराका समस्त थरीहरूलाई गन्ती गराइयोस्, अनि तिनीहरू यो भन्छन् कि धर्म त पक्कै सरल छ ? र के उनीहरू यो चाहन्छन् कि समस्त पवित्र कुराहरूलाई विस्तारले वर्णन गरियोस्, अनि भन्छन् कि इस्लाम हाम्रो जीवनलाई दुखित गर्दैन ?

के उनीहरू चाहन्छन् कि यसरी भनियोस् कि ऊँट, गाई, बाख्रा, खरायो, हिरण, बनगाई, कुखुरा, हाँस, र शुतुरमुर्गको पवित्र माँस हलाल छ, अर्थात जब्ह गरिएको माँस हलाल छ ? र टिड्डी र माछाको मृतक पनि हलाल छ ?

र समस्त साग सब्जी फलफूल र मटरसेम जुन लाभदायक छ समस्त हलाल छ ? र समस्त प्रकारको पानी, दूध, मह, तेल .... आदि, र नुन, चट्नी, अचार, मसलाहरू हलाल छन् ?

र फलाम, दाउरो, बालुवा, ढुँगा, पलास्टिक, शीशा, धातु .... आदि हलाल छन् ।

र जनावरको सवारी, कार, मोटर साइकल, ट्रेन, जहाज, पानी जहाजको सवारी हलाल छ ।

र इयर कन्डीशन, फ्रिज, फर्मा, र समस्त चिकित्सा र इन्जीनियरिंग सम्बन्धि कुराहरू, र गणित, वायु, थीतिज, निर्माण सम्बन्धि कुराहरूको प्रयोग हलाल छ ? र पानी, तेल, पेट्रोल, धातु निकाल्नु जायज छ ?

र गुणस्तर, स्वच्छता, प्रकाशन र कम्प्युटर सम्बन्धि कुराहरूको प्रयोग हलाल छ ?

र काटन, सूती, उनी कपडा, रेश्मी कपडा, बाल, खाल, चर्म, नाइलोन, पोलिस्टरको कपडा हलाल छ ?

र विवाह, व्यापार, व्यवसाय, ट्रान्स्फ्रिंग, बटाई, शिल्प, कला, आर्ट, सिकर्मीहेतु हलाल कार्य, र मर्म्मत गर्ने कार्य, र गोठालाको काम .... आदि हलाल छन् ?

त हे बुद्धि र दृष्टि रमख्नेहरू के हामी हलाल कुरा र कार्यहरूलाई सीमारहित गर्न सक्दछौं यदि त्यसलाई विस्तारले वर्णन गर्न खोजौं वा त्यसलाई सीमारहित गर्न खोजौं ? त यी मानिसहरूलाई के भएको छ कि कुरालाई बुझ्दैनन् !!!

र रह्यो उनीहरूको यो कुरो कि धर्ममा सरलता छ । त यो सत्य कुरो हो, तर यिनीहरूले यस कुराद्वारा अवैधलाई ग्रहणीय गर्न खोजेका छन् । यसर्थ सरलता र सुगमताको अर्थ यस धर्म इस्लाममा मान्छेहरूको हवस र विचारधारा बमोजिम छैन, बरु ती निर्देशनहरू बमोजिम छ जसलाई यो धर्म ल्याएको छ । यसर्थ **यो धर्म सरल छ** यस

वाक्यद्वारा अनुचित कुराहरूलाई ग्रहणीय गर्नु, र त्यसलाई धर्मले बताएको निर्देशन अनुसार मान्नु बीच ठूलो फर्क छ ।

र निःसन्देह धर्ममा सरलता र सुगमता छ धर्मले दिएको छुटलाई ग्रहण गर्नुमा जसरी नमाजलाई कसर र जम्मा गरेर पढ्नु, यात्रामा व्रत नबस्नु, मोजामाथि नगरबासीले २४ घंटा मसह गरेर नमाज पढ्नु, र यात्रुले ७२ घंटा मसह गरेर नमाज पढ्नु, र कुनै हानि नोक्सानीको भयले तयम्मुम गरे नमाज पढ्नु विरामीको लागि, यस्तै रोग र वर्षाको कारण दुई नमाजलाई एकैचोटि पढ्नु, र जस युवतीसित विवाह गर्ने इच्छा छ त्यसलाई हेर्नु, र शपथको कफ्फारह दिदा दाष मुक्त गर्नु र खाना खुवाउनु र व्रत बस्नुमध्ये कुनै एकलाई चयन गर्नु, र बाधित अवस्थामा मृतकको मासुलाई पनि खानु.... र यस बाहेक अरु वैधानिक छूट ग्रहण गर्नुमा यस धर्ममा सुगमता र सरलता छ ।

तसर्थ मुसलमान मान्छेलाई यो थाहा हुनुपर्छ कि हराम कुरालाई निषेधित गर्नुमा कुनै नकुनै तत्वदर्शिता नीहित छ जसरी कि निषेधित कुराद्वारा अल्लाह भक्तको परीक्षा पनि गर्छ कि के कस्तो तरिकाले भक्त त्यसका निर्देशनहरूको पालना गर्छ ? त यसैद्वारा स्वर्गीय र नर्कीयमा विभाजन गरिन्छ । तसर्थ नर्कीयहरू हवसपूर्तिमा मस्त रहे जसद्वारा नर्कलाई घेरिएको छ, र स्वर्गीयहरू अप्रिय र हराम कुराहरूमा धैर्यता देखाए जसद्वारा स्वर्गलाई घेरिएको छ । र यदि यो परीक्षा नभएको भए पाप र पुण्यबीच अन्तर थाहा हुँदैन्थ्यो, यसर्थ आस्थावानहरू दुःख र कष्टमा पनि संतोष गरेर अल्लाहको प्रतिफलको आशा राख्दछन्, अनि त्यस कष्ट र दुःखको पीडा कम भइहाल्दछ । र कपटी र अनास्थावानहरू कष्टलाई कष्ट र दुःखको दृष्टिले हेर्छन् त उनीहरूको पीडामा अझैं वृद्धि भइहाल्दछ, र अल्लाहको अनुपालन गर्नु गाह्रो भइहाल्छ ।

र हरामलाई छाडेर आज्ञापालक मान्छे मिठासको आभास गर्छ, र जसले पनि अल्लाहको प्रसन्नता पाउने उद्देश्यले कुनै निषेधित कुरालाई छाड्दछ त अल्लाह त्यसलाई यसभन्दा उत्तम कुरा प्रदान गर्छ, अनि त्यो आफ्नो हृदयमा आस्थाको स्वादलाई महसूस गर्छ ।

र यस लेखमा पाठकवर्ग केही यस्ता निषेधित कुराहरूको वर्णन पाउँछन् जसलाई इस्लामले वर्जित गरेको छ, र जसको हराम हुनुमाथि कुरआन र हदीसहरु प्रमाणीकरण गरेका छन् । ( र यस विषयमा विभिन्न विद्हरूले विभिन्न पुस्तकहरू लेखेका छन् जसरी **अल् कबाइर**, र यस्तै यस विषयमा अति राम्रो लेख छ **तम्बीहुल् गाफेलीन अन् अअ्मालिल जाहेलीन** लेखकः इब्ने नुहास अद्दमश्की ) र यी ती निषेधित कुराहरू हुन् जसलाई अधिकांश मुसलमानहरूले ग्रहणीय बनाइसकेका छन्, र मैले यसलाई मात्र स्पष्टीकरण गर्ने उद्देश्यले र उपदेश गर्ने उद्देश्यले वर्णन गरेको छु । र म अल्लाहसित याचना गर्दछु कि अल्लाह मलाई र मेरो मुसलमान भाइहरूलाई पथप्रदर्शन गरुन्, र आफ्नो सीमाहरूको अतिक्रमण गर्नुबाट र निषेधित कुराहरूबाट बचाउन्, र समस्त प्रकारका दुष्कर्मबाट बचाएर सुकर्म गर्ने सौभाग्य प्रदान गरुन् । र त्यो परम् पूज्य नै दया गर्नेवाला र भक्ति प्रदान गर्नेवाला छ ।

# अल्लाहको साथमा सहभागी ठहराउनु (बहुदेववाद)

यो हराम कार्यहरूमध्ये सबैभन्दा ठूलो निषेधित कार्य हो, जस्तोकि अबि बक्रहको हदीसमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"ألا أنبئكم بأكبر الكبائر (ثلاثا) قالوا قلنا بلى يا رسول الله، قال: الإشراك بالله.." متفق عليه، البخاري / رقم 2511

अर्थ : के तिमीहरूलाई सबैभन्दा ठूलो पापको बारेमा नबताऊँ, (र यस वाक्यलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले तीनचोटि भन्नु भयो) त सहाबाहरूले भने: किन होइन हे अल्लाहका रसूल त्यसबारे अवश्य बताउनुस्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: त्यो हो अल्लाहको साथमा कसैलाई सहभागी बनाउनु ....। ( बुखारी, मुस्लिम, बुखारी हदीस नं.२५११ )

र अल्लाह यसलाई अर्थात शिर्क (बहुदेववाद) लाई बिशेष रूपले बिना तौबा क्षमा गर्दैनन्, तर यस बाहेक जति पनि पापहरू छन् त्यसलाई आफूले चाहेमा क्षमादान दिन्छन्। जस्तोकि अल्लाहको फर्मान छ:

﴿ إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُۚ ﴾

النساء: ٤٨

अर्थ : नि:सन्देह अल्लाह आफ्नो साभ्रेदार बनाउनेलाई क्षमा गर्ने छैन र त्यस बाहेक अन्य जसलाई चाहन्छ माफ गरिदिन्छ । ( सूरतुन्निसा ४८ )

र शिर्क (बहुदेववाद) यस्तो पनि हुन्छ जुन मान्छेलाई धर्मबाट निष्कासित गरिदिन्छ र यदि शिर्क गर्दा गर्दै कसैको मृत्यु भयो त त्यो मान्छे सदैंवको लागि नर्कमा जाने छ ।

**मुस्लिम समाजमा फैलिएको शिर्क (बहुदेववाद) को चित्रण**

□ चिहानको पूजा गर्नु, र यो आस्था राख्नु कि चिहानमा पुरिएका मृतक वलीहरू आवश्यकताहरूलाई पूर्ण गर्छन्, र याचनालाई स्वीकार गर्दछन्, र कष्टलाई हटाउँछन् । र उनीहरूसित सहायता र मदतको गुहार गर्नु, जबकि अल्लाहको फर्मान छः

﴿ وَقَضَىٰ رَبُّكَ أَلَّا تَعۡبُدُوٓاْ إِلَّآ إِيَّاهُ وَبِٱلۡوَٰلِدَيۡنِ إِحۡسَٰنًاۚ إِمَّا يَبۡلُغَنَّ عِندَكَ ٱلۡكِبَرَ أَحَدُهُمَآ أَوۡ كِلَاهُمَا فَلَا تَقُل لَّهُمَآ أُفّٖ وَلَا تَنۡهَرۡهُمَا وَقُل لَّهُمَا قَوۡلٗا كَرِيمٗا ٢٣ ﴾ الإسراء: ٢٣

अर्थ : र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पूजा नगर र आमा-बाबुको साथमा नम्र व्यवहार गर्दै गर यदि तिनीहरूमध्ये एउटा वा दुवै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरूलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु तिनीहरूसँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु । ( सूरतुल् इस्रा २३ )

र मृतक सन्देष्टा अथवा वली वा अरु कसैलाई गुहार्नु, र उनीलाई शिफारिसी (मध्यस्थ) बनाउनु, वा कष्ट हटाउनुको लागि पुकार्नु पनि शिर्क हो, अल्लाहको फर्मान छः

﴿ أَمَّن يُجِيبُ ٱلۡمُضۡطَرَّ إِذَا دَعَاهُ وَيَكۡشِفُ ٱلسُّوٓءَ وَيَجۡعَلُكُمۡ خُلَفَآءَ ٱلۡأَرۡضِۗ أَءِلَٰهٞ مَّعَ ٱللَّهِۚ قَلِيلٗا مَّا تَذَكَّرُونَ ٦٢ ﴾ النمل: ٦٢

अर्थ : कसले व्यग्रको गुहार सुन्दछ, जब त्यसले उसलाई गुहार्दछ र व्यथा हटाइदिन्छ र तिमीलाई धरतीमा शासक बनाउँदछ ? के अल्लाहको साथमा अरु कोही पूजनीय छ ? (होइन) तिमीहरूले धेरै कम नसीहत र शिक्षा हासिल गर्दछौ । ( सूरतुन्नम्ल ६२ )

र केही मान्छेहरूको यो बानी हुन्छ कि उठ्दा बस्दा, जाग्दा सुत्दा प्रत्येक समय आफ्नो गुरुको नाम अथवा कुनै वली.... आदिको नामको जाप गर्दछन् र कुनै पनि कष्ट र विपत्ति परेमा उनीलाई नै गुहार्दछन्, अर्थात केही भन्छन् हे मुहम्मद, त केही भन्छन् हे अली, त आर्को भन्छ हे हसन ! त कोही भन्छ हे बदवी, त केही भन्छ हे जीलानी, त कोही

शाजलीलाई गुहार्छ त कोही राफेईलाई, त केही सयिदह जैनबलाई गुहार्छन् त केही इदरीसलाई, ते कतिपय अलबानलाई गुहार्छन् । तर अल्लाहको फर्मान छः

﴿ إِنَّ ٱلَّذِينَ تَدۡعُونَ مِن دُونِ ٱللَّهِ عِبَادٌ أَمۡثَالُكُمۡۖ فَٱدۡعُوهُمۡ فَلۡيَسۡتَجِيبُواْ لَكُمۡ إِن كُنتُمۡ صَٰدِقِينَ ١٩٤ ﴾ الأعراف: ١٩٤

अर्थ : वास्तवमा तिमीले अल्लाहलाई छाडि जसलाई पुकार्दछौ, तिनीहरू तिमी जस्तै बन्दा (उपासक) हुन् । तसर्थ तिमी साँचो हौ भने तिमीले तिनीहरूलाई पुकार ताकि तिनीहरूले तिमीले चाहेको कुरा पुरा गरि देऊन् । ( सूरतुल् अअ्राफ १९४ )

र केही चिहानका पूजारीहरू चिहानको परिक्रमा पनि गर्छन्, र त्यसलाई श्रद्धाले स्पर्श गर्छन् चुम्दछन्, र त्यस चिहानको माटोलाई अनुहारमा मल्दछन्, र त्यस चिहानलाई ढोग पनि गर्दछन्, र त्यस चिहान निकट त्रसित भएर त्यसलाई नतमस्तक भएर पूजा गर्छन्, र त्यससित आफ्नो आवश्यकता पूर्तिको याचना गर्छन्, र रोगीको रोगलाई निको पार्ने आग्रह गर्छन्, वा संतान माँग्दछन्, वा त्यससित कष्ट हटाउने पुकार गर्छन् । र कतिपय त चिहानमा माटोले पूरिएको मानिसलाई पुकार्दै भन्छन्: हे हाम्रो स्वामी हामी कति टाढाबाट तिम्रो पासमा आएका छौं मलाई खाली हात नफर्काउनु होला । तर अल्लाहको फर्मान छः

﴿ وَمَنۡ أَضَلُّ مِمَّن يَدۡعُواْ مِن دُونِ ٱللَّهِ مَن لَّا يَسۡتَجِيبُ لَهُۥٓ إِلَىٰ يَوۡمِ ٱلۡقِيَٰمَةِ وَهُمۡ عَن دُعَآئِهِمۡ غَٰفِلُونَ ٥ ﴾ الأحقاف: ٥

अर्थ : त्यस व्यक्ति भन्दा बढी पथभ्रष्ट को होला ? जसले अल्लाहलाई छाडि यस्तोलाई पुकार्दछन् जसले कयामतको दिनसम्म उनीहरूको प्रार्थनालाई स्वीकार गर्न सक्दैन, बरु उनीहरूको पुकारबाट एकदमः अज्ञान छन् । ( सूरतुल् अहकाफ ५ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"من مات وهو يدعو من دون الله ندا دخل النار" رواه البخاري الفتح 8/176

अर्थ : जुन मान्छेको मृत्यु यस्तो अवस्थामा भयो कि त्यो अल्लाह बाहेक कसै अरुलाई पूज्य मानेर पुकार्दथ्यो त त्यो नर्कमा जानेछ । ( यसलाई बुखारीले वर्णन गर्नु भएको छ हेर्नुस् फतहुल् बारी ८/१७६)

र केही मानिसहरू त आफ्नो टाउकोलाई पनि कुनै चिहान निकट वा कुनै वलीको चिहान निकट खौराउँछन् । र केही मान्छेहरू त यो आस्था पनि राख्दछन् कि वलीहरू यस संसारका प्रचालक हुन्, र उनी हानि र लाभमाथि सामर्थ्यवान हुन्छन् । तर अल्लाहको फर्मान छः

﴿ وَإِن يَمْسَسْكَ ٱللَّهُ بِضُرٍّ فَلَا كَاشِفَ لَهُۥٓ إِلَّا هُوَ ۖ وَإِن يُرِدْكَ بِخَيْرٍ فَلَا رَآدَّ لِفَضْلِهِۦ ۚ يُصِيبُ بِهِۦ مَن يَشَآءُ مِنْ عِبَادِهِۦ ۚ وَهُوَ ٱلْغَفُورُ ٱلرَّحِيمُ ﴿١٠٧﴾ ﴾ يونس: ١٠٧

अर्थ : र यदि अल्लाहले तिमीलाई कुनै कष्ट पुऱ्याउँछ भने उस बाहेक त्यसलाई कसैले हटाउन सक्दैन, र यदि उसले तिम्रो भलो गर्न चाहन्छ भने उसको कृपालाई कसैले रोक्न सक्दैन, उसले आफ्ना भक्तहरूमध्ये जसलाई चाहन्छ फाइदा पुऱ्याउँछ र ऊ बडो क्षमतादाता अत्यन्त दयालु छ । ( सूरतु यूनुस १०७ )

र यस्तै शिर्कमध्ये अल्लाह बाहेक कसै अरुको लागि भाकल राख्नु पनि हो, जस्तोकि कतिपय मानिसहरू चिहानमाथि च्यादर चढाउनु र दिपक जलाउनुको भाकल मान्दछन् ।

□ र यस्तै शिर्कमध्ये अल्लाह बाहेक कसैको लागि बलि गर्नु पनि हो, अल्लाहको फर्मान छः

﴿ فَصَلِّ لِرَبِّكَ وَٱنْحَرْ ﴿٢﴾ ﴾ الكوثر: ٢

अर्थ : आफ्नो प्रतिपालकको लागि नमाज पढ र बलि गर्नेगर । ( सूरतुल् कौसर २ )

अर्थात मात्र अल्लाहको लागि र त्यसको नाम पुकारेर बलि गर । र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

"لعن الله من ذبح لغير الله" رواه الإمام مسلم رحمه الله في صحيحه رقم 1978 ط. عبد الباقي

अर्थ : त्यसमाथि अल्लाहको धिक्कार छ जसले अल्लाह बाहेक कसै अरुको लागि बलि गऱ्यो । ( यसलाई इमाम मुस्लिमले हदीस नं. १९८७ मा वर्णन गरेका छन्, अब्दुल बाकीको संकलन )

र कहिले काहिँ बलि गर्ने कार्यमा दुई अवैधानिक कार्य शम्मिलित भइहाल्दछन् जसरी अल्लाह बाहेकको लागि बलि गर्नु र अल्लाह बाहेकको नाम लिएर बलि गर्नु त यी दुवै तरिकामध्ये कुनै तरिकाले गरिएको बलिबाट मासु खानु निषेधित छ ।

र वर्तमान युगमा एउटा अनभिज्ञकालको अवैधानिक रीति पनि देखिन्छ र त्यो हो भूत प्रेतको लागि बलि गर्नु, अर्थात जब मानिस कुनै घर पुल र इनार ... आदिको निर्माण गर्छ त त्यस निकट भूत प्रेत र जिन्नातको डरले बलि गर्छ कि त्यो त्यसलाई हानि नपुऱ्याओस् । ( हेर्नुस् तफ्सीरुल् अजीजुल हमीद इफ्ताले प्रकाशित गरेको संकलन पे. १५८ )

□ र ठूलो शिर्कको उदाहरणहरूमध्ये जुनकि वर्तमानकालमा अति प्रचलित छ र त्यो हो अल्लाहले हलाल गरेको कुरालाई हराम गर्नु, वा हराम गरेको कुरोलाई हलाल गर्नु, र यो आस्था राख्नु कि अल्लाह बाहेक अरु केसैलाई पनि हलाल र हराम गर्ने अधिकार प्राप्त छ । र शिर्के अक्बर (ठूलो बहुदववाद) मध्ये यो पनि हो कि अनभिज्ञकालका नियम र कानून बमोजिम निर्णय र फैसला गरियोस्, र यो आस्था राख्नु पनि कि यस्तो गर्नु जायज छ । र अल्लाहले यस ठूलो नास्तिकतालाई यसरी वर्णन गरेको छ :

﴿ ٱتَّخَذُوٓاْ أَحۡبَارَهُمۡ وَرُهۡبَٰنَهُمۡ أَرۡبَابٗا مِّن دُونِ ٱللَّهِ وَٱلۡمَسِيحَ ٱبۡنَ مَرۡيَمَ وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُوٓاْ إِلَٰهٗا

﴿وَٰحِدٗاۖ لَّآ إِلَٰهَ إِلَّا هُوَۚ سُبۡحَٰنَهُۥ عَمَّا يُشۡرِكُونَ ٣١﴾

التوبة: ٣١

अर्थ : यिनीहरूले अल्लाहलाई छाडी आफ्ना पादरी र सन्तहरू र मरियमको छोरा मसीहलाई आफ्ना पालनहार बनाए, जबकि यिनीहरूलाई मात्र एक एकलै अल्लाहकै उपासनाको आदेश दिइएको थियो, जस बाहेक कोही सत्य पूजनीय छैन । ऊ उसको साझेदार ठहराउने कार्यबाट मुक्त छ । ( सूरतुत्तौबा ३१ )

र जब यस श्लोकको पाठन रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथी अदी बिन हातिमले सुने त उनको भनाई छ कि मैले भनें: उनीहरू अर्थात किताबवालाहरू तिनीहरूलाई अर्थात आफ्ना धर्म गुरुहरूलाई पूज्दैन्थे ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्ने भयो: "أجل ولكن يحلون لهم ما حرم الله فيستحلونه ويحرمون عليهم ما أحل الله فيحرمونه فتلك عبادتهم لهم" رواه البيهقي السنن الكبرى 116/10 وهو عند الترمذي برقم 3095 وحسنه الألباني

في غاية المرام ص:19

अर्थ : हो, तिमीले सत्य भन्यौ, तर उनीहरूका विद्हरू उनीहरूको लागि अल्लाहले हराम गरेका कुराहरूलाई हलाल गर्थे, अनि उनीहरू तिनले हलाल गरेको कुरालाई ग्राह्य गरिहाल्थे, र जब उनीहरू ( विद्हरू) अल्लाहले हलाल गरेको कुरालाई हराम गर्थे त त्यसलाई उनीहरू पनि आफूमाथि हराम गरिहाल्थे, त यस्तो गर्नु नै उनीहरूको अर्थात विद्हरूको पूजा गर्नु हो । ( यस हदीसलाई बैहकीले सुननुल् कुबराको १०/११६ मा वर्णन गरेका छन्, र तिर्मिजीले हदीसनं. ३०९५ मा वर्णन गरेका छन्, र अल्बानीले गायतुल् मरामको पे. १९ मा यस हदीसलाई विश्वासनीय भनेका छन् )

र अल्लाहले बहुदेववादी र शिर्क गर्नेहरूको विशेषता यसरी वर्णन गरेको छ:

﴿ وَلَا يُحَرِّمُونَ مَا حَرَّمَ ٱللَّهُ وَرَسُولُهُۥ وَلَا يَدِينُونَ دِينَ ٱلْحَقِّ ﴾ التوبة: ٢٩

अर्थ : अनि अल्लाह र उसको रसूलले अवैध ठहराएका कुरालाई अवैध ठहराउँदैनन् र नत सत्य धर्मको अनुपालन गर्दछन् .. । ( सूरतुत्तौबा २९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ قُلْ أَرَءَيْتُم مَّآ أَنزَلَ ٱللَّهُ لَكُم مِّن رِّزْقٍ فَجَعَلْتُم مِّنْهُ حَرَامًا وَحَلَٰلًا قُلْ ءَآللَّهُ أَذِنَ لَكُمْ أَمْ عَلَى ٱللَّهِ تَفْتَرُونَ ۝٥٩ ﴾ يونس: ٥٩

अर्थ : तपाई भन्नुस् कि हेर, अल्लाहले तिम्रो निम्ति जुन जीविका प्रदान गरेको थियो, तिमीले ती मध्ये केहीलाई त्याज्य ठह्रायौ र केहीलाई ग्रहणीय, तिनीहरूसित सोध्नुस्, के अल्लाहले तिमीलाई यसको आदेश दिएको थियो वा तिमी अल्लाहमाथि झूठो दोष लगाइराखेका छौ ? ( सूरतु यूनुस ५९ )

□ शिर्कका थरीहरूमध्ये वर्तमानमा प्रचलित <u>जादू पाखण्ड र ज्योतिषीय गतिविधिहरू पनि हुन्:</u>

त रह्यो कुरो जादूको त यो नास्तिकता हो, र ती सातवटा ठूला पापहरूमध्ये एक हो जुन विनाशकारी हुन्छन् । र यो नत लाभ पुऱ्याउन सक्छ नत हानि, र त्यसको तालिम लिनेहरूको बारेमा अल्लाहको फर्मान छ:

﴿ وَيَتَعَلَّمُونَ مَا يَضُرُّهُمْ وَلَا يَنفَعُهُمْ ﴾ البقرة: ١٠٢

अर्थ : र यिनीहरूले यस्ता (मन्त्र) सिक्दथे जसले तिनलाई हानि पुऱ्याओस् र लाभ पुऱ्याउन नसकोस् । ( सूरतुल् बकर: १०२ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ وَلَا يُفْلِحُ ٱلسَّاحِرُ حَيْثُ أَتَىٰ ۝٦٩ ﴾ طه: ٦٩

अर्थ : र जादूगरहरू जहाँबाट पनि आउनेछन् सफल हुनेछैनन् । ( सूरतुल् बकर: ६९ )

र जुन मान्छे जादूगरको कुरालाई सत्य मानी त्यसको अनुशरण गर्छ त्यो मान्छे काफिर भयो । अल्लाहको फर्मान छः

﴿ وَٱتَّبَعُواْ مَا تَتْلُواْ ٱلشَّيَٰطِينُ عَلَىٰ مُلْكِ سُلَيْمَٰنَۖ وَمَا كَفَرَ سُلَيْمَٰنُ وَلَٰكِنَّ ٱلشَّيَٰطِينَ كَفَرُواْ يُعَلِّمُونَ ٱلنَّاسَ ٱلسِّحْرَ وَمَآ أُنزِلَ عَلَى ٱلْمَلَكَيْنِ بِبَابِلَ هَٰرُوتَ وَمَٰرُوتَۚ وَمَا يُعَلِّمَانِ مِنْ أَحَدٍ حَتَّىٰ يَقُولَآ إِنَّمَا نَحْنُ فِتْنَةٌ فَلَا تَكْفُرْۖ ﴾ البقرة: ١٠٢

अर्थ : र त्यस चीजको पछि लागे जसलाई सुलैमानको राज्यकालमा शैतानहरूले पढ्ने गर्दथे । तर सुलैमानले बिल्कुलै कुफ्र गरेनन् बरु शैतानहरूले नै कुफ्र गर्दथे, तिनीहरूले मानिसहरूलाई जादू सिकाउँदथे जुन "बाबुल" शहरमा दुई जना फरिश्ता (अर्थात) हारूत र मारूतमाथि उत्रेको थियो । ती दुवैले पनि कसैलाई तबसम्म केही सिकाउन्नथे जबसम्म यो भन्दैन्थे कि हामी त एउटा परीक्षणमा छौं, तिमी कुफ्रमा न लाग । ( सूरतुल् बकरः १०२ )

र जादूगरको दण्ड हो त्यसको वध गर्नु, र त्यसको कमाई हराम र अपवित्र छ, र अनभिज्ञ र दुर्वल आस्थावाला र कुटिल हृदय राख्ने मान्छेहरू नै जादूगरकहाँ जान्छन् त्यसित यस्तो जादू गराउने उद्देश्यले जसद्वारा कसैसित प्रतिशोध लिन्छन् । र केही यस्ता मान्छेहरू पनि हुन्छन् जुन जादूगरकहाँ गए पश्चात अवैधानिक कार्य गर्न थाल्छन् जादूसित प्रभावित भएर । र कतिपय जादूतर्फ शरण लिन्छन् जबकि आवश्यक यो छ कि अल्लाहको शरण लिइयोस्, र त्यसको वाँणीद्वारा स्वस्थताको अभिलाषी होस् जस्तोकि मुअव्वेजातद्वारा ।

र रह्यो कुरा ज्योतिषी र पाखण्डी अन्तरयामी हुने दावी गर्नेहरूको त यी दुवै काफिर हुन् अदृश्यका कुराहरूको ज्ञाता हुने दावीको कारण, किनकि अदृश्य र लुकेको कुराहरूको ज्ञान अल्लाह बाहेक कसैलाई छैन । र यस्ता खालका मानिसहरू यसलाई धन एकत्रित गर्ने माध्यम बनाएर सर्वसाधारणलाई धोका दिन्छन्, र उनीहरूलाई ठग्दछन् । र यसलाई विभिन्न तरिकाले कार्यन्वयनमा ल्याउँछन् जसरी बालुवामा धर्को

बनाएर, हत्केली हेरेर, वा प्यालालाई हेरेर वा गेंदलाई हेरेर, वा शिशालाई हेरेर .... आदि। र यिनीहरूले यदि संयोगले एक पटक सत्य बोल्दछन् त ९९ पटक झूठ बोल्दछन्, तर अचेतहरू मात्र त्यसै एक कुरालाई याद राख्दछन् जुन त्यस झुट्ठाले सत्य भनेको थियो, अनि त्यसको पासमा गएर आफ्नो भविष्यको बारेमा जानकारी प्राप्त गर्न खोज्दछन्, र आफ्नो दुःख र खुशीको बारेमा ज्ञान प्राप्त गर्न खोज्दछन्। र व्यापार व्यवसाय र विवाहको शुभ अशुभ हुनेबारे सोध्छन्, र यस जस्ता अरु आवश्यकता र समस्याहरूमा उनीहरू समक्ष गई उनीहरूले भनेका कुराहरूमा विश्वास गर्दछन्। त यस्ता खालका मानिसहरूको हुकुम यो हो: जुन मान्छेहरू यस्ताखालका मानिसहरूको पासमा गएर त्यसले भनेको कुरोलाई सत्य मान्छन् भने यस्ता मान्छेहरू काफिर भए, र यसको प्रमाण रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन हो:

" من أتى كاهنا أو عرافا فصدقه بما يقول فقد كفر بما أنزل على محمد " رواه الإمام أحمد 2/429 وهو في صحيح الجامع 5939

अर्थ : जुन व्यक्ति ज्योतिषी वा पाखण्डीको पासमा गयो, र त्यसले भनेको कुरोलाई सत्य ठान्यो त त्यसले मुहम्मदमाथि अवतरित गरिएको कुराको इन्कार गऱ्यो। (अर्थात काफिर भयो) ( यस हदीसलाई इमाम अहमदले २/४२९ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. ५९३९ मा पनि वर्णित छ )

तर यदि जुन मान्छे त्यस अन्तरयामी हुने मान्छेको पास गएको छ र त्यसको अदृश्यको ज्ञानी हुने कुराको दावीलाई सत्य मान्दैन बरु मात्र त्यसको परीक्षण गर्ने उद्देश्यले गएको थियो भने यस्तो मान्छे काफिर त हुँदैन बरु त्यसको ४० दिनको नमाज कबूल हुँदैन। र यसको प्रमाण रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन हो:

" من أتى عرافا فسأله عن شئ لم تقبل له صلاة أربعين ليلة "

صحيح مسلم 1751/4

अर्थ : जुन व्यक्ति ज्योतिषीको पासमा आयो र त्यससित कुनै कुराबारे प्रश्न गऱ्यो त त्यसको ४० रात्रीको नमाज स्वीकार्य हुँदैन । ( सहीह मुस्लिम ४/१७५१ )

र यसको साथै त्यसमाथि ती चालिस दिनमा नमाज पढनु अनिवार्य नै रहन्छ, र त्यसमाथि तौबा र प्रयाश्चित गर्नु पनि अनिवार्य नै रहन्छ।

□ यो सिद्धान्त र आस्था राख्नु कि घट्नाहरू घटित हुनुमा र समय चक्र एवं मानिसहरूको जीवन चक्रमाथि नक्षत्र र ग्रहहरूको कुनै प्रकारको प्रभाव हुन्छ :

عن زيد بن خالد الجهني قال: صلى لنا رسول الله صلى الله عليه وسلم صلاة الصبح بالحديبية ــ على أثر سماء كانت من الليلة ــ فلما انصرف أقبل على الناس فقال: " هل تدرون ماذا قال ربكم ؟ " قالوا: الله ورسوله أعلم، قال: " أصبح من عبادي مؤمن بي وكافر، فأما من قال مطرنا بفضل الله ورحمته فذلك مؤمن بي وكافر بالكوكب. وأما من قال بنوء كذا وكذا فذلك كافر بي ومؤمن بالكوكب " رواه البخاري أنظر فتح الباري 333/2.

जैद बिन खालिद अल् जुहनीको वर्णन छ कि हुदैबीया (एउटा स्थानको नाम) मा रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूलाई त्यस रात्री पश्चातको फज्रको नमाज पढाउनु भयो जस रात्रीमा वर्षा भएको थियो, त जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमले नमाज सम्पन्न गरे, त सबै समक्ष आए र भने: के तिमीहरूलाई थाहा छ कि तिम्रो प्रतिपालकले के भन्यो, त सबैले भने कि अल्लाह र अल्लाहका रसूल अधिक ज्ञानी छन्, त उहाँले भन्नु भयो कि अल्लाहले भन्यो: मेरा मक्तहरूमध्ये केही काफिर भएर र केही आस्थावान भएर बिहान गरे, त जसले यो भन्यो कि: अल्लाहको दया र कृपाले वर्षा भएको छ, त त्यसको ममाथि आस्था छ र त्यसले नक्षत्रको प्रभावको इन्कार गऱ्यो, र जसले यो भन्यो कि: नक्षत्रको प्रभावलेगर्दा यो वर्षा भएको छ, त त्यसले मेरो इन्कार गऱ्यो र नक्षत्रमाथि आस्था राख्यो । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी २/३३३ )

र यसै मध्येबाट पत्रपत्रिकाहरूमा भएको नक्षत्र र बुर्जहरू र राशीफलमाथि आस्था राख्नु र त्यससित संलग्न हुनु पनि हो । त जसले पनि यो आस्था राख्यो कि तारा ग्रह नक्षत्रहरू प्रभाव पार्छन् त यस्तो आस्था राख्ने मान्छे काफिर भयो बहुदेववादी भयो । र यदि मान्छेले सन्तुष्टिको लागि मात्र पत्रिकामा हेऱ्यो तै पनि त्यो पापको भागीदार भयो, किनकि शिर्कद्वारा सन्तुष्टि प्राप्त गर्नु पनि जायज छैन, किनकि यसैद्वारा शैतान मान्छेको हृदयमा यस्ता यस्ता कुरा हालिदिन्छ जुन शिर्कसम्म पुऱ्याउने माध्यम भइहाल्दछन् ।

□ र शिर्कमध्ये यो पनि हो कि मान्छे कुनै यस्तो कुरामा भलाई नीहित हुने विश्वास राखोस् जसमा अल्लाहले त्यो भलाई र उप्लब्धी राखेको छैन जस्तोकि केही मानिसहरू तअ्वीज, धर्को, कंगन.... आदिको बारेमा आस्था राख्दछन्, र त्यसलाई हातमा वा घाँटीमा लगाउँछन् यस विश्वासको साथ कि यो कुदृष्टिलाई हटाइदिन्छ । र यस्तो गर्ने कुरा उनीहरूलाई जादूगर र ज्योतिषी एवं पाखण्डीहरू भन्छन्, अनि उनी आफ्नो शरीरमा वा आफ्नो बच्चाको शरीरमा वा आफ्नो घर अथवा गाडीमा त्यसलाई झुन्डियाउँछन्, र यस्तै विभिन्न प्रकारका औंठीहरू पनि लगाउँछन् ताकि यो उनीहरूबाट कष्टलाई हटाओस् । त यस्ताखालका समस्त क्रियाकलाप र गतिविधिहरू निसंकोच अल्लाहमाथि भरोसा गर्नुको विरुद्ध छन्, र यसबाट कष्टमा अभिवृद्धि बाहेक अरु कुनै लाभ मिल्दैन, र यी समस्त कुराहरू अवैधानिक र हराम कुराहरूद्वारा चिकित्सा गर्नुको सीमा अन्तर्गत आउँछ ।

र दुआ तअ्वीज लगाउनु प्रत्यक्ष शिर्क हो, किनकि यसद्वारा अल्लाह बाहेक शैतान पिचास ... आदिसित सहायता माँगिन्छ । तसर्थ कतिपय पाखण्डीहरू यस्ता यस्ता धर्को बनाउँछन् जसको अर्थ बुझिन्न, त कतिपय उल्टो सुल्टो धर्को मात्र बनाउँछन्, त कतिपय कुरआनका श्लोकहरूलाई आर्को तरिकाले लेख्दछन् जस्तो लेख्नु जायज छैन, त कतिपय कुरआनका श्लोकहरूलाई अपवित्र कुराहरूद्वारा लेख्दछन् जसरी रजस्वलाको रगतले, त यी समस्त क्रियाकलापहरू हराम छन् । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"من علق تميمة فقد أشرك" رواه أحمد 4/156 وهو في السلسلة الصحيحة رقم 492.

अर्थ : जसले तअ्वीज झुण्डयायो त्यसले कुफ्र (नास्तिकता) गऱ्यो । ( यस हदीसलाई इमाम अहमदले ४/१५६ मा वर्णन गरेका छन्, र यो हदीस अल्बानीको सिलसिलतुस्सहीहामा हदीस नं.४९२ मा पनि वर्णित छ )

तसर्थ यदि यस्तो गर्ने मान्छे यो विश्वास राख्दछ कि यी समस्त कुराहरू आफै हानि अथवा लाभ पुऱ्याउँछन् त त्यसले शिर्के अक्बर ( ठूलो शिर्क) गऱ्यो । र यदि त्यसको यो आस्था छ कि यो आफै हानि अथवा लाभ पुऱ्याउँदैन तर हानि लाभको माध्यम अवश्य हो, त यस्तो आस्था राख्ने मान्छेले शिर्के अस्गर (सानो शिर्क) अवश्य गऱ्यो, किनकि अल्लाहले यसलाई हानि र लाभको माध्यम बनाएकै छैन । र शिर्के अस्गर माध्यमहरूमा सर्वोत्तम तरिकाले पाइन्छ ।

□ पूजा गर्नुमा आढम्बर गर्नु :

सुकर्मका शर्तहरूमध्ये प्रमुख शर्त यो पनि हो कि सुकार्य आडम्बरबाट मुक्त होस्, र सुन्नत अनुकूल पनि होस्, त जसले कुनै कार्य आडम्बरको नीयतले गऱ्यो त्यसले शिर्क गऱ्यो, र त्यसको यो कार्य अस्वीकृत र व्यर्थ भयो, जसरी कि मान्छे मानिसहरूलाई देखाउनको लागि नमाज पढोस् । अल्लाहको फर्मान छ:

﴿إِنَّ ٱلْمُنَٰفِقِينَ يُخَٰدِعُونَ ٱللَّهَ وَهُوَ خَٰدِعُهُمْ وَإِذَا قَامُوٓا۟ إِلَى ٱلصَّلَوٰةِ قَامُوا۟ كُسَالَىٰ يُرَآءُونَ ٱلنَّاسَ وَلَا يَذْكُرُونَ ٱللَّهَ إِلَّا قَلِيلًا ﴿١٤٢﴾﴾ النساء: ١٤٢

अर्थ : मुनाफिक (कप्टीहरू) अल्लाहलाई झुक्याउन खोज्छन् तर उसले तिनीहरूलाई यस झुक्यानको बदला दिनेछ। र जब नमाज पढ्न उभिन्छन् त्यतिखेर अल्छी भई उभिन्छन् अरुलाई देखाउनको लागि मात्र गर्दछन्, र अल्लाहलाई नाममात्रका लागि स्मरण गर्दछन् । ( सूरतुन्निसा १४२ )

यस्तै जसले कुनै पनि सुकार्य यस कारण गरोस् कि त्यो प्रसिद्ध भएर ख्याति प्राप्त गरोस्, र त्यसको सुचर्चा मानिसहरू बीच होस्, त यस्तो मान्छेले पनि शिर्क गऱ्यो, र यस्तो गर्ने मान्छेको लागि दुखद यातनाको चेतावनी हदीसहरूमा आएको छ, जस्तोकि इब्ने अब्बासले वर्णन गरेको हदीसमा छः

" من سمع سمع الله به ومن راءى راءى الله به " رواه مسلم 2289/4.

अर्थ : जसले आढम्बर गऱ्यो त्यसलाई अल्लाह देखाइदिन्छ, र जसले चर्चित हुने उद्देश्यले कार्य गऱ्यो त्यसलाई अल्लाह चर्चित गरिदिन्छ। ( यस हदीसलाई मुस्लिमले ४/२२८९ मा वर्णन गरेका छन् )

र जसले कुनै सुकर्य अल्लाहको निकट्ता र प्रसन्नता पाउने उद्देश्यको साथै मान्छेहरूको निकट्ता वा उनीहरूको प्रशंसा पाउनुको लागि वा उनीलाई देखाउनुको लागि गऱ्यो भने त्यसको यो सुकार्य व्यर्थ भयो, जस्तोकि यस हदीसे कुद्सीमा वर्णित छ कि अल्लाह भन्छः

" أنا أغنى الشركاء عن الشرك، من عمل عملا أشرك فيه معي غيري تركته وشركه " رواه مسلم رقم 2985

अर्थ : म सहभागी ठह्राउनेहरूको सहभागिताबाट मुक्त छु, जसले कुनै कार्यमा पनि मेरोसाथ कसैलाई सहभागी ठह्रायो, त म त्यसलाई र त्यसको सहभागितायुक्त कार्यलाई खेर फालिदिन्छु। (यसलाई मुस्लिमले हदीस नं. २९८५ मा वर्णन गरेका छन् )

र जसले आरम्भदेखि नै मात्र अल्लाहको लागि सुकार्य गर्नुको आरम्भ गऱ्यो तर पछि आएर त्यसमा आडम्बरको पनि मिश्रण गऱ्यो, त यदि त्यस आडम्बरलाई अप्रिय ठानेर त्यसलाई आफ्नो हृदयबाट झिकेर फालिदिन्छ भने त्यसको त्यो सुकार्य दुरुस्त भयो। तर यदि त्यसलाई झिकेन बरु त्यस्तै राख्यो भने अधिकांश विद्हरूको भनाई अनुसार त्यसको यो कार्य नष्ट र व्यर्थ भयो।

□ <u>अपशकुन लिनु</u> : र अपशकुनको बारेमा नै अल्लाहको यो फर्मान छ :

﴿ فَإِذَا جَآءَتۡهُمُ ٱلۡحَسَنَةُ قَالُواْ لَنَا هَٰذِهِۦۖ وَإِن تُصِبۡهُمۡ سَيِّئَةٞ يَطَّيَّرُواْ بِمُوسَىٰ وَمَن مَّعَهُۥٓۗ ﴾ الأعراف: ١٣١

अर्थ : तसर्थ जब तिनीहरूलाई सुख प्राप्त हुन्थ्यो त भन्थे कि हामी यसका हकदार हौं र कष्ट आइपर्दा मूसा (अलैहिस्सलाम) र उनका साथीहरूलाई अलच्छिन् भन्थे । ( सूरतुल् अअ्राफ १३१ )

र अरब बासीहरू जब कुनै कार्य गर्ने इच्छा गर्थे जसरी यात्रा गर्ने ... आदि इच्छा गर्थे, त एउटा चरा लिएर त्यसलाई छाडिदिन्थे, अनि यदि तयो चरा दाहिनेतर्फ उड्थ्यो भने त्यसलाई शुभ मानेर त्यस कार्यलाई गर्थे, र यदि देब्रेतर्फ उड्थ्यो भने अशुभ र अपशकुन मानेर त्यसकार्यलाई गर्नुबाट पन्छिहाल्थे । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्ताखालका समस्त गतिविधिहरूको वास्तविकता र हुकुम यसरी वर्णन गरेका छन्:

" الطيرة شرك " رواه الإمام أحمد 1/389 وهو في صحيح الجامع 3955.

अर्थ : अपशकुन लिनु शिर्क हो । ( यस हदीसलाई अहमदले १/३८९ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. ३९५५ मा पनि वर्णित छ )

र यस कुकर्ममा यो धारणा पनि शम्मिलित छ जुन एकेश्वरवादको विरुद्ध पनि छ र त्यो धारणा हो: केही महिनाहरूलाई अशुभ मान्नु जसरी सफर महिनालाई अशुभ मानेर त्यसमा विवाह नगर्नु, वा यो धारणा राख्नु कि प्रत्येक सप्ताहको बुद्धवारको दिन अपशकुन हुन्छ, वा कुनै अंक जसरी १३ को अंकलाई अशुभ मान्नु, वा कुनै नाम अथवा विशेषतालाई अपशकुन र अशुभ मान्नु, जसरी कि कोही आफ्नो दोकान खोल्नको लागि जाँदैथियो अनि बाटोमा कुनै अन्धोलाई वा कानालाई हेर्‍यो, अनि त्यसलाई अपशकुन मानि त्यहींबाट फर्केर घर आओस् ... आदि ।

त यसखालका समस्त क्रियाकलाप र गतिविधिहरू हराम र अवैध छन्, र यस्ता प्रकारका गतिविधिहरू गर्ने मानिसहरबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले निस्पृहता जनाएका छन् । र इम्रान बिन हुसैन रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" ليس منا من تطير ولا تطير له ولا تكهن ولا تكهن له (وأظنه قال:) أو سحر أو سحر له " رواه الطبراني في الكبير 162/18 انظر صحيح الجامع 5435.

अर्थ : हामीमध्येको त्यो हुनैसक्दैन जुन अपशकुन मानोस् वा त्यसको लागि अपशकुन गरियोस्, वा ज्योतिषीय कार्य गरोस् (पाखण्ड गरोस्) वा त्यसको लागि ज्योतिषीय गतिविधिहरू गरियोस्, र सहाबीको भनाई छ कि मलाई लाग्दछ कि उहाँले यो पनि भन्नु भयो कि: जुन जादू गरोस् वा त्यसको लागि जादू गरियोस् । ( तब्रानीले यस हदीसलाई कबीरको १८/१६२ मा वर्णन गरेका छन्, र हेर्नुस् सहीहुल् जामेअ हदीस नं. ५४३५ )

र जसले पनि यस प्रकारको कुनै पनि कार्य गरोस् त त्यसको कफ्फारह (क्षतिपूर्ति) त्यो कुरो हो जसलाई अब्दुल्लाह बिन उमरले निम्नको हदीसमा वर्णन गरेका छन् उहाँको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من ردته الطيرة من حاجة فقد أشرك قالوا يا رسول الله ما كفارة ذلك قال أن يقول أحدهم: " اللهم لا خير إلا خيرك ولا طير إلا طيرك ولا إله غيرك " رواه الإمام أحمد 220/2 السلسلة الصحيحة 1065.

अर्थ : जस व्यक्तिलाई अपशकुनले कुनै कार्य गर्नुबाट रोकिदेओस् त त्यसले शिर्क गऱ्यो, त सहाबाहरूले भने: हे अल्लाहको रसूल यसको कफ्फारह के हो ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कि मान्छे यो भनोस् कि: हे अल्लाह तिम्रो भलाई बाहेक कतै भलाई छैन, र तिम्रो शकुन बाहेक कुनै शकुन छैन, र तिमी बाहेक कुनै पूजनीय छैन ।

( यस हदीसलाई इमाम अहमदले २/२२० मा वर्णन गरेका छन्, र यो हदीस सिलसिलतुस्सहीहाको हदीस नं. १०६५ मा पनि छ )

र अपशकुन मान्छेको बानीबेहोराले गर्दा कसैमा कम त कसैमा अधिक हुन्छ, त यसको सर्वोत्कृष्ट उपचार हो: अल्लाहमाथि पूर्णतया भरोसा राख्नु, जस्तोकि इब्ने मसऊदको कथन छ:

" وما منا إلا (أي: إلا ويقع في نفسه شئ من ذلك) ولكن الله يذهبه بالتوكل " رواه أبو داود رقم 3910 وهو في السلسلة الصحيحة 430.

अर्थ : हामीमध्ये यस्तो कोही पनि छैन जसमा अलिकति पनि अपशकुन नहोस्, तर यसलाई अल्लाहमाथि भरोसा गर्ने कर्मले नष्ट गरिदिन्छ । ( यस हदीसलाई अबू दाऊदले हदीस नं. ३९१० मा वर्णन गरेका छन्, र यो हदीस सिलसिलतुस्सहीहाको हदीस नं. ४३० मा पनि वर्णित छ )

□ अल्लाह बाहेकको शपथ लिनु: अल्लाह आफ्नो सृष्टिमध्ये जसको चाहन्छ शपथ लिन्छ, तर सृष्टिको लागि यो जायज छैन कि अल्लाह बाहेक कसैको शपथ खाओस्, जसरी कि अधिकांश मानिसहरू अल्लाह बाहेकको कसम खाँदै रहन्छन् । र शपथ लिनुमा जसको शपथ लिइन्छ त्यसको महानतालाई दर्शित गर्छ, यसर्थ अल्लाह बाहेक कसैको शपथ लिनु उचित छैन, जस्तोकि इब्ने उमरको हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" ألا إن الله ينهاكم أن تحلفوا بآبائكم من كان حالفا فليحلف بالله أو ليصمت " رواه البخاري انظر الفتح 11/530.

अर्थ : खबरदार ! नि:सन्देह अल्लाह तिमीहरूलाई तिमीहरूका बुवा बाजेहरूको शपथ लिनुबाट मनाही गरेको छ, यसर्थ जसलाई शपथ लिनु आवश्यक छ भने अल्लाहको शपथ लेओस् वा चुप लागेर बसोस् । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतुल् बारी ११/५३० )

र इब्ने उमरको आर्को हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من حلف بغير الله فقد أشرك " رواه الإمام أحمد 125/2

انظر صحيح الجامع 6204.

अर्थ : जसले अल्लाह बाहेकको शपथ खायो त्यसले शिर्क गऱ्यो । ( यस हदीसलाई इमाम अहमदले २/१२५ मा वर्णन गरेका छन्, र हेर्नुस् सहीहुल् जामेअ् हदीस नं. ६२०४ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من حلف بالأمانة فليس منا " رواه أبو داود 3253 وهو في

السلسلة الصحيحة رقم 94.

अर्थ : जसले अमानत (धरोहरता) को कसम खायो त्यो हामीमध्येको होइन । ( यस हदीसलाई अबू दाऊदले हदीस नं. ३२५३ मा वर्णन गर्नु भएको छ, र यो हदीस सिलसिलतुस्सहीको हदीस नं. ९४ मा पनि वर्णित छ )

यसर्थ नत कअ्बाको शपथ लिनु जायज छ नत नासो धरोहरता र सहायताको, नत कसैको सम्मान र प्रतापको शपथ लिनु जायज छ, नत कुनै नबी अथवा वलीको प्रतापको शपथ, नत बाबु बाजेको शपथ जायज छ नत आमाहरूको, नत सन्तानहरूको टाउकोको शपथ जायज छ नत अरु कसैको । त यी समस्त कसमहरू हराम छन् त जुन व्यक्ति यसमा परोस् त यसको कफ्फारह हो लाइलाहा इल्लल्लाह भन्नु, जस्तोकि हदीसमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من حلف فقال في حلفه باللات والعزى فليقل لا إله إلا الله..

" رواه البخاري فتح 536/11

अर्थ : जुन मान्छेले शपथ खायो अनि आफ्नो शपथमा भन्यो लात र उज्जाको शपथ (अरबका दुई मूर्तिहरूको नाम हो), त त्यसलाई चाहियो कि लाइलाहा इल्लल्लाह भनोस् । ( यस हदीसलाई बुखारीले वर्णन गरेका छन्, फतुहुल बारी ११/५३६ )

र यसै सन्दर्भमा केही वर्जित र बहुदेववादीय शब्दहरू पनि छन् जसलाई मुसलमानहरू भन्दै रहन्छन् जसरी : म अल्लाह र तिम्रो श्रण चाहन्छु । म अल्लाह र तिमीमाथि भरोसा गरें । यो अल्लाह र तिम्रोतर्फबाट हो । मेरो सहायक अल्लाह र तपाई हुनुहुन्छ । मेरो लागि धरतीमा तपाई हुनुहुन्छ र आकाशमा अल्लाह । यदि अल्लाह र फलाना नभएको भए ... । हाय समयको विनाश.... र ती समस्त वाक्यहरू जसद्वारा समय र कालचक्रलाई गाली गरिन्छ जसरी: यो अशुभ घडी हो, समय गद्दार छ ... आदि । र यो यस कारण हराम छ किनकि समय र कालचक्र हामी झैं एउटा सृष्टि हो, यसर्थ त्यसलाई गाली गरेमा अल्लाहलाई गाली गरे सरह छ किनकि अल्लाहले नै त्यस समयलाई चक्रित र गतिशील गरेको छ । र यस्तै ती समस्त नामहरू जसद्वारा अल्लाह बाहेकको पूजनीयता र भक्तिलाई बोध गर्छ जसरी: अब्दुल मसीअ, अब्दुन्नबी, अब्दुर्रसूल, अब्दुल हुसैन ... आदि ।

र यस्तै वर्तमानका केही नवीन र आधुनिक वाक्यहरू पनि जुन एकेश्वरवाद विरुद्ध छन् जसमध्ये केही निम्न हुन्: “इश्तेराकियतुल् इस्लाम”, अर्थात इस्लामको समानता, र “इस्लामको गणतन्त्र”, र “सम्प्रदायको चाहना अल्लाहको चाहना हो”, र “धर्म अल्लाहको र देश सबैको”, “सम्प्रदायको नाममा”, र प्रतिकारको नाममा ....आदि ।

र यस्तै वर्जित शब्दहरूमध्ये राजाहरूको लागि महाराजा ( राजाहरूको राजा) जस्ता शब्द र वाक्यहरू पनि हुन्, जसरी कुनै मानवको लागि न्यायकर्ताहरूको न्यायकर्ता वाक्य प्रयो गर्नु, र यस्तै कसैको लागि (सैयद) स्वामी शब्द प्रयोग गर्नु, वा जुन शब्द यस अर्थलाई बोध गरोस् त्यसलाई कुनै मानवको लागि प्रयोग गर्नु, र यी शब्द र वाक्यहरू चहे अरबी भाषामा प्रयोग गरियोस् वा कुनै अरु भाषामा सबैको हुकुम एकनास छ ।

यस्तै यदि शब्दको प्रयोग जुन पछुतो, आकांक्षा, र अफशोचको अर्थलाई बोध गर्छ र शैतानको कौतुहलताको मार्गलाई खोल्दछ, जसरी यो भन्नु किः हे अल्लाह यदि तिमी चाह त मलाई क्षमा गरिदेऊ । (र यदि यसबारे अधिक जानकारी चाहिन्छ भने हेर्नुस: मुअ्जमुल मनाहिल् लफजीया लेखक: बकर अबू जैद ) ।

# कपटी र कुकर्मीहरूसित परिचय प्राप्त गर्नुको लागि वा उनीलाई आफ्नो परिचय दिनुको लागि उनीसित मिलेर बस्नु

कतिपय मानिसहरू जानिबुझिकन् पापी कुकर्मी र दोषी अपराधीहरूसंग बस्छन्, र उनीहरूसित व्यवहार बढाउँछन्, बरु कहिलेकाहिँ यस्ता मान्छेहरूसँग बस्छन् जुन अल्लाहको धर्ममाथि टिप्पणी गर्छन्, र त्यसका निर्देशन र विधान एवं मित्रहरूको उपहास गर्छन् । त यी यस्ता कार्यहरू हुन् जुन निःसन्देह वर्जित छन्, र यी आस्थालाई अपूर्ण कलंकित र विकारयुक्त गरिदिन्छन्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَإِذَا رَأَيْتَ ٱلَّذِينَ يَخُوضُونَ فِىٓ ءَايَٰتِنَا فَأَعْرِضْ عَنْهُمْ حَتَّىٰ يَخُوضُوا۟ فِى حَدِيثٍ غَيْرِهِۦ ۚ وَإِمَّا يُنسِيَنَّكَ ٱلشَّيْطَٰنُ فَلَا تَقْعُدْ بَعْدَ ٱلذِّكْرَىٰ مَعَ ٱلْقَوْمِ ٱلظَّٰلِمِينَ ﴿٦٨﴾ ﴾ الأنعام: ٦٨

अर्थ : र जब तपाईले यस्ता मानिसहरूलाई देख्नुहुन्छ जो हाम्रा आयतहरूको बारेमा अनर्गल बक्वास गरिराखेका छन् भने तिनीहरूबाट अलग भइहाल्नुस्, यहाँसम्म कि तिनीहरू अरु कुरामा व्यस्त भइहालुन् । र यदि शैतानले यो कुरा तपाईलाई विर्साइदिन्छ भने याद भए पछि अपराधीहरूको साथमा नबस्नुस् । ( सूरतुल् अन्आम ६८ )

यसर्थ यस्ताखालका मान्छेहरूको संगत अख्तियार गर्नु हराम छ, चाहे यी मान्छेहरू निकट्तम आफन्ती किन नहोउन्, र उनीहरूको व्यवहार राम्रो र स्वर मिठो किन नहोस्, ती मान्छेहरू बाहेक जसलाई त्यो सुमार्गतर्फ आमन्त्रित गर्ने इच्छा राख्दछ, वा तिनीहरूको यस अवैध कार्यको विरोध गर्ने मनसाय होस्, वा उनीलाई चेतना दिने अभिप्रयाय होस् । तर त्यसका गतिविधिमाथि राजी हुनु र त्यसमा चुप लागेर त्यससँग बस्नु जायज छैन । अल्लाहको फर्मान छः

﴿ فَإِن تَرۡضَوۡاْ عَنۡهُمۡ فَإِنَّ ٱللَّهَ لَا يَرۡضَىٰ عَنِ ٱلۡقَوۡمِ ٱلۡفَٰسِقِينَ ٩٦ ﴾ التوبة: ٩٦

अर्थ : यदि तपाईं उनीसँग खुशी भए पनि अल्लाह कदापि यस्ता “फासिक्” अवज्ञाकारी मान्छेहरूसँग खुशी हुँदैन । ( सूरतुत्तौबा ९६ )

# नमाजमा शान्ति श्रद्धालाई त्याग्नु

चोरीहरूमध्ये सर्वोत्कृष्ट अपराध र दोष नमाजबाट चोरी गर्नु हो, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" أسوأ الناس سرقة الذي يسرق من صلاته قالوا يا رسول الله: وكيف يسرق من صلاته قال: لا يتم ركوعها ولا سجودها "

رواه الإمام أحمد 310/5 وهو في صحيح الجامع 997.

अर्थ : चोरहरूमध्ये सबैभन्दा नराम्रो चोर त्यो हो जुन आफ्नो नमाजबाट चोरी गरोस्, त सहाबाले भनेः हे अल्लाहका रसूल ! मान्छे आफ्नो नमाजबाट कसरी चोरी गर्छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यो यसरी कि त्यो आफ्नो नमाजको रुकूअ् र ढोगलाई पूर्ण तरिकाले गर्दैन । ( यस हदीसलाई इमाम अहमदले ५/३१० मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअ्मा पनि वर्णित छ हदीस नं. ९९७ )

अब चाहे मान्छे आफ्नो पिठ्युँलाई रुकूअ अथवा ढोग गर्दा राम्ररी नझुकाओस् वा त्यसबाट उठ्दा राम्ररी सोझो नपारोस् वा दुवै ढोग बीच बस्दा शान्तिको साथ नबसोस् ... आदि । त यी सबैलाई त्याग्नु यसको चोरीमा नै आउँछ । र यसमा अधिकांश नमाजीहरू लिप्त देखिन्छन्, बरु यस्तो कुनै मस्जिद हुँदैन कि जसमा यसको उदाहरण नमिलोस् ।

र शान्ति नमाजको आधारहरूमध्ये एउटा आधार हो, जसलाई नगरिकन् नमाज पूर्ण हुँदैन । र शान्तिलाई त्याग्नु अति घातक कुरो हो किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" لا تجزئ صلاة الرجل حتى يقيم ظهره في الركوع والسجود" رواه أبو داود 533/1 وهو في صحيح الجامع 7224.

अर्थ : मान्छेको नमाज तबसम्म अपूर्ण नै रहन्छ जबसम्म त्यो आफ्नो पिठ्युँलाई रुकूअ् र ढोगगर्दा राम्ररी सोझो र बराबर नगरोस् । ( यस हदीसलाई अबू दाऊदले १/५३३ मा वर्णन गरेका छन् र यो सहीहुल् जामेअ्को हदीस नं. ७२२४ मा पनि वर्णित छ )

र यसमा कुनै सन्देह छैन कि यो अमान्य र नराम्रो कार्य हो जसलाई गरेमा मान्छेलाई सावधान गरिन्छ । र अबू अब्दुल्लाह अल् अश्अरीद्वारा वर्णित छ कि:

"صلى رسول الله صلى الله عليه وسلم بأصحابه ثم جلس في طائفة منهم فدخل رجل فقام يصلي فجعل يركع وينقر في سجوده فقال النبي صلى الله عليه وسلم: " أترون هذا ؟ من مات على هذا مات على غير ملة محمد ينقر صلاته كما ينقر الغراب الدم، إنما مثل الذي يركع وينقر في سجوده كالجائع لا يأكل إلا التمرة والتمرتين فماذا تغنيان عنه " رواه ابن خزيمة في صحيحه 332/1 وانظر صفة صلاة النبي للألباني 131

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो साथीहरूसँग नमाज पढनु भयो, अनि केहीजनाको साथ बस्नु भयो, अनि एउटा मान्छे मस्जिदमा प्रवेश गऱ्यो र नमाज पढन् थालयो, अनि त्यसले रुकूअ् र ढोग कागले चारा खाने अवस्था झैं गर्न थाल्यो, त नबी सल्लल्लाहो अलैहे वसल्लमले भननु भयो: के तिमीहरू यसलाई हेरिरहेका छौ ? जुन व्यक्ति पनि यसै जस्तो नमाज पढ्यो अनि त्यसको मृत्यु त्यसैमा भयो भने त्यो मुहम्मदको धर्ममा मरेन किनकि त्यो नमाजमा यसरी चोँच मारिरहेको छ जसरी काग रगतमाथि चोंच मार्छ, त यसको उदाहरण त्यस भोको मान्छे झैं छ जुन एक वा दुई खजूर मात्रे खान्छ जुन त्यसलाई कुनै लाभ पुऱ्याउँदैन । ( यसलाई इब्ने खुजैमाले आफ्नो सहीहमा १/३३२ अन्तर्गत वर्णन गरेका छन्, र हेर्नुस्: सिफ्तु सलातिन्नबी लिल् अल्बानी पे. १३१ )

وعن زيد بن وهب قال رأى حذيفة رجلا لا يتم الركوع والسجود قال: "ما صليت ولو مت مت على غير الفطرة التي فطر الله محمدا صلى الله عليه وسلم" رواه البخاري انظر الفتح 274/2.

र जैद बिन वहबको वर्णन छ कि हुजैफाले एउटा मान्छेलाई हेर्नु भयो जुन रुकूअ र ढोगलाई पूर्णरूपले गरिरहेको थिएन त उहाँले भन्नु

भयो: तिमीले नमाज पढेनौं, र यदि तिम्रो मृत्यु यस्तै अवस्थामा भयो भने तिमी रसूल सल्लल्लाहो अलैहे वसल्लम जुन धर्ममाथि कार्यरत थिए त्यस धर्म बाहेक कुनै अन्यधर्ममा मर्नेछौ । ( यस हदीसलाई बुखारीले वर्णन गरेका छन् हेर्नुस् फतहुल् बारी २/२७४ )

र जुन मान्छे नमाजमा शान्तिलाई भंग गर्छ र शान्ति श्रद्धालाई अपनाउँदैन, त यस्तो मान्छेको लागि आवश्यक छ कि जब त्यसलाई यसको ज्ञान भयो त जुन अनिवार्य नमाजको समय होस् त्यसलाई पुन: पढोस्, र जुन नमाजहरू बितिसकेका छन् त्यसको बारेमा अल्लाहसित क्षमायाचना गरोस् । र त्यसमाथि विगतका नमाजहरूलाई पुन: पढनु अनिवार्य छैन जस्तोकि यसमाथि त्यो हदीस प्रमाणीकरण गर्छ जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका थिए फेरि गएर नमाज पढ, किनकि तिमीले नमाज पढेनौ ।

# नमाजमा अनावश्यक हिलडुल गर्नु

त अनावश्यक हिलडुल गर्नुको रोग अधिकांश नमाजीहरूलाई लागेको हुन्छ, र जुन मानिसहरू पनि यस्तो गरिरहेका छन् उनी सबै अल्लाहको यस फर्मानको अनुपालन गरिरहेका छैनन् :

﴿ وَقُومُواْ لِلَّهِ قَٰنِتِينَ ﴾ البقرة: ٢٣٨

अर्थ : र अल्लाहको अगाडि श्रद्धा आदरको साथ उभिने गर । ( सूरतुल् बकर: २३८ )

नत अल्लाहको यस कथनलाई नै बुझ्दछन् :

﴿ قَدۡ أَفۡلَحَ ٱلۡمُؤۡمِنُونَ ١ ٱلَّذِينَ هُمۡ فِي صَلَاتِهِمۡ خَٰشِعُونَ ٢ ﴾

المؤمنون: ١ - ٢

अर्थ : नि:सन्देह ईमानवालाहरू सफल भइहाले, जसले आफ्नो नमाज़मा विनम्रता अपनाउँछन् । ( सूरतुल् मुमिनून १,२ )

र जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित ढोगको अवस्थामा ढोग गर्ने ठाउँमा भएको माटोलाई बराबर गर्नुको बारेमा सोधियो त उहाँले भन्नु भयो:

" لا تمسح وأنت تصلي فإن كنت لا بد فاعلا فواحدة تسوية الحصى " رواه أبو داود 1/581 وهو في صحيح الجامع 7452.

अर्थ : नमाजको अवस्थामा त्यसलाई नगर, र यदि त्यस्तो गर्नु आवश्यक नै होस् भने एकचोटि ससाना ढुङ्गालाई हटाउन सक्दछौ । ( अबू दाऊद १/५८१, र यो हदीस सहीहुल् जामेअ्मा पनि छ हेर्नुस् हदीस नं. ७४५२ )

र विद्हरूको भनाई छ कि नमाजमा अनावश्यक हिलडुल गर्नु नमाजलाई भंग गरिदिन्छ । त कसरी मान्छेहरू आफ्नो नमाजमा अल्लाहको अगाडि उभेर पनि कोही आफ्नो घडीलाई हेर्छ त कोही आफ्नो लुगा दुरुस्त गर्छ, त कोही आफ्नो औंलालाई नाकमा हाल्दछ, त कोही दायाँ बायाँ र आकाशतर्फ हेर्छ, र त्यो डर मान्दैन कि त्यसलाई अन्धो नबनाइयोस् वा शैतान त्यसको नमाजबाट आफ्नो अंश नचरोस् ।

# जानिबुझिकन् नमाजमा मुक्तदीले इमामभन्दा जल्दबाजी र हतार गर्नु

मानव प्रकृतिक तौरले जल्दबाज हुन्छ जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَكَانَ ٱلۡإِنسَٰنُ عَجُولٗا ۝١١ ﴾ الإسراء: ١١

अर्थ : र मानिस छदैछ हतार गर्ने प्राणी । ( सूरतुल् इस्रा ११ )

र नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"التأني من الله والعجلة من الشيطان" رواه البيهقي في السنن الكبرى 104/10 وهو في السلسلة 1795.

अर्थ : भद्रता अल्लाहको तर्फबाट र हतार शैतानको तर्फबाट हुन्छ। ( यसलाई बैहकीले सुननुल् कुब्राको १०/१०४ मा वर्णन गरेका छन्, र यो हदीस सिलसिलतुस्सहीहामा पनि छ हदीस नं. १७९५ )

र अधिकांश नमाजहरूमा मान्छे आफू दायाँ बायाँ भएका मान्छेहरूलाई वा स्वयम् आफैलाई हेर्छ कि कहिलेकाहिँ इमामभन्दा अगाडि नै रुकूअ् अथवा ढोग गरिहाल्छ, र यस्तै तक्बीरहरूमा पनि, यहाँसम्म कि सलाम फेर्नुमा पनि इमामभन्दा हतार गरिहाल्छ। र यस्तो गर्नुलाई मान्छेहरू कुनै दोष मान्दैनन्, तर यस्तो गर्ने मान्छेहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले सख्त चेतावनी दिएका छन्, जस्तोकि उहाँको फर्मान छः

" أما يخشى الذي يرفع رأسه قبل الإمام أن يحول الله رأسه رأس حمار " رواه مسلم 1/320-321 .

अर्थ : के त्यो मान्छे यस कुराबाट डर मान्दैन जुन इमामभन्दा अगाडि नै आफ्नो टाउको उठाइहाल्छ कि त्यसको टाउकोलाई अल्लाह गद्हाको टाउकोमा परिणत गरिदिउन् । ( यस हदीसलाई मुस्लिमले १/३२०-३२१ मा वर्णन गरेका छन् )

र जब कुरो यस्तो छ कि नमाजीलाई यो आदेश छ कि नमाजको लागि शान्ति सदभाव र विनम्रताको साथ आओस्, त नमाजभित्रका

आनिवार्य क्रियाकलापको के हुकुम हुन्छ आफै विचार गर्नुस् ? र कतिपय मानिसहरू इमामभन्दा अघि र पछि गर्दैगर्छन् त यस्ता मानिसहरूका यी क्रियाकलापहरूको लागि विद्हरूले एउटा विधि बनाएका छन् कि जब इमाम तक्बीर भनेर टुङ्ग्याओस् तब मुक्तदी ( इमामको पछाडि नमाज पढ्ने व्यक्ति) हिलडुल गर्नु आरम्भ गरोस्, अर्थात जब अल्लाहु अक्बरको “र” इमाम भनिसकोस् त मुक्तदी गतिशील होस्, त यसभन्दा नत हतार गरोस् नत विलम्ब नै गरोस्, र यस्तो गर्नाले यस समस्याको समाधान भइहाल्दछ ।

र रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू उहाँ सल्लल्लाहो अलैहे वसल्लमभन्दा हतार गर्ने कुरामा अति सावधानी अपनाउँथे । हजरत बराअ् बिन आजिबको वर्णन छ कि:

"إنهم كانوا يصلون خلف رسول الله صلى الله عليه وسلم فإذا رفع رأسه من الركوع لم أر أحدا يحني ظهره حتى يضع رسول الله صلى الله عليه وسلم جبهته على الأرض ثم يخر من وراءه سجدا" رواه مسلم رقم 474 ط. عبد الباقي.

अर्थ : उनीहरू (सहाबाहरू) रसूल सल्लल्लाहो अलैहे वसल्लमको पछाडि नमाज पढ्थे त जब रसूल सल्लल्लाहो अलैहे वसल्लम रुकूअ्बाट उठ्थे त हामीमध्ये कोही रसूल सल्लल्लाहो अलैहे वसल्लमको पिठ्युँलाई झुकाउने क्रमलाई हेर्नसक्दैन्थ्यो यहाँसम्म कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम ढोगमा आफ्नो निधारलाई धरतीमा राखिदैन्थे, अनि उनी पश्चात सबै ढोग गर्थे । ( यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् हदीस नं. ४७४, अब्दुल बाकीको संकलन )

र जब रसूल सल्लल्लाहो अलैहे वसल्लम अलि वृद्ध अवस्थामा पुगे र उहाँको गतिमा त्यति तीव्रता रहेन त उहाँले भन्नु भयो:

"يا أيها الناس إني قد بدنت فلا تسبقوني بالركوع والسجود.."

رواه البيهقي 2/93 وحسنه في إرواء الغليل 2/ 290،

अर्थ : हे मानिसहरू ! मेरो शरीर मोटो भइहालेको छ तसर्थ मभन्दा अगावैं रुकूअ् र ढोग नगर्नुहोला ... । ( यसलाई बैहकीले २/९३ मा

वर्णन गरेका छन्, र इरवाउल् गलीलको २/२९० मा यसलाई सही भनिएको छ )

र इमाममाथि यो अनिवार्य छ कि त्यो तक्बीर भन्दा सुन्नत बमोजिम कार्य गरोस् जस्तोकि यसको व्याख्या अबू हुरैरहको हदीसमा यसरी वर्णित छ:

"كان رسول الله صلى الله عليه وسلم إذا قام إلى الصلاة يكبر حين يقوم ثم يكبر حين يركع.. ثم يكبر حين يهوي ثم يكبر حين يرفع رأسه ثم يكبر حين يسجد ثم يكبر حين يرفع رأسه ثم يفعل ذلك في الصلاة كلها حتى يقضيها ويكبر حين يقوم من الثنتين بعد الجلوس" رواه البخاري رقم 756 ط. البغا

अर्थ : जब रसूल सल्लल्लाहो अलैहे वसल्लम नमाजको लागि उभ्थे त उभे बित्तिकै तक्बीर भन्थे, र रुकूअ्गर्दा पनि तक्बीर भन्थे, अनि रुकूअबाट उठदा पनि तक्बीर भन्थे, अनि ढोगगर्दा पनि तक्बीर भन्थे, र ढोगबाट उठ्दा पनि तक्बीर भन्थे, र यस्तै आफ्नो पूर्ण नमाजमा गर्थे यहाँसम्म कि नमाजलाई सम्पन्न गरिहाल्थे, र यस्तै दोस्रो रक्अतको बैठक पश्चात जब उभ्थे तब पनि तक्बीर भन्थे । ( यसलाई बुखारीले हदीस नं. ७५६ मा वर्णन गरेका छन्, अल् बगाको संकलन )

त जब इमाम आफ्नो गतिको साथ तक्बीर भन्छ र मुक्तदीहरू त्यसमा त्यसको अनुशरण गर्नुमा प्रतिबद्धता देखाउँछन् त सबैको सामूहिक नमाज शुद्ध भइहाल्छ ।

# मस्जिदमा प्याज लहसुन .. आदि जसमा दुर्गन्ध हुन्छ त्यसलाई प्रयोग गरेर आउनुको हुकुम

अल्लाहको फर्मान छ:

﴿ يَٰبَنِيٓ ءَادَمَ خُذُواْ زِينَتَكُمۡ عِندَ كُلِّ مَسۡجِدٖ ﴾ الأعراف: ٣١

अर्थ: हे आदमको सन्तति प्रत्येक नमाजको बेला तिमीहरू राम्रो सँग लुगा लगाउने गर। (श्रृंगार गरेर आउने गर) ( सूरतुल् अअ्राफ ३१ )

र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من أكل ثوما أو بصلا فليعتزلنا أو قال: فليعتزل مسجدنا وليقعد في بيته " رواه البخاري انظر الفتح 339/2، وفي رواية لمسلم " من أكل البصل والثوم والكراث فلا يقربن مسجدنا فإن الملائكة تتأذى مما يتأذى منه بنو آدم " رواه مسلم 395/1.

अर्थ : जसले लहसुन अथवा प्याज खाएको होस् त्यो हामीबाट दूर रहोस् वा भनेः हाम्रो मस्जिदबाट टाढा रहोस्, र आफ्नो घरमै बसिराखोस्। ( यसलाई बुखारीले वर्णन गरेका छन् हेर्नुस् फतहुल् बारी २/३३९ )

र मुस्लिममा आर्को हदीस छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जसले मुला प्याज र लहसुन खाएको होस् त्यो हाम्रो मस्जिद निकट नआओस् किनकि स्वर्गदूत (फरिश्ता) हरूलाई पनि त्यसैबाट कष्ट पुग्दछ जसबाट मानवहरूलाई कष्ट पुग्दछ। ( यसलाई मुस्लिमले १/३९५ मा वर्णन गरेका छन् )

र उमर बिन खत्ताब रजिअल्लाहो अन्होले खुत्बा दिदै भन्नु भयो:

" ثم إنكم أيها الناس تأكلون شجرتين لا أراهما إلا خبيثتين: هذا البصل والثوم لقد رأيت رسول الله صلى الله عليه وسلم إذا

وجد ريحهما من الرجل في المسجد أمر به فأخرج إلى البقيع فمن أكلها فليمتهما طبخا " رواه مسلم 1/396.

अर्थ : तिमी हे मानिसहरू ! दुईटा यस्ता रुख (बनस्पति) खान्छौ जसलाई म घृणित ठान्दछु जुन हो: प्याज र लहसुन, र मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई हेरको छु कि जब उनी कुनै व्यक्तिबाट मस्जिदमा यी दुवैका दुर्गन्ध पाए त त्यसलाई मस्जिदबाट निस्कने आदेश गरे, अनि त्यो बकीअ्तिर गयो, यसर्थ जसलाई यसलाई खानु नै छ त्यो यसलाई पकाएर खाओस् । ( मुस्लिमले यस हदीसलाई १/३९६ मा वर्णन गरेका छन् )

र यसै हुकुममा ती मानिसहरू पनि छन् जुन परिश्रम गरे पश्चात स्वच्छ नभइकन् मस्जिदमा प्रवेश गर्छन्, अनि उनीहरूको शरीरबाट बास र दुर्गन्ध आउँछ । र यस्ता खालका मान्छेहरूमध्ये ती मानिसहरू अति घृणित छन् जुन धम्रपान गरेर मस्जिदमा प्रवेश गर्छन्, अनि नमाज पढने अल्लाहका भक्तहरू र फरिश्ताहरूलाई दु:ख र कष्ट दिन्छन् ।

## व्यभिचार

जब इस्लामीय विधानको मूल उद्देश्यमध्ये इज्जत र मानमर्यादा एवं सम्मान र वशंको रक्षा पनि हो, त यसै कारण इस्लामले व्यभिचारलाई वर्जित गरिदिएको छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَلَا تَقۡرَبُواْ ٱلزِّنَىٰٓۖ إِنَّهُۥ كَانَ فَٰحِشَةٗ وَسَآءَ سَبِيلٗا ٣٢ ﴾ الإسراء: ٣٢

अर्थ : खबरदार व्यभिचारतिर कदापि नलाग, किनभने त्यो ठूलो निर्लज्जता र धेरै नराम्रो बाटो हो । ( सूरतुल् इस्रा ३२ )

बरु इस्लामीय विधानले ती समस्त माध्यमहरूलाई बन्द गरिदिएको छ जसको माध्यमले यससम्म पुग्न सकिन्छ, यसर्थ पर्दा गर्ने आदेश गऱ्यो, र दृष्टिलाई तल राख्ने आदेश गऱ्यो, र अपरिचित युवतीहरूसंग एकान्तमा जानुबाट रोक्यो..... आदि ।

र इस्लाममा विवाहित व्यभीचारीको लागि निकृष्टतम दण्ड तोकिको छ, र त्यो हो ढुँगाले हानि हानि बध गर्ने दण्ड, ताकि त्यो आफ्नो दोषको परिपूर्ण मजा चाखोस्, र त्यसको शरीरका समस्त अंगहरू उस्तै दण्डको स्वाद चाखुन् जसरी व्यभिचारबाट स्वाद चाखेका थिए । र अविवाहित व्यभिचारीलाई इस्लामले तोकेको सबैभन्दा अधिकतम कोर्रा हानिन्छ र त्यसको संख्या हो १०० कोर्रा, त्यस अवहेलनाको साथै जुन त्यसलाई एक वर्षको लागि देश निकाला गरे पश्चात सबै मानिसहरूद्वारा मिल्छ ।

र व्यभिचारीहरूको लागि वर्जखीय जीवनमा (मृत्यु पश्चातको जीवनमा) एउटा आगोको भठ्ठी (तन्नूर) हुन्छ जसको माथिल्लो भाग संकुचित हुन्छ र तल्लो भाग फराकिलो हुन्छ, जसमा आगो सल्काइन्छ, अनि यी व्यभिचारीहरू त्यसमा नंग्न अवस्थामा कानै च्यात्ने स्वरमा चिचाउने छन्, र जबसम्म त्यस आगोलाई निमाइदैन त्यस्तै चिचाइरहने छन्, र यस्तै दण्ड उनीहरूलाई प्रलय घणित नहुन्जेल दिइन्छ ।

र यो अति घृणित र लज्जित गर्ने कुरो हो कि कुनै वृद्ध मानिस जुनकि चिहानको मुहानसम्म पसगिसकेको छ त्यो पनि व्यभिचार गरोस्, र व्यभिचारलाई निरन्तरताले गरिरहोस् । हजरत अबू हुरैरह

रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि:

" ثلاثة لا يكلمهم الله يوم القيامة ولا يزكيهم ولا ينظر إليهم ولهم عذاب أليم: شيخ زان وملك كذاب وعائل مستكبر " رواه مسلم 1/102-103.

अर्थ : तीन प्रकारका मानिसहरू यस्ता छन् जिनसित प्रलयको दिन अल्लाह नत कुरा गर्छन् नत तिनीहरूलाई दोषमुक्त गर्छन् नत तिनीहरूतर्फ दयादृष्टि हाल्छन्, र तिनीहरूको लागि निकृष्टतम् यातना हुनेछ, र ती हुन्: वृद्ध व्यभिचारी, झुट्ठा सम्राट, र अभिमानी भिक्षुक। ( यसलाई मुस्लिमले १/१०२,१०३ मा वर्णन गरेका छन् )

र व्यभिचारबाट कमाएको धन पनि हराम छ, र त्यो व्यभिचारिनी जुन आफ्नो (गुप्तांगलाई विक्री गर्नुमा (देहव्यापारमा) प्रयत्नशील रहन्छे, त्यसको याचनालाई अल्लाह स्वीकार्दैन त्यस समयमा पनि जब रात्रीको तेस्रो पहरमा याचना कबूल गर्ने ढोका खोलिन्छ। यस अर्थलाई स्पष्ट गर्ने हदीस सहीहुल् जामेअ्को हदीस नं. २९७१ मा छ। यसर्थ भुकमरी गरिबी आदि कुनै अवस्था पनि कुनै यस्तो वैधानिक कारण होइन कि त्यसको कारण अल्लाहले निर्धारित गरेका सीमाहरूको अतिक्रमण गरियोस्। र विगतमा भनिन्थ्यो कि एउटी स्वतन्त्र महिला भोकै मरिहालोस् तर आफ्नो स्तनको दूध विक्री नगरोस् अर्थात कसैको बच्चालाई परिश्रमिक लिएर दूध नखुवाओस्, त आफै विचार गर्नुस् कि व्यभिचार गरेर कमाइ गर्नुको के अवस्था हुन्छ !!!

तर वर्तमानकालमा व्यभिचारतिर आकर्षित गर्ने ढोगाहरूलाई खोलियो, र शैतानले स्वयम्को क्षलले र आफ्ना मित्रहरूको माध्यमले समस्त दोषी पापी र वासना पूजारीहरूको लागि यसको मार्ग सुसाध्य गरिदियो, जसलेगर्दा निर्लज्जता र निवस्त्रता सामान्य कुरो भयो, र दृष्टिलाई त्यस्तै चकचकाउँदा छाडियो, र महिला पुरुष एकआर्कासँग समागम भए, र अश्लील पत्रिका र चलचित्रहरू प्रचलित भए, र दोषी व्यभिचारीहरूका देशहरूतिर भ्रमण गर्न थालियो, र व्यभिचार बलात्कार एवं दुराचार र दुष्कर्मको बजार तातियो, र इज्जत सम्मानमाथि

अतिक्रमण गर्न थालियो, र हरामी शिशुहरूको अभिवृद्धि भयो र गर्भमै शिशुलाई मार्न थालियो । तसर्थ हे अल्लाह हामी याचना गर्दछौं कि हामीलाई आफ्नो कृपा र दयाबाट अश्लीलता र कुकर्मबाट सुरक्षा प्रदान गर, र हामी याचना गर्दछौं कि हाम्रा हृदयहरूलाई यस कुकर्मबाट पवित्र गरिदेऊ, र हाम्रा गुप्तांगहरूलाई यसबाट सुरक्षित गरिदेऊ, र हामी एवं कुकर्मीहरू बीच आवरण हालिदेऊ जुन हामीलाई त्यसबाट टाढा गरिदेओस् ।

# अल्लेवात (गुदामैथुन)

लूत अलैहिस्सलामका समुदायका मानिसहरूको जुन जघन्य अपराध थियो त्यो हो पुरुषहरूसित आफ्नो वासनापूर्ति गर्नु पुरुषहरूसित सहवास गर्नु, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَلُوطًا إِذْ قَالَ لِقَوْمِهِۦٓ إِنَّكُمْ لَتَأْتُونَ ٱلْفَٰحِشَةَ مَا سَبَقَكُم بِهَا مِنْ أَحَدٍ مِّنَ ٱلْعَٰلَمِينَ ﴿٢٨﴾ أَئِنَّكُمْ لَتَأْتُونَ ٱلرِّجَالَ وَتَقْطَعُونَ ٱلسَّبِيلَ وَتَأْتُونَ فِى نَادِيكُمُ ٱلْمُنكَرَ ﴾

العنكبوت: ٢٨ - ٢٩

अर्थ : र “लूत” (अलैहिस्सलाम) को पनि वर्णन गर जब उनले आफ्नो समुदायसित भनेः कि तिमीले त्यस्तो व्यभिचार गर्दछौ, जुन तिमीभन्दा पहिला सम्पूर्ण संसारमा कसैले पनि गरेको थिएन । के तिमी (आनन्द प्राप्तिको लागि) पुरुषहरूसँग व्यभिचार गर्दछौ र बाटाहरूलाई बन्द गर्दछौ, र आफ्नो आम सभाहरूमा दुष्कर्म गर्दछौ ? ( सूरतुल् अन्कबूत २८,२९ )

र यस दोषको घृणता र जघन्यता एवं हानिकारकताको कारण यसलाई गर्नेहरू चार प्रकारका यातनाद्वारा समातिए अर्थात दण्डित गरिए जुन चारौं यातना विगतका अरु कुनै समूह र जातिमाथि एकत्रित गरिएन, अर्थात कुनै अरु समूहमाथि एकैचोटि यी चारौं यातना अवतरित गरएको थिएन । र ती चारवटै यातना हुन्ः उनीहरूको आँखालाई नष्ट गरियो, र पृथ्वीलाई उनीहरूमाथि पल्टाइयो, र उनीहरूमाथि नामांकित गरिएको ढुंगाको वर्षा गरियो, र उनीमाथि विशाल हुरी तुफान पठाइयो ।

र यस जघन्य अपराधको दण्ड इस्लामीय विधानमा दुवैलाई अर्थात यस कुकर्मलाई गर्ने र गराउने दुवैलाई तरवारले घाँटी छिनालेर बध गर्नु हो, यदि दुवैले राजी खुशी यस कुकर्मलाई गरेका छन् । हजरत इब्ने अब्बास मरफूअन् ( तयस हदीसलाई भनिन्छ जसको सनद रसूल सल्लल्लाहो अलैहे वसल्लमसम्म पुगोस् ) वर्णन गर्छन् किः

" من وجدتموه يعمل عمل قوم لوط فاقتلوا الفاعل والمفعول به

" رواه الإمام أحمد 1/300 وهو في صحيح الجامع 6565.

अर्थ : जसलाई तिमी गुदामैथुन गर्दा हेर त त्यो कुकर्म गर्ने र गराउने दुवैलाई बध गरिदेऊ । ( यस हदीसलाई इमाम अहमदले आफ्नो मुस्नदको १/३०० मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. ६५६५ मा पनि वर्णित छ )

र वर्तमानकालमा जति पनि घातक सरुवा रोगहरू विस्तृत भएका छन् जुनकि हाम्रा पूर्वजहरूका युगहरूमा थिएनन् ती समस्त यस्तै खालका कुकर्महरूको कारण नै विस्तृत भएका छन्, जसरी एड्स मर्सवाइरस.... आदि जुन मान्छेको ज्यान लिएर नै छाड्छन् । त यस्तो जघन्य अपराधको जुन दण्ड इस्लाले निर्धारित गरेको छ त्यो तत्वदर्शितापूर्ण छ ताकि यस्ता खालका कुकर्महरूद्वारा यस्ता घातक रोगहरू हाम्रो समाजहरूमा उत्पन्न र सृजित नहोस् ।

# बिना कुनै वैधानिक कारण स्वास्नीले आफ्नो लाग्नेसंग सम्भोग गर्नुबाट इन्कार गर्नु

हजरत अबू हुरैरहरजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" إذا دعا الرجل امرأته إلى فراشه فأبت فبــات غضــبان عليها لعنتها الملائكة حتى تصبح " رواه البخاري انظــر الفــتح 6/314.

अर्थ : जब लोग्नेमान्छे आफ्नो श्रीमतीलाई (सहवासको लागि) ओछ्यानतिर बोलाओस् अनि त्यसले (श्रीमतीले) इन्कार गरिदेओस्, अनि त्यसको लोग्ने त्यससित क्रोधित भएर रात्री व्यतीत गरोस्, त स्वर्गदूतहरू त्यस महिलामाथि प्रात:काल नहुन्जेल धिक्कार पठाउँदै रहन्छन् । ( बुखारीले यस हदीसलाई वर्णन गरेका छन्, हेर्नुस् फतहुल बारी ६/३१४ )

र अवस्था यस्तो छ कि अधिकांश महिलाहरू जब उनीहरूको लोग्ने बीच कुनै सानातिना कुरा वा झगडा भइहाल्छ त लोग्नेलाई सम्भोगबाट वंचित गरेर दण्डित गर्छिन्, अनि यसैको कारण अरु समस्याहरू उत्पन्न हुन्छन्, जसरी लोग्ने हराम तरिकाले आफ्नो वासनाको भोक पूर्ण गर्नुतिर लनग्दछ वा कहिलेकाहिँ लोग्नेमान्छे आर्को विवाह गर्नुतर्फ प्रवृत्त भइहाल्छ । यसर्थ स्वास्नीलाई चाहियो कि आफ्नो लोग्नेको आज्ञापालन गर्नुमा शीघ्रता देखाओस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" إذا دعا الرجل امرأته إلى فراشه فلتجب وإن كانت على ظهر قتب " انظر زوائد البزار 2/181 وهو في صحيح الجامع 547

अर्थ : जब लोग्नेमान्छे आफ्नो स्वास्नीलाई ओछ्यानतर्फ बोलाओस् त त्यसलाई आवश्यक छ कि त्यसको आज्ञापालन गरोस् चाहे ऊँटमाथि (कुतुब) हौदजमा किन नबसेको होस् । ( हेर्नुस् जावाइदुल् बज्जार २/१८१, र यो हदीस सहीहुल जामेअमा पनि वर्णित छ हदीस नं. ५४७ )

र हदीसमा वर्णित कुतुब शब्दको अर्थ हो: त्यो काठी वा हौदज जसलाई ऊँटमाथि सवारी गर्नुको लागि राखिन्छ ।

तर लेग्नेमान्छेलाई पनि उचित यो छ कि यदि स्वास्नी विरामी होस् वा गर्भवती होस् वा अरु कुनै कारण होस् त त्यसको ख्याल र ध्यान राखोस् ताकि दुवै बीच मतभेद र बिछोड नहोस् ।

## अकारण महिलाको आफ्नो श्रीमानसित पारपाचुके ( तलाक) माँग्नु

कुनै सानोतिनो कुरा वा झगडा भए बित्तिकै अधिकांश महिलाहरू आफ्नो श्रीमानसित (पारपाचुके) तलाकको माँग गरिहाल्छिन्, वा जब लोग्नेले तिनको माँग अनुसार रुपैयाँ दिदैन त तलाक माँगिहाल्छिन् । तर बतिपय महिलाहरूलाई यस्तो गर्नुको लागि तिनीहरूकी महिला सखी संगातीहरू वा त्यसकी निकट्तम आफन्ती महिलाहरू नै प्रेरणित गर्दछिन । अनि त्यो महिला तिनीहरूको फकाइमा आएर आफ्नो स्वामीलाई हाँक दिदै भन्छे: यदि तिमी सत्यमा पुरुष हौ भने मलाई तलाक दिइहाल ...., र यस जस्ता अरु कुराहरू आफ्नो श्रीमानसित भन्छे जुन त्यसलाई पारपाचुके दिनुमा उत्साहित गरिदिन्छ । र यो त सबैलाई थाहा नै छ कि तलाकद्वारा परिवारमाथि नकारात्मक प्रभाव पर्छ, र यसद्वारा पूर्ण परिवार छिन्न बिन भइहाल्छ, र बच्चाहरू बेघर भइहाल्छन्, र महिला आफ्नो यस कुकर्ममाथि पछुतो पनि गर्छे तर पछुतो तब गर्छे जब पछुतोबाट कुनै लाभ पुग्नसक्दैन ।

र यसै कारण इस्लामले यस्तो कुकर्म गर्नुबाट मनाही गरेको छ, र यसलाई हराम गर्नुमा इस्लामको तत्वदर्शिता प्रदर्शित हुन्छ । सौबान रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" أيما امرأة سألت زوجها الطلاق من غير ما بأس فحرام عليها رائحة الجنة " رواه أحمد 5/277 وهو في صحيح الجامع .2703

अर्थ : जुन महिलाले पनि अकारण आफ्नो श्रीमानबाट पारपाचुकेको माँग गर्छे त त्यसमाथि स्वर्गको सुगन्ध पनि हराम छ । ( यस हदीसलाई अहमदले ५/२७७ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. २७०३ मा पनि वर्णित छ )

र यस्तै उक्बा बिन आमिरले पनि मरफूअन् वर्णन गरेका छन् कि:

" إن المختلعات والمنتزعات هن المنافقات " رواه الطبراني في الكبير 17/339 وهو في صحيح الجامع 1934.

अर्थ : निःसन्देह खुला लिनेवाली (सम्बन्धविच्छेद गराउनेवाली) र तलाकको माँग गर्नेवालीहरू नै वास्तवमा कपटीनीहरू हुन्। ( यसलाई तब्रानीले कबीरको १७/३३९ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. १९३४ मा पनि वर्णित छ )

तर यदि कुनै वैधानिक कारण होस् जसरी लोग्ने नमाज पढ्दैन वा धुम्रपान गर्छ, वा महिलालाई हराम कार्य गर्नुमा बाधित गर्छ, वा त्यसमाथि अत्याचार गर्छ, वा त्यसको वैधानिक हक अधिकार पूर्ण गर्दैन, र त्यसलाई उपदेश लाभ दिइरहेको छैन, त यस्तो अवस्थामा महिला तलाकको माँग गर्नसक्छे, र यस्तो अवस्थामा तलाकको माँग गर्नु त्यसको लागि जायज कुरो हो ताकि आफूलाई र आफ्नो धर्मलाई सुरक्षित राखोस्।

# जेहार

जेहारको अर्थ हो कि: मान्छे आफ्नो स्वास्नीसित यो भनोस् कि तिमी मेरो लागि मेरो आमा वा मेरो बहिनी झैं छौ । र यो अनभिज्ञकालका कुराहरूमध्येको हो जसलाई इस्लामले घृणित ठानेर अमान्य घोषित गरेको छ, र यस्तो भन्नुबाट रोकेको छ किनकि यसद्वारा महिलामाथि अत्याचार गरिन्छ। र यसको बारेमा अल्लाहको फर्मान छ :

﴿ ٱلَّذِينَ يُظَٰهِرُونَ مِنكُم مِّن نِّسَآئِهِم مَّا هُنَّ أُمَّهَٰتِهِمۡۖ إِنۡ أُمَّهَٰتُهُمۡ إِلَّا ٱلَّٰٓـِٔي وَلَدۡنَهُمۡۚ وَإِنَّهُمۡ لَيَقُولُونَ مُنكَرٗا مِّنَ ٱلۡقَوۡلِ وَزُورٗاۚ وَإِنَّ ٱللَّهَ لَعَفُوٌّ غَفُورٞ ۝٢ ﴾ المجادلة: ٢

अर्थ : तिमीहरू मध्ये जसले आफ्ना स्त्रीहरूसंग ज़िहार गरिहाल्छन् ( अर्थात उनीहरूलाई आमा भनिहाल्छन्) तिनीहरू उनीहरूका वास्तविक आमा भइहाल्दैनन् । उनीहरूका आमा त ती नै हुन् जसका पेटबाट उनीहरू जन्मेका छन् । निश्चय नै उनीहरू एउटा अनुचित र असत्य कुरा भन्दछन् (र) अल्लाह बडो दया गर्नेवाला र क्षमाशील छ । ( सूरतुल् मुजादल: २ )

त इस्लामीय विधानले यसलाई "कत्ले खता" अनजानमा बध गरेको कर्म सरह र रमजान महिनाको दिनमा सम्भोग गर्ने दोष सरह ठानेको छ । त जेहार गर्ने मान्छेको लागि पनि उपरोक्तका अपराधका लागि तोकिएको दण्डलाई नै यसको दण्ड तोकेको छ, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَٱلَّذِينَ يُظَٰهِرُونَ مِن نِّسَآئِهِمۡ ثُمَّ يَعُودُونَ لِمَا قَالُواْ فَتَحۡرِيرُ رَقَبَةٖ مِّن قَبۡلِ أَن يَتَمَآسَّاۚ ذَٰلِكُمۡ تُوعَظُونَ بِهِۦۚ وَٱللَّهُ بِمَا تَعۡمَلُونَ خَبِيرٞ ۝٣ فَمَن لَّمۡ يَجِدۡ فَصِيَامُ شَهۡرَيۡنِ مُتَتَابِعَيۡنِ مِن قَبۡلِ أَن يَتَمَآسَّاۖ فَمَن لَّمۡ يَسۡتَطِعۡ فَإِطۡعَامُ سِتِّينَ

مِسۡكِينٗاۚ ذَٰلِكَ لِتُؤۡمِنُواْ بِٱللَّهِ وَرَسُولِهِۦۚ وَتِلۡكَ حُدُودُ ٱللَّهِۗ وَلِلۡكَٰفِرِينَ عَذَابٌ

أَلِيمٌ ﴿٤﴾ المجادلة: ٣ - ٤

अर्थ : जसले आफ्नो स्त्रीहरूलाई आमा भनिहाल्दछन्, अनि आफ्नो भनाईतिर पश्चाताप गर्छन् भने उनीहरू पुनः सहवास गर्नुभन्दा पहिला एउटा दास मुक्त गर्नु अनिवार्य छ । यसबाट तिमीलाई उपदेश गरिन्छ र तिमीले जे गर्दछौ, अल्लाहलाई सबै थाहा छ । हो, जसलाई दास प्राप्त हुँदैन, त्यसले सहवास भन्दा पहिला निरन्तर दुई महिनासम्म व्रत बसोस् र जसलाई यसको पनि सामर्थ्य छैन त, त्यसले साठी (ग़रिब) पराश्रितहरूलाई भोजन गराओस् । यो यसकारण हो ताकि तिमी अल्लाह र उसको रसूलको आज्ञाकारी बन । यी अल्लाहद्वारा निर्धारित सीमाहरू हुन् र नमान्नेहरूको निम्ति कष्टदायक यातना छ । ( सूरतुल् मुजादल: ३,४ )

## रजस्वलाको अवस्थामा महिलासित सहवास गर्नु

अल्लाहको फर्मान छः

﴿ وَيَسۡـَٔلُونَكَ عَنِ ٱلۡمَحِيضِۖ قُلۡ هُوَ أَذٗى فَٱعۡتَزِلُواْ ٱلنِّسَآءَ فِي ٱلۡمَحِيضِ وَلَا تَقۡرَبُوهُنَّ حَتَّىٰ يَطۡهُرۡنَۖ فَإِذَا تَطَهَّرۡنَ فَأۡتُوهُنَّ مِنۡ حَيۡثُ أَمَرَكُمُ ٱللَّهُۚ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلتَّوَّٰبِينَ وَيُحِبُّ ٱلۡمُتَطَهِّرِينَ ٢٢٢ ﴾ البقرة: ٢٢٢

अर्थ : तपाईसित रजस्वला बारे सोध्छन् । भनिदिनु कि त्यो अपवित्र (रक्त) हो । तसर्थ रजस्वलाको समयमा स्वास्नीबाट अलग रहनु र जबसम्म तिनीहरू पवित्र हुँदैनन्, तिनको नजिक (सम्भोगका लागी) नजानु । हो, जब तिनी पवित्र हुन्छन्, तब तिमी उनको नजिक जाउ जुन ठाउँबाट अल्लाहले तिमीलाई जाने आदेश गरेको छ । निःसन्देह अल्लाह क्षमायाचना गर्नेलाई र पवित्र रहनेलाई प्रेम गर्दछ । ( सूरतुल् बकरः २२२ )

त मान्छेको लागि यो जायज छैन कि आफ्नो स्वास्नीसित सम्भोग गरोस् यहाँसम्म कि त्यो रजस्वलाबाट पवित्र भएर स्नान गरेर सफासुग्घर भइहालोस्, जस्तो कि अल्लाहको फर्मान छः

﴿ فَإِذَا تَطَهَّرۡنَ فَأۡتُوهُنَّ مِنۡ حَيۡثُ أَمَرَكُمُ ﴾ البقرة: ٢٢٢

अर्थ : हो, जब तिनी पवित्र भइहाल्छिन्, तब तिमी उनको नजिक जाउ जुन ठाउँबाट अल्लाहले तिमीलाई जाने आदेश गरेको छ । ( सूरतुल् बकरः २२२ )

र यस दोषको गम्भीरता र जघन्यतामाथि रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन पनि प्रमाणीकरण गर्दछः

" من أتى حائضا أو امرأة في دبرها أو كاهنا فقد كفر بما أنزل على محمد " رواه الترمذي عن أبي هريرة 243/1 وهو في صحيح الجامع 5918.

अर्थ : जुन व्यक्ति रजस्वलामा भएकी महिलासित सम्भोग गऱ्यो, वा महिलाको पछिल्लो गुप्ताङ्गमा (गुदामा) सम्भोग गऱ्यो, वा ज्योतिषीको पासमा गयो त्यसले रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरिएको कुराको इन्कार गऱ्यो । ( यसलाई इमाम तिर्मिजीले अबू हुरैरहको माध्यमले १/२४३ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल जामेअ्को हदीस नं. ५९१८ मा पनि वर्णित छ )

त जसले यो अपराध अर्थात रजस्वलाको अवस्थामा अनभिज्ञताले गर्दा सम्भोग गरिहाल्यो त त्यसमाथि कुनै दण्ड जरिवाना छैन, तर जसले यसको जानकारी हुँदा हुँदै यस्तो गरेको छ भने त्यसमाथि कफ्फारह (जरिवाना) छ केही ती विद्हरूको दृष्टिमा जिनको दृष्टिमा कफ्फारहको हदीस सही छ, र त्यो जरिवाना हो एक दिनार वा आधा दिनार (सुनको रुपैयाँ) दान गर्नु छ । र केही विद्हरूको दृष्टिमा यदि त्यसले सम्भोग रजस्वलाको आरम्भिक समयमा गरेको छ भने त्यसमाथि एक दिनार जरिवानाको रूपमा कफ्फारह छ, र यदि सम्भोग रजस्वलाका अन्तिम दिनहरूमा गरेको छ जब रगत कम भइहाल्छ त आधा दिनार जरिवानाको रूपमा कफ्फारह दिनुपर्छ ।

र एक दिनार आजको आधुनिक यन्त्रहरूको हिसाबले ४.२५ ग्राम सुन हुन्छ, त मान्छे चाहे यति सुन दान गरोस् वा त्यसको मूल्यलाई रुपैयाँमा आंकलन गरेर दान गरोस् ।

# महिलाको गुदामा सम्भोग गर्नु

केही यस्ता विलक्षणीहरू जिनका आस्था सुदृढ र परिपक्व हुँदैनन् तिनीहरू आफ्नो आस्थाको कमीलेगर्दा महिलाहरूको गुदामा सम्भोग गर्छन् । र यस्तो गर्नु जघन्य अपराध हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्ने मानिसहरूलाई धिक्कारेका छन् । हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" ملعون من أتى امرأة في دبرها " رواه الإمام أحمد 479/2

وهو في صحيح الجامع 5865.

अर्थ : त्यो व्यक्ति धिक्कृत छ जुन महिलाको गुदामा सम्भोग गरोस् । ( यसलाई इमाम अहमदले २/४७९ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्मा पनि हदीस नं. ५८६५ मा वर्णित छ )

बरु रसूल सल्लल्लाहो अलैहे वसल्लमले त यहाँसम्म भन्नु भएको छ कि:

" من أتى حائضا أو امرأة في دبرها أو كاهنا فقد كفر بما أنزل على محمد " رواه الترمذي عن أبي هريرة 243/1 وهو في صحيح الجامع 5918.

अर्थ : जुन व्यक्ति रजस्वलामा भएकी महिलासित सम्भोग गऱ्यो, वा महिलाको पछिल्लो गुप्ताङ्गमा (गुदामा) सम्भोग गऱ्यो, वा ज्योतिषीको पासमा गयो त्यसले रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरिएको कुराको इन्कार गऱ्यो । ( यसलाई इमाम तिर्मिजीले अबू हुरैरहको माध्यमले १/२४३ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल जामेअ्को हदीस नं. ५९१८ मा पनि वर्णित छ )

तर केही राम्रो स्वभावकी महिलाहरू यस्तो गर्नुबाट इन्कार गरिहाल्छिन् जसको कारण लोग्ने त्यसलाई तलाक दिने धम्की पनि दिन्छ । र कतिपय लोग्नेहरू यसको बारेमा आफ्नो स्वास्नीलाई धोका दिन्छन् यो भनेर कि यस्तो गर्नु हलाल र जायज छ, अनि त्यो स्त्री

यसको बारेमा विद्हरूसित सोध्दैन त्यसको जायज भन्ने कथनले र लज्जालेगर्दा, र त्यो अर्थात लोग्नमान्छे यस कुकर्मको जायज हुनुको प्रमाणमा अल्लाहको यो कथन पनि प्रस्तुत गर्छ :

﴿ نِسَآؤُكُمۡ حَرۡثٞ لَّكُمۡ فَأۡتُواْ حَرۡثَكُمۡ أَنَّىٰ شِئۡتُمۡۖ ﴾ البقرة: ٢٢٣

अर्थ : तिम्रा स्वास्नीहरू तिम्रा खेती हुन्, तसर्थ आफ्ना खेतीमा जुन तरिकाले चाहन्छौं, जाऊ । ( सूरतुल् बकर: २२३ )

र यो थाहै छ कि हदीस कुरआनको व्याख्या हो हदीस नै कुरआनको परिपूर्ण व्याख्या गर्छ, त हदीसमा यो वर्णित छ र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो प्रष्ट पार्नु भएको छ कि मान्छे स्वास्नीसित त्यसको अगाडि पछाडि जताबाट चाहोस् सम्भोग गरोस् तर सम्भोग त्यसको योनीमा अर्थात अघिल्लो गुप्ताङ्गमा नै हुनुपर्छ जहाँबाट बच्चा जन्मन्छ । र यो कुरो पनि थाहै छ कि बच्चा महिलाको अगाडिको गुप्ताङ्ग (योनी) द्वारा नै जन्मन्छ नकि पछाडिको गुप्ताङ्ग (गुदा) द्वारा जसद्वारा दिशा गरिन्छ ।

र यस अपराधको प्रमुख कारणहरूमध्ये अनभिज्ञकालका सामाजिक रीति रिवाज र अन्य केही तथ्यहरू हुन्, यस्तै सेक्सी र अश्लील चलचित्रहरूलाई हेर्नु पनि हो जसमा यस्ता कुकर्महरूतर्फ प्रेरित गरिन्छ । र यो कुकर्म जसरी प्रचलित भए पनि यो महा पापहरूमध्ये एक हो । र यो हराम कार्य हो यद्यपि यसलाई गर्नुमा दुवै अर्थात लोग्ने र स्वास्नी दुवै सहमत किन नहोउन् ।

# स्वास्नीहरू बीच समानता र निसाफको व्यवहार नगर्नु

अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरआनमा यो उपदेश गरेको छ कि हामी आफ्नो स्वास्नीहरू बीच न्याय निसाफको व्यवहार गरौं जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَلَن تَسۡتَطِيعُوٓاْ أَن تَعۡدِلُواْ بَيۡنَ ٱلنِّسَآءِ وَلَوۡ حَرَصۡتُمۡۖ فَلَا تَمِيلُواْ كُلَّ ٱلۡمَيۡلِ فَتَذَرُوهَا كَٱلۡمُعَلَّقَةِۚ وَإِن تُصۡلِحُواْ وَتَتَّقُواْ فَإِنَّ ٱللَّهَ كَانَ غَفُورٗا رَّحِيمٗا ١٢٩ ﴾ النساء: ١٢٩

अर्थ : तिमीबाट यो सम्भव छैन कि आफ्ना सबै स्वास्नीहरूसित चाहँदा चाहँदै पनि समान रूपले न्याय गर्न सक, तसर्थ एउटैतिर ढल्केर अर्कोलाई अधकल्चोमा नछोडने गर र यदि तिमी सुधार गर्दछौ र आत्मसंयमी बन्दछौ भने अल्लाह निश्चय नै ठूलो क्षमादाता र दयावान छ । ( सूरतुन्निसा १२९ )

यसर्थ उनी बीच न्याय गर्नु अभीष्ट छ, र न्याय यो हो उनीहरू बीच समान र बराबर रात्री व्यतीत गरोस्, र सबैलाई न्यायोचित तरिकाले एकनास खर्च र लुगाफाँट एवं बासस्थान देओस् । र नयायको अर्थ यो होइन कि समस्तलाई एकनास प्रेम गरोस् किनकि यस्तो गर्नु त्यसको वशमा छैन । र कतिपय मानिस यस्ता पनि हुन्छन् कि जब उनीहरूसित अधिक स्वास्नीहरू भइहाल्छिन् त त्यो एउटीलाई प्राथमिकता दिएर अरुलाई बेवास्ता गरिदिन्छ, अनि अरुलाई छाडेर त्यसै उएटीसँग रात्री व्यतीत गर्छ, र त्यसैमाथि मात्र खर्च पनि गर्छ वा अरुभन्दा अधिक खर्च गर्छ । त यस्तो गर्नु सरासर हराम छ, र यस्तो गर्ने मान्छे प्रलयको दिन यस्तो अवस्थामा आउनेछ कि त्यसको शरीरको एक भाग झुकेको हुन्छ जस्तोकि यसबारे रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथनको चित्रण हजरत अबू हुरैरहले यस हदीसमा यसरी गरेका छन्:

" من كانت له امرأتان فمال إلى إحداهما جاء يوم القيامة وشقه مائل " رواه أبو داود 601/2 وهو في صحيح الجامع .6491

अर्थ : जससित दुई स्वास्नीहरू थिइन् अनि त्यो दुवैमध्ये एकतर्फ मात्र प्रवृत्त भयो (झुक्यो), त त्यो प्रलयको दिन यस्तो अवस्थामा आउनेछ कि त्यसको शरीरको एक भाग झुकेको हुन्छ । ( यस हदीसलाई अबू दाऊदले २/६०१ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ६४९१ मा पनि वर्णित छ )

# अपरिचित महिलासँग एकान्तमा जानु

शैतान मान्छेहरूलाई हराम (वर्जित) कार्यतर्फ प्रोत्साहित गर्छ, र यसको लागि नानाथरीका जाल र षडयन्त्र रच्दैरहन्छ, यसै कारण अल्लाहले हामीहरूलाई शैतानको क्षलबाट सावधान गरेको छ । अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَتَّبِعُواْ خُطُوَٰتِ ٱلشَّيۡطَٰنِۚ وَمَن يَتَّبِعۡ خُطُوَٰتِ ٱلشَّيۡطَٰنِ فَإِنَّهُۥ يَأۡمُرُ بِٱلۡفَحۡشَآءِ وَٱلۡمُنكَرِۚ وَلَوۡلَا فَضۡلُ ٱللَّهِ عَلَيۡكُمۡ وَرَحۡمَتُهُۥ مَا زَكَىٰ مِنكُم مِّنۡ أَحَدٍ أَبَدٗا وَلَٰكِنَّ ٱللَّهَ يُزَكِّي مَن يَشَآءُۗ وَٱللَّهُ سَمِيعٌ عَلِيمٞ ٢١ ﴾ النور: ٢١

अर्थ : मोमिनहरू हो ! शैतानका पाइलाहरूमा (बाटोमा) नहिड्नु र जुन व्यक्ति शैतानको पाइला अनुशरण गर्दछ भने उसले त निर्लज्जताका कुराहरू र नराम्रा कामहरू नै बताउनेछ। र यदि तिमीमाथि अल्लाहको अनुग्रह र उसको दया नभएको भए तिमी मध्ये कसैले पनि पवित्रतालाई प्राप्त गर्न सक्दैनथ्यो, तर अल्लाह जसलाई पवित्र गर्न चाहन्छ गरिदिन्छ र अल्लाह सुन्नेवाला र जान्नेवाला छ । ( सूरतुन्नूर २१ )

र शैतान आदमका सन्तानहरूको रगतमा पनि दुगुरन्छ, र शैतानको षडयन्त्रमध्ये जसद्वारा शैतान मान्छेलाई व्यभिचारमा लिप्त गरिदिन्छ अपरिचित महिलासँग एकान्तमा लैजानु पनि हो, त यसै कारण इस्लामले यस बाटोलाई बन्द गरिदिएको छ यसलाई वर्जित गरेर । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" لا يخلون رجل بامرأة إلا كان ثالثهما الشيطان " رواه الترمذي 3/474 انظر مشكاة المصابيح 3118.

अर्थ : कुनै व्यक्ति कुनै महिलासँग एकान्तमा हुँदैन तर शैतान उनी दुवैको तेस्रो हुन्छ । अर्थात जब मान्छे कुनै महिलासित एकान्तमा मिल्दछ त शैतान तिनीलाई व्यभिचारमा प्रेरित गर्नुको लागि उपस्थित

भइहाल्छ। (यस हदीसलाई इमाम तिर्मिजीले ३/४७४ मा वर्णन गरेका छन्, र हेर्नुस्: मिश्कातुल् मसाबीह ३११८)

र इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لا يدخلن رجل بعد يومي هذا على مغيبة إلا ومعه رجل أو اثنان " رواه مسلم 1711/4.

अर्थ : कुनै पनि मान्छे आज पश्चात कुनै यस्तो महिलाको घरमा प्रवेश नगरोस् जसको स्वामी उपस्थित छैन यस अवस्था बाहेक कि त्यसको साथमा कुनै आर्को मान्छे वा दुई मान्छेहरू होउन्। ( मुस्लिम ४/१७११ )

यसर्थ कुनै मान्छेको लागि यो जायज छैन कि कुनै अपरिचित महिला जसरी भाइको स्वास्नी वा नोकरानी ... आदिसँग कुनै घर वा कोठा वा गाडिमा एकान्तमा जाओस्। र यस्तै कुनै महिला कुनै डाक्टर चिकित्सकसँग एकान्तमा नजाओस् । तर अधिकांश मानिसहरू यसकुरामा सुस्ती गर्छन् याता आफूमाथि दृढ विश्वास भएको कारण, वा आर्को मानिसमाथि ओवर कान्फिडेन्स हुनुको कारण, तर यो कुरा नै व्यभिचारमा पर्ने प्रमुख कारण भइहाल्छ, अथवा व्यभिचारको आरम्भिक कुराहरू गर्नुको कारण। त यसको कारण अर्थात व्यभिचारको कारण वंश मिश्रित भइहाल्छ, र हरामी बच्चाहरूको अभिवृद्धि हुन्छ।

# अपरिचित महिलासित मुसाफहा गर्नु

त यस कुरामा अर्थात महिलासित हात मलिाउने कुरामा केही समाजहरूका रीति रिवाजहरूले सीमा उललंघन गर्छन्, र अल्लाहले निर्धारित गरेका सीमाहरूको अतिक्रमण गर्छन्, र आफ्ना कुरीति र अन्धविश्वासको कारण यस्तो गर्छन । र यदि तपाई उनीहरूलाई सत्मार्गको दर्शन गराउनुहुन्छ, र उनी समक्ष प्रमाण पेश गर्नुहुन्छ भने तपाईलाई उनी नानाथरीका अनैतिक उपाधिहरूद्वारा नामाकरण गर्छन्, र नातालाई तोड्ने र सम्बन्धलाई विच्छेद गर्नुको आक्षेप लगाउँछन् ..... आदि । यसर्थ हाम्रो समाजमा काकाको छोरी, खालाको छोरी, मामाको छोरी, स्वास्नीको बहिनी .... आदिसित हात मिलाउनु पानी खानुभन्दा सरल भइसकेको छ । तर यदि यस्तो कुकर्म गर्नेहरू इस्लामीय निर्देशनहरूलाई राम्ररी हेरेको भए यस्तो गर्ने थिएनन् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" لأن يطعن في رأس أحدكم بمخيط من حديد خير له من أن يمس امرأة لا تحل له " رواه الطبراني 212/20 وهو في صحيح الجامع 4921.

अर्थ : कुनै अपरिचित महिला जुन तिम्रो लागि हलाल छैन त्यसलाई स्पर्श गर्नुभन्दा उत्तम तिम्रो लागि यो छ कि तिम्रो टाउकोमा फलामको हथौडाले प्रहार गरियोस् । ( यसलाई तब्रानीले २०/२१२ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. ४९२१ म पनि वर्णित छ )

र यसमा कुनै सन्देह छैन कि यो हातको व्यभिचार हो, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" العينان تزنيان واليدان تزنيان والرجلان تزنيان والفرج يزني " رواه الإمام أحمد 412/1 وهو في صحيح الجامع 4126،

अर्थ : दुवै आँखा व्यभिचार गर्छन्, र दुवै हात व्यभिचार गर्छन्, र दुवै पाइला व्यभिचार गर्छन्, र गुप्ताङ्ग व्यभिचार गर्छ । ( यसलाई

इमाम अहमदले १/४१२ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअ्को हदीस नं.४१२६ मा पनि वर्णित छ )

र के कोही मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमभन्दा स्वच्छ हृदयको हुन्सक्छ ? तै पनि उहाँले भन्नु भयो कि:

" إني لا أصافح النساء" رواه الإمام أحمد 357/6 وهو في صحيح الجامع 2509،

अर्थ : म महिलासित मुसाफहा गर्दैन । ( यसलाई इमाम अहमदले ६/३५७, र यो हदीस सहीहुल् जामेअको हदीस नं. २५०९ मा पनि वर्णित छ )

र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

" إني لا أمس أيدي النساء" رواه الطبراني في الكبير 342/24 وهو في صحيح الجامع 7054 وانظر الإصابة 354/4 ط. دار الكتاب العربي.

अर्थ : म महिलाहरूको हातलाई स्पर्श गर्दैन । ( यस हदीसलाई तब्रानीले कबीरमको २४/३४२ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ७०५४ मा पनि वर्णित छ, र हेर्नुस् अल् इसाबा ४/३५४ मा दारुल् कुतुकुल् अरबीया प्रकाशन केन्द्रबाट प्रकाशित संस्करण )

र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि:

"ولا والله ما مست يد رسول الله صلى الله عليه وسلم يد امرأة قط غير أنه يبايعهن بالكلام" [رواه مسلم 1489/3].

अर्थ : अल्लाहको शपथ रसूल सल्लल्लाहो अलैहे वसल्लमको हातले कहिले पनि कुनै महिलालाई स्पर्श गरेन बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लम महिलाहरूसित कुराद्वारा संकलप (बैअत) लिन्थे । ( मुस्लिम ३/१४८९ )

त ती मानिसहरूलाई चाहियो कि अल्लाहसित डर मानुन् जुन आफ्नो सदाचारी सचरित्र स्वास्नीहरूलाई तलाक दिने धम्की दिन्छन् जब उनी तिनका भाइहरूसित मुसाफहा गर्दैनन् ।

र यो पनि ज्ञात रहोस् कि महिलासित कुनै आवरण हालेर वा कपडा लगाएर मुसाफहा गर्नु उस्तै हराम छ जसरी बिना आवरण हराम छ ।

## महिलाले घरबाट निस्कदा सुगन्धको प्रयोग गर्नु र त्यस्तै सुगन्ध लगाएर मान्छेहरूको निकटबाट गुज्रनु

सुगन्ध लगाएर निस्कनु र पुरुषहरूलाई आफूतिर आकर्षित गर्नु हाम्रो यस वर्तमानकालमा अति प्रचलित भइसकेको छ, जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसबाट सावधान  गर्नु भएको छ, उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" أيما امرأة استعطرت ثم مرت على القوم ليجدوا ريحها فهي زانية " رواه الإمام أحمد 4/418 انظر صحيح الجامع 105.

अर्थ : जुन सुकै महिलाले सुगन्ध प्रयोग गरेर यस उद्देश्यले मान्छेहरूको निकटबाट गुज्रोस् कि उनी त्यसको सुगन्धलाई महसूस गरुन्, त त्यो महिला व्यभिचारिनी हो । ( यस हदीसलाई इमाम अहमदले ४/४१८ मा वर्णन गरेका छन्, र हेर्नुस् सहीहुल् जामेअ् हदीस नं. १०५ )

त केही महिलाहरू यस कुरामा सुस्ती र अल्छी गर्छिन् वा यसलाई वास्ता गर्दैनन्, वा यसलाई सानोतिनो कुरा ठान्दछिन्, अनि यसको प्रदर्शन ड्राइबर, विक्रेता, पाले ...आदि निकट गरिहाल्दछिन् । तर इस्लामीय विधानले यस कुरालाई गम्भीरताले लिएको छ, बरु यसलाई पालना गराउनुमा कठोरता पनि अपनाएको छ । यसर्थ इस्लामीय विधान अनुसार जुन सुकै महिलाले सुगन्ध प्रयोग गरेको छे र त्यो बाहिर निस्कन चाहन्छे चाहे मस्जिदसम्म किन नजानु होस् तै पनि त्यसको लागि अनिवार्य छ कि यसरी स्नान गरोस् जसरी पवित्रता पाउनको लागि स्नान गर्छे, अनि मात्र बाहिर निस्कने अनुमति छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" أيما امرأة تطيبت ثم خرجت إلى المسجد ليوجد ريحها لم يقبل منها صلاة حتى تغتسل اغتسالها من الجنابة " رواه الإمام أحمد 444/2 وانظر صحيح الجامع 2703.

अर्थ : जुन महिलाले पनि सुगन्ध लगाएर मस्जिद जान्छे ताकि त्यसको सुगंध सुंघियोस् त त्यसको नमाज तबसम्म कबूल हुँदैन जबसम्म त्यो ठूलो अपवित्रताबाट स्नान गर्नु झैं स्नान नगरोस् । ( यसलाई अहमदले २/४४४ मा वर्णन गरेका छन्, र हेर्नुस् सहीहुल जामेअ् हदीस नं. २७०३ )

त हामी अल्लाहसित गुनासो गर्दछौं यस्ता खालका समस्त सुगंधहरूको र जुन हाम्रो समाजमा आज प्रचलित छ कि महिलाहरू शादी विवाहको भोजमा र अरु सभाहरूमा जस्तो सुगन्ध प्रयोग गरेर उपस्थित हुन्छिन् र महिला पुरुष बीच मिलाप हुन्छ ती सबैबाट बचाउन् । र रमजानका रात्रीहरूमा त मस्जिदहरूमा पनि यस्ता खालका गतिविधिहरू गरिन्छ, जबकि इस्लामले यी समस्तबाट रोकेको छ । बरु इस्लामले त यो आदेश गरेको थियो कि महिलाको सर्वोत्तम सुगन्घ त्यो हो जसको रंग जाहेर होस् र सुगन्ध लुकेको होस् अर्थात कम होस् । त हामी अल्लाहसित याचना गर्दछौं कि अल्लाह सदाचारी महिला पुरुषहरूलाई केही अनभिज्ञ र मूर्ख एवं अज्ञानहरूको कारण यातनामा नपारोस्, र हामी सबैलाई सोझो मार्गमा लगाओस् ।

# बिना मुहरिम महिलाको यात्रा गर्नु

रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" لا يحل لامرأة تؤمن بالله واليوم الآخر تسافر مسيرة يوم إلا مع ذي محرم " رواه مسلم 2/977.

अर्थ : कुनै यस्तो महिलाको लागि यो जायज छैन जुन अल्लाह र प्रलयको दिनमाथि विश्वास राख्दछे कि त्यो बिना मुहरिम एक दिन जतिको यात्रा गरोस् । ( मुस्लिम २/९७७ )

र यदि महिला बिना मुहरिम (निकट्तम आफन्ती जसरी बुवा भाइ, छोरा ... आदि) यात्रा गर्छे भने बदमाश र वासना पूजारीहरू त्यसलाई हानि पुऱ्याउन सक्दछन्, र न्यूनतम् कुरा जुन त्यसलाई पुग्दछ त्यो योकि त्यसको इज्जत र सम्मानमाथि टिप्पणी गरिन्छ ।

र यस्तै जब त्यो हवाइजहाजमा सवार भएर कतै यात्रा गर्छे तब पनि त्यसलाई खतरा रहन्छ यद्यपि त्यसलाई जहाजसम्म पुऱ्याउने र जहाजबाट लिने मान्छेहरू होउन्, किनकि जुन मान्छे जहाजमा त्यससंग बस्दछ त्यसबाट हानि पुग्न सक्दछ, यस्तै कहिलेकाहिँ यो पनि सुनिन्छ कि जहाज कुनै आर्को विमानस्थलमा लैण्ड भइहाल्दछ वा जहाजको समयमा विलम्ब भइहाल्छ, त यस्तो अवस्थामा के हुन्छ ? आफै सोच्नुस् !

र मुहरिमको लागि पनि चारवटा शर्तहरू अनिवार्य छन् कि मुहरिम मुस्लिम र व्यस्क एवं बुदिमान र पुरुष होस् । र अबू सईद खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" لا يحل لامرأة تؤمن بالله واليوم الآخر أن تسافر سفرا يكون ثلاثة أيام فصاعدا إلا ومعها أبوها أو ابنها أو زوجها أو أخوها أو ذو محرم منها " رواه مسلم 2/977.

अर्थ : कुनै यस्तो महिलाको लागि यो जायज छैन जुन अल्लाह र प्रलयको दिनमाथि आस्था राख्दछे कि तीन दिन वा त्यसभन्दा अधिकको यात्रा गरोस् र त्यसको साथमा त्यसको बुवा वा त्यसको छोरा वा

त्यसको लोग्ने वा त्यसको भाइ वा अरु कुनै मुहरिम नहोस् । ( मुस्लिम २/९७७ )

## अपरिचित महिलामाथि इच्छायुक्त दृष्टि हाल्नु

अल्लाहको फर्मान छः

﴿ قُل لِّلْمُؤْمِنِينَ يَغُضُّوا مِنْ أَبْصَارِهِمْ وَيَحْفَظُوا فُرُوجَهُمْ ذَٰلِكَ أَزْكَىٰ لَهُمْ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا يَصْنَعُونَ ﴿٣٠﴾ ﴾ النور: ٣٠

अर्थ : आस्थावान पुरुषहरूसित भनिदिनुस् कि आफ्नो दृष्टि तल राख्ने गरुन् र गुप्ताङ्गहरूको रक्षा गरुन्, यो उनीहरूको निम्ति बडो पवित्रताको कुरो हो । मानिसहरू जुन काम गर्छन, अल्लाहलाई त्यो सबै थाहा छ । ( सूरतुन्नूर ३० )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

"...فزنا العين النظر..." (أي إلى ما حرم الله) رواه البخاري

انظر فتح الباري 11/26.

अर्थ : ...आँखाको व्यभिचार हेर्नु हो ...। अर्थात जसलाई अल्लाहले हराम गरेको छ त्यसतर्फ हेर्नु हो । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुसे फतहुल् बारी ११/२६ )

र यस हुकुममा त्यो दृष्टि आउँदैन जुन आवश्यकताको कारण होस् जसरी कि विवाह गर्ने उद्देश्यले हेर्नु .... आदि ।

यस्तै पुरुष झैं महिलाको लागि पनि यो हराम छ कि कुनै अपरिचित पुरुषलाई हेरोस् । अल्लाहको फर्मान छः

﴿ وَقُل لِّلْمُؤْمِنَاتِ يَغْضُضْنَ مِنْ أَبْصَارِهِنَّ وَيَحْفَظْنَ فُرُوجَهُنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا مَا ظَهَرَ مِنْهَا وَلْيَضْرِبْنَ بِخُمُرِهِنَّ عَلَىٰ جُيُوبِهِنَّ ﴾

النور: ٣١

अर्थ : र आस्थावान स्त्रीहरूसित भनिदिनुस् कि उनीहरूले पनि आफ्ना दृष्टिहरू तल राख्ने गरुन् र आफ्नो पवित्रताको रक्षा गरुन्

आफ्ना श्रृंगार प्रकट नगरुन्, त्यसबाहेक जुन खुल्ला रहन्छ र आफ्ना वक्षस्थललाई दुपट्टाहरूले छोपी राखुन् ...। ( सूरतुन्नूर ३१ )

र यस्तै नबालिग एवं सुन्दर युवकलाई वासनायुक्त दृष्टिले हेर्नु पनि हराम छ। र यस्तै यो पनि जायज छैन कि कुनै मान्छे आर्को मान्छेको गुप्ताङ्गलाई हेरोस्, र जुन गुप्ताङ्गलाई हेर्नु जायज छैन त्यसलाई स्पर्श गर्नु पनि जायज छैन चाहे कुनै आवरण पछाडिबाट किन नहोस्।

र केही मानिसहरूसित शैतान चाल चल्दछ, र उनीहरूलाई आफ्नो षडयन्त्रमा फाँसिहाल्दछ, अनि उनी पत्रिकाहरूमा अश्लील फोटो र चित्रहरूलाई हेर्न थाल्दछन्, र भन्दछन् कि यो त फोटो हो वास्तविक कुरो होइन। तर यो प्रमाणित भइसकेको छ कि यस्ताखालका चित्रहरू वसनाको आगोलाई दन्काउँछन्।

# भार्याट (दैयूसपना)

इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" ثلاثة قد حرم الله عليهم الجنة: مدمن الخمر والعاق والديوث الذي يقر في أهله الخبث " رواه الإمام أحمد 69/2 وهو في صحيح الجامع 3047.

अर्थ : तीन प्रकारका मान्छेहरूमाथि अल्लाहले स्वर्ग हराम गरिदिएका छन्: निरन्तरताले मदिरा सेवन गर्ने मान्छेमाथि, र माता पिताको अवज्ञा गर्ने मान्छेमाथि, र भार्याट मान्छेमाथि जुन आफ्नो स्वास्नीको व्यभिचारमाथि सहमत र राजी होस्। ( यसलाई अहमदले २/६९ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ३०४७ मा पनि वर्णित छ )

र हाम्रो यस वर्तमान युगमा निर्लज्जता र भार्याटको अर्को नवीन थरीहरू प्रचलित भइसकेका छन् जसमध्ये केही निम्न हुन्: कि मान्छे आफ्नो स्वास्नी र छोरीलाई घरमा कुनै अपरिचित मानिससित कुरागर्दा हेर्छ र त्यससित हाँसो ठट्टा गर्दा हेर्छ तर केही भन्दैन। यस्तै कतिपय मानिसहरू आफ्ना स्वास्नीहरूमध्ये कसैलाई अपरिचित मानिससंग जसरी ड्राइबर .... आदिसंग एकान्तमा पठाइदिन्छ। र यस्तै बिना परदा आफ्नो छोरी र महिलालाई बाहिर जाने अनुमति प्रदान गरिदिन्छ र परदाको वास्ता गर्दैन । यस्तै अश्लील र निर्लज्जतापूर्ण चलचित्र र पत्रिकाहरू घरमा ल्याउँछ ताकि तिनीहरू (घरकी महिलाहरू) त्यसलाई हेरुन् र यसलेगर्दा घरमा अश्लीलता र व्यभिचारको विस्तार पनि भइहाल्छ।

## पुत्रलाई पितासित संलग्न गरेर सम्बोधित गर्नुमा क्षल गर्नु, र मान्छेको आफ्नो पुत्रलाई अस्वीकृत गर्नु

मुसलमान मान्छेको लागि यो जायज छैन कि आफूलाई आफ्नो बुवा बाहेक अरुसित संलग्न गरोस्, (अर्थात आफ्नो बुवाको नामको ठाउँमा कसै अरुको नाम जोडोस्), वा आफूलाई यस्तो समूहहरूसित संलग्न गरोस् जसबाट त्यो होइन। र कदाचित मान्छे यस्तो यसकारण गर्दछ किनकि त्यसको बुवाले त्यसलाई बाल्यकालमा नै छाडिदिएको थियो, वा कतिपय यस्तो प्रकारको क्षल संसारिक लाभ र स्वार्थ प्राप्तिको लागि गर्दछन्, र आफ्नो बुवाको ठाउँमा अरुको नाम लेखेर धोका दिन्छन्। त यस्ता खालका समस्त कार्यहरू हराम कार्यहरूमध्येका हुन् किनकि यसलेगर्दा धेरै नकारात्मक प्रभाव र हानिहरू बेहोर्नु पर्दछ मुहरिम हुने श्रेत्रमा र विरासतको श्रेत्रमा र यस बाहेक अरु... श्रेत्रहरूमा।

र बुखारीको हदीसमा छ हजरत सअ्द र अबू बक्ररह रजिअल्लाहो अन्हुमा वर्णन गर्दछन् कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " من ادعى إلى غير أبيه وهو يعلم فالجنة عليه حرام " رواه البخاري انظر فتح الباري 8/45.

अर्थ : जसले जानिजानी आफूलाई आफ्नो पिता बाहेकसित संलग्न गऱ्यो त त्यसमाथि स्वर्ग हराम छ। ( यस हदीसलाई बुखारीले वर्णन गर्नु भएको छ, हेर्नुस् फतहुल् बारी ८/४५ )

र इस्लाम धर्ममा ती समस्त गतिविधिहरू हराम छन् जसद्वारा वंशसित खेलवाड गरियोस् वा क्षल गरियोस्। र केही मानिसहरू जब स्वास्नीसित झगडा गर्दछन् अनि गालीगलोज गर्दा त्यसलाई व्यभिचारिनी भन्दछन्, र त्यसले जन्माएको छोरालाई आफू बाहेक कसै अरुको छोरा भन्दछन् बिना कुनै प्रमाण, जबकि वास्तवमा त्यो त्यसैको छोरा हुन्छ। र यस्तै कतिपय स्वास्नीहरू आफ्नो लोग्नेसित क्षल गरेर अरुसित शारीरिक सम्बन्ध गाँसिहाल्दछिन्, अनि त्यसैद्वारा त्यसलाई पुत्र हुन्छ, र त्यसको लोग्नेको वंशमा प्रवेश गरिहाल्दछ, जबकि त्यो वास्तवमा त्यसको वशंबाट हुँदैन। र यस्तो गर्नुबारे इस्लाममा सख्त

यातनाको चेतावनी आएको छ। हजरत अबू हुरैरहको वर्णन छ कि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु उहाँ सल्लल्लाहो अलैहे वसल्लमले त्यस समय भन्नु भयो जब लेआनको श्लोक अवतरित भयो कि:

" أيما امرأة أدخلت على قوم من ليس منهم فليست من الله في شيء ولن يدخلها الله جنته وأيما رجل جحد ولده وهو ينظر إليه احتجب الله منه وفضحه على رؤوس الأولين والآخرين " رواه أبو داود 2/695 انظر مشكاة المصابيح 3316.

अर्थ : जुन सुकै महिलाले कुनै यस्तो व्यक्तिलाई (बालकलाई) त्यस समूहमा शामेल गऱ्यो जुन त्यसबाट होइन (अर्थात व्यभिचार गरेर) त त्यसको लागि अल्लाह निकट केही छैन नत अल्लाह त्यसलाई आफ्नो स्वर्गमा प्रवेश गराउाछन्, र जुन सुकै पुरुष मान्छेले आफ्नो त्यस पुत्रको इन्कार गऱ्यो जुन त्यसलाई हेरिरहेको छ त अल्लाह त्यसबाट आवरण गरिलिन्छन् (अर्थात त्यसमाथि दया दृष्टि हाल्दैनन्) र त्यसलाई विगतमा गुज्रेका र भविष्यमा आउनेहरूमा अपमानित गरिदिन्छ। ( यस हदीसलाई अबू दाऊदले २/६९५ मा वर्णन गरेका छन्, र हेर्नुस् मिश्कातुल् मसाबीह हदीस नं. ३३१६ )

# सूदव्याज खानु

सूद बाहेक अरु कुनै दोषलाई अल्लाहले आफ्नो पवित्र ग्रन्थमा त्यससित युद्ध गर्नु सरह भनेको छैन, जस्तोकि अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱتَّقُواْ ٱللَّهَ وَذَرُواْ مَا بَقِيَ مِنَ ٱلرِّبَوٰٓاْ إِن كُنتُم مُّؤۡمِنِينَ ٢٧٨ فَإِن لَّمۡ تَفۡعَلُواْ فَأۡذَنُواْ بِحَرۡبٖ مِّنَ ٱللَّهِ وَرَسُولِهِۦۖ ﴾ البقرة: ٢٧٨ - ٢٧٩

अर्थ : हे मोमिनहरू ! अल्लाहसित डर र जति ब्याज बाँकी रहेको छ, त्यसलाई छाडिदेउ यदि तिमी ईमानवाला छौ । र यदि यस्तो गर्दैनौ भने त अल्लाह र उसको रसूलसँग युद्धको लागि तयार भइहाल । ( सूरतुल् बकरः २७८, २७९ )

त अल्लाहको यो कथन यस अपराधको जघन्यतालाई स्पष्ट गर्नुको लागि प्रयाप्त छ ।

त जुन मान्छे पनि यस्ता देशहरूको अवस्थामा विचार गर्छ जहाँ सूद व्याजको बजार तातिएको छ, कि त्यस देशमा यस सूदले यस्तो तबाही र विनाश मचाएको छ जसको परिणाम स्वरूप नै त्यस देशमा दरिद्रता, भुकमरी, आत्माहत्या, ऋण तिर्नुबाट असमर्थता.... आदि जस्ता आत्मघाती कुराहरू सृजित हुन्छन्, र त्यस देशको अर्थव्यवस्था टुक्रा टुक्रा भइहाल्छ, र व्यापारिक केन्द्रहरू र कम्पनीहरू बन्द भइहाल्छन् । र यसै व्याजको कारण त्यस देशको अर्थतन्त्र र माल मात्र केही मानिसहरूको हातको कठपुत्ली भई उनैको हातमा चक्रित रहन्छ, र मान्छेहरू दिनरात परिश्रम गरेर पैसा व्याजको रूपमा उनैको खल्तीमा हाल्दछन्, र यसै कारणले त्यस देशका मानिसहरू कैयौं श्रेणीमा विभाजित भइहाल्दछन् । त यसै कारण इस्लाममा यसका व्यापारीहरूलाई युद्धको चेतावनी दिइएको छ ।

र यस सूदको कार्यन्वयनमा शामेल हुनेवाला प्रत्येक मानिस चाहे त्यो यसलाई कार्यन्वयनमा ल्याउनुको माध्यम होस् वा सहायक, वा लेख्ने व्यक्ति होस् वा अरु कुनै रूपमा यससित संलग्न होस्, सबै रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथनले धिक्कृत र तिरस्कृत छन्,

जस्तोकि हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले सूद खाने खुवाउने र त्यसलाई लेख्ने सघाउनेहरूलाई तिरस्कृत गरेका छन:

لعن رسول الله صلى الله عليه وسلم:" آكل الربا وموكله وكاتبه وشاهديه " وقال: " هم سواء " رواه مسلم 3/1219.

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले सूद खाने मान्छे र खुवाउने मान्छे, त्यसलाई लेख्ने मान्छे र त्यसको गवाही दिने मान्छेहरूमाथि तिरस्कार पठाएका छन् र भनेका छन् कि यी समस्त मानिसहरू यस पापमा बराबरका भागीदार छन् । (मुस्लिम ३/१२१९)

यसर्थ नत सूदलाई लेख्नु जायज छ नत त्यसलाई व्यवस्थित गर्नु, नत त्यसलाई दिनु नत लिनु, नत त्यसलाई बैंकमा जम्मा गर्नु जायज छ नत त्यसको सुरक्षा गर्नु । यसर्थ जुन सुकै तरिकाले यसमा संलग्न हुन्सकिन्छ ती समस्त हराम छ ।

र यसको घृणालाई पृष्ट पार्दै रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाईलाई हजरत अब्दुल्लाह बिन मस्ऊदले यसरी व्यक्त गरेका छन्:

" الربا ثلاثة وسبعون بابا أيسرها مثل أن ينكح الرجل أمه، وإن أربى الربا عرض الرجل المسلم " رواه الحاكم في المستدرك2 /37 وهو في صحيح الجامع 3533.

अर्थ : सूदका ७३ दर्जाहरू छन् जसमध्ये सबैभन्दा न्यूनतम दर्जा मान्छेको आफ्नो आमाको साथ व्यभिचार गर्नु सरह छ, र त्यसको उतकृष्टतम दर्जा मुसलमानको इज्जत लूट्नु सरह छ । ( यसलाई हाकिमले मुस्तदरकमको २/३७ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ३५३३ मा पनि वर्णित छ )

र अब्दुल्लाह बिन हन्जला रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" درهم ربا يأكله الرجل وهو يعلم أشد من ستة وثلاثين زنية " رواه الإمام أحمد 5/225 انظر صحيح الجامع 3375.

अर्थ : मान्छेको लागि तीस व्यभिचार गर्नु जानेर सूदको एक रुपैयाँ खानुभन्दा उत्तम छ । ( यसलाई इमाम अहमदले ५/२२५ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ३३७५ मा पनि छ )

र सूद समस्त मानिसहरूको लागि हराम छ चाहे त्यो समृद्ध होस् वा दरिद्र, र कुरो त्यस्तो छैन जसरी मानिसहरू ठान्दछन्, यसर्थ मान्छे चाहे धनवान होस् वा निमुखा समस्तको लागि समस्त अवस्थामा सूद खानु हराम छ ।

र कतिपय यस्ता समृद्धहरू छन् जुन सूदको कारोबारको कारण दरिद्र भए, जस्तोकि हामी आफ्नो वास्तविक जीवनमा यसको अनुभव गर्दै रहन्छौं । र सुदू जति धेरै भए पनि धनको वृद्धि र कल्याणलाई खाइदिन्छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" الربا وإن كثر فإن عاقبته تصير إلى قل " رواه الحاكم 37/2 وهو في صحيح الجامع 3542

अर्थ : सूदको माल यद्यपि धेरै किन नहोस् तर त्यसको थोरै हुनु नै त्यसको अन्तिम परिणाम हो । (अर्थात सूद माललाई नष्ट गरिदिन्छ) । ( यसलाई हाकिमले २/३७ मा वर्णन गरेका छन्, र सहीहुल् जामेअ् हदीस नं. ३५४२ मा पनि छ )

र यस्तै सूदको धन चाहे सम्पत्तिमा थोरै मात्रामा मिश्रित होस् वा अधिक, कम प्रतिशतमा होस् वा अधिक समस्त हराम छ, र यसलाई खाने मान्छे प्रलयको दिन त्यस पागल (दिमागी सन्तुलन विर्गेको मानिस) सरह उभिने छ जसलाई शैतानले छोएको होस् जसलेगर्दा त्यसले आफ्नो दिमागी संतुलन गुमाइसकेको होस् ।

र यस्तो जघन्यताको अपराध भए पनि यसबाट तौबा (प्रयाश्चित) गर्नुको मार्ग अल्लाहले खुल्ला राखेको छ, र यसबाट प्रयाश्चित गर्ने तरिका पनि वर्णन गरेको छ । अल्लाहको फर्मान छः

﴿ وَإِن تُبْتُمْ فَلَكُمْ رُءُوسُ أَمْوَٰلِكُمْ لَا تَظْلِمُونَ وَلَا تُظْلَمُونَ ﴾ ٢٧٩ البقرة: ٢٧٩

अर्थ : यदि पश्चाताप गर्छौ भने तिमी आफ्नो वास्तविक रकमको हकदार छौ, न तिमी अत्याचार गर नत तिमीमाथि अत्याचार गरियोस् । ( सूरतुल् बकर: २७९ )

त यो निसाफ अनुकूल पनि छ ।

र आस्थावान मान्छेलाई चाहियो कि यस महापापलाई घृणित दृष्टिले हेरोस्, र यसबाट घृणा गरोस्, र ती मानिसहरू यसको जघन्यतालाई महसूस गरुन् जुन आफ्नो माललाई चोरी डकैतीको भयले बाध्यतावश सूदी बैंकहरूमा राख्दछन् त उनीहरूमाथि यो अनिवार्य छ कि यसको विकल्प खोजेर त्यसैमा आफ्नो माल राखुन्, किनकि सूद खानेहरू मृतकलाई खानेहरू सरह छन् बरु यसभन्दा पनि घृणित । यसर्थ उनीमाथि अनिवार्य छ कि अल्लाहसित तौबा र क्षमायाचना गरुन् । र उनीहरूलाई यो कदापि जायज छैन कि बैंकबाट सूदको माँग गरुन्, बरु यदि सूद उनीहरूको बैंक खातामा हालियो भने त्यसबाट कुनै उचित तरिकाले छुट्कारा प्राप्त गरुन् । तर त्यस सूदको माललाई दान नगरुन् किनकि त्यो धन अपवित्र छ, र अल्लाह अपवित्र माल स्वीकार्दैन, किनकि अल्लाह पवित्र छ पवित्रतालाई मनपराउँछ । र यस्तै त्यो सूदको मालालई मान्छेको लागि आफ्नो स्वार्थको लागि खर्च गर्नु पनि जायज छैन चाहे जुन प्रकारले खर्च गरियोस् । अर्थात नत त्यसबाट खानु जायज छ नत लुगा लगाउनु, नत त्यसबाट किनिएको सवारीमा सवार हुनु जायज छ नत त्यसबाट आफ्नो घरपरिवारमाथि खर्च गर्नु नै जायज छ, नत त्यसबाट धर्मदाय (जकात) दिनु नै जायज छ, नत त्यसबाट टेक्स दिनु जायज छ नत आफूबाट अत्याचारलाई हटाउनुमा खर्च गर्नु नै जायज छ । बरु त्यसबाट अल्लाहको भयको कारण कुनै अरु तरिकाले छुट्कारा प्राप्त गर्नु नै उचित छ ।

## सामानको ऐबलाई लुकाएर त्यसलाई विक्री गर्नु

रसूल सल्लल्लाहो अलैहे वसल्लम एउटा अनाजको ढेर (भण्डार) बाट गुज्रनु भयो, अनि त्यसमा आफ्नो हात हाल्नु भयो त अनाजको ढेरमुनि पानीको शीतलता महसूस गर्नु भयो त विक्रेतासित भन्नु भयो:

" ما هذا يا صاحب الطعام ؟ قال أصابته السماء يا رسول الله
قال أفلا جعلته فوق الطعام كي يراه الناس ؟ من غش فليس منا "

رواه مسلم 1/99.

अर्थ : यो के हो खाद्य विक्रेता ? त त्यसले भन्यो: हे अल्लाहका रसूल यसमाथि वर्षको पानी परेको थियो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यदि कुरो यस्तो छ भने तिमीले भिजेको अनाजलाई माथि किन गरेनौ ताकि किन्नेहरू त्यसलाई हेर्थे ? अनि भन्नु भयो: जसले क्षल गऱ्यो त्यो हामीमध्येको होइन । ( मुस्लिम १/९९ )

र वर्तमानकालमा अधिकांश ती विक्रेताहरू जुन अल्लाहसित डरदैनन् उनी आफ्नो विक्री गर्ने सरसामानहरूका ऐबहरूलाई विभिन्न तरिकाले लुकाएर विक्री गर्दछन्, जसरी त्यसमाथि टेप लगाएर वा त्यसलाई तल राखेर वा त्यसमा साइन्टिफिक तथ्यहरू मिसाएर विक्री गरिहाल्छन् ताकि त्यो सामान खरिद गर्नेहरूको लागि राम्रो देखियोस् जसलेगर्दा त्यसको त्यो ऐब लुकोस् जसको कारण त्यसलाई किन्नेहरू किन्दैनन् । त जब त्यसलाई ग्राहक किनेर लैजान्छ त याता त्यो सामान थोरै दिनमा खराब भइहाल्छ वा प्रयोग योग्य रहँदैन ।

र केही विक्रेताहरू त समय सिद्धिएको (डेट स्पायर) समानलाई पनि विक्री गरिदिन्छन्, र कतिपय सामान खरिद गर्ने मान्छेहरूलाई सामान हेर्न दिन्नन्, नत त्यसको अनुसंधान गर्ने मौका नै दिन्छन् । र यस्तो अधिकांश गाडी र पाटपुर्जा विक्री गर्नेहरू गर्छन्, तर यस्तो गर्नु सरासर हराम छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" المسلم أخو المسلم ولا يحل لمسلم باع من أخيه بيعا فيه عيب إلا بينه له " رواه ابن ماجة 754/2 وهو في صحيح الجامع 6705.

अर्थ : एक मुसलमान आर्को मुसलमानको भाइ हो, र कुनै मुसलमानको लागि यो जायज छैन कि आफ्नो कुनै मुसलमान भाइलाई कुनै यस्तो वस्तु विक्री गरोस् जसमा कुनै ऐब होस्, तर त्यसलाई त्यसमाथि स्पष्ट नगरिदेओस् । ( इब्ने माजा २/७५४, र यो हदीस सहीहुल् जामेअ् हदीस नं. ६७०५ मा पनि वर्णित छ )

र केही मानिसहरू यो गुमान गर्छन् कि म त आफ्नो उत्तरदायित्वबाट मुक्त भइहाल्छु यो एलान गरेर कि “म फलामको ढेरलाई विक्री गरिरहेको छु”, तर यस्तो तरिकाले खरिद विक्री गर्नुले व्यापारको कलयाणलाई समाप्त गरिदिन्छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" البيعان بالخيار ما لم يتفرقا فإن صدقا وبينا بورك لهما في بيعهما وإن كذبا وكتما محقت بركة بيعهما ". رواه البخاري أنظر الفتح 328/4.

अर्थ : खरिद विक्री गर्नेहरूलाई तबसम्म खरिद विक्रीलाई रद्द गर्ने अख्तियार छ जबसम्म एकआर्काबाट अलग नभइहालुन्, त यदि दुवै सत्य बोल्दछन्, र सामानको कमीकम्जोरी र ऐबलाई स्पष्ट पारिदिन्छन्, त दुवैको खरिद विक्रीमा बरकत र वृद्धि गरिन्छ, र यदि झुट बोल्दछन् र ऐबलाई लुकाउँछन् त दुवैको व्यवसायको कल्याणलाई समाप्त गरिन्छ । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल बारी ४/३२८ )

# बैअे नजश (धोकाको व्यापार)

बैअे नजशको अर्थ हो: कुनै मान्छे कुनै सामानको दाम (मूल्य) अरुलाई ठगी गर्ने उद्देश्यले बढाएर लगाओस् जबकि त्यो त्यस सामानलाई किननेवाला छैन । त यस्तो गर्नाले आर्को ग्रहाक धोका खाएर त्यस सामानको अधिक दाम तिरेर खरिद गर्नुमा बाध्य भइहाल्छ र यसैलाई अरबीमा बैअे नजश भनिन्छ । यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"لا تناجشوا" رواه البخاري انظر فتح الباري 484/10،

अर्थ : र नजश (दाममा वृद्धि गरेर धोका) नगर्नु होला । (यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/४८४)

र नि:सन्देह यो धोका र क्षलको एउटा थरी हो । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

" المكر والخديعة في النار " انظر سلسلة الأحاديث الصحيحة 1057.

अर्थ : क्षलकपट र धोका नर्कमा लैजान्छ । ( हेर्नुस्: सिलसिलतुल् अहादीसुस्सहीहा लिल् अल्बानी हदीस नं. १०५७ )

र गाडी जमिन आदिका अधिकांश दलालहरूको कमाइ (पारिश्रमिक) वास्तवमा हराम हुन्छ, किनकि उनीहरू यसै बैअे नजशलाई आफ्नो हतियार बनाएर खरिद गर्ने मान्छेलाई धोका दिई आफ्नो व्यापार चम्काउँछन् । र यो यसरी कि यदि सामान उनको हुन्छ भने त्यसको दाम बढी बताउँछन्, तर यदि सामान ग्राहकको हुन्छ भने दाम अति थोरै बताउँछन्, अनि बिचरा ग्राहक यिनीहरूको क्षलजालमा परेर धोका खाइहाल्दछ, र हानि बेहोर्नेहरूमध्येको भइहाल्छ ।

# जुम्आको देस्रो अजान पश्चात पनि खरिद विक्री गर्नु

अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا نُودِيَ لِلصَّلَوٰةِ مِن يَوۡمِ ٱلۡجُمُعَةِ فَٱسۡعَوۡاْ إِلَىٰ ذِكۡرِ ٱللَّهِ وَذَرُواْ ٱلۡبَيۡعَۚ ذَٰلِكُمۡ خَيۡرٞ لَّكُمۡ إِن كُنتُمۡ تَعۡلَمُونَ ٩ ﴾ الجمعة: ٩

अर्थ : हे मोमिन्हरू ! जब शुक्रबारको दिन जुम्आको नमाजको निम्ति अजान दिइन्छ, तब तिमी अल्लाहको स्मरणको निम्ति दगुरिहाल र किन्न वा बेच्न छाडिदेऊ । यो तिम्रो निम्ति राम्रो छ यदि तिमीले बुझ्छौ । ( सूरतुल् जुमुअः ९ )

र केही विक्रेताहरू जुमआको दोस्रो अजान पश्चात पनि आफ्नो दोकानहरूमा वा मस्जिद अगाडि विक्री गरिहिन्छन्, त उनीहरू पापी छदैछन् तर उनको पापमा ती मानिसहरू पनि सहभागी भइहाल्दछन् जुन उनीहरूबाट खरिद गर्छन् ।

र यस्तो समय खरिद विक्री सही छैन । र केही रेष्टुरेन्ट र भोजनालयका मालिकहरू आफ्नो रेष्टुरेन्ट र भोजनालयमा कार्यरत मजदूरहरूलाई जुमआको समयमा पनि कार्य गर्नुमा बाध्य गर्छन्, तर यस्तो गर्नाले कदाचित जाहेरमा तिनीहरूको नाफामा अलि कति वृद्धि भइहालोस्, तर वास्तवमा निःसन्देह तिनको घाटामा बढोत्तरी हुँदै जान्छ । र रह्यो कुरो मजदूरहरूको त त्यसलाई यो अनिवार्य छ कि त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन बमोजिम कार्य गरोस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

" لا طاعة لبشر في معصية الله ". رواه الإمام أحمد 129/1

وقال أحمد شاكر إسناده صحيح رقم 1065.

अर्थ : अल्लाहको अवज्ञा गर्ने कार्यमा कुनै पनि मनुष्यको आज्ञापालन गर्नु जायज छैन । ( यस हदीसलाई अहमदले १/१२९ मा

वर्णन गरेका छन्, र यस हदीसको सनद सही छ हेर्नुस् अहमद शाकिरको भनाई हदीस नं. १०६५ )

## जुवा ताश

अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡخَمۡرُ وَٱلۡمَيۡسِرُ وَٱلۡأَنصَابُ وَٱلۡأَزۡلَٰمُ رِجۡسٞ مِّنۡ عَمَلِ ٱلشَّيۡطَٰنِ فَٱجۡتَنِبُوهُ لَعَلَّكُمۡ تُفۡلِحُونَ ٩٠ ﴾ المائدة: ٩٠

अर्थ : हे आस्थावानहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरूमध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । ( सूरतुल् माइदः ९० )

त अनभिज्ञकालका मानिसहरू जुवा खेल्दथे  जसको प्रख्यात थरी एवं तरिकामध्ये यो हो कि दश मान्छे एउटा ऊँटमा बराबर पैसा दिएर सहभागी हुन्थे, अनि गोटी हालिन्थ्यो, अनि सात मानिसहरू त्यस ऊँटबाट केही नकेही लिन्थे तर तीन मानिसहरू केही पाउँदैन्थे, अर्थात तिनको पैसा ढुबिहाल्थ्यो ।

तर वर्तमानमा जुवाका अनेकौं थरीहरू छन्, र यसलाई विभिन्न तरिकाले खेलिन्छ जसमध्ये केही निम्न हुन्:

ती मध्ये एउटा यो पनि हो कि अंकहरू विक्री गरिन्छ, सबै त्यसलाई किन्दछन्, अनि समस्त मान्छेहरूले किनेको नम्बरमध्ये केहीको नम्बरलाई एलान गरिन्छ कि यो यो नम्बर भएको मान्छेहरू जित्नुमा सफल भएका छन्, र यसलाई हामी चिठ्ठा भन्दछौं । त यो हराम छ, यद्यपि यसलाई जुन पनि नाम दिइयोस् ।

र यस्तै कुनै सामान खरिद गरिन्छ जसभित्र कुनै अज्ञात वस्तु हुन्छ, वा सामान किन्दा एउटा नम्बर दिइन्छ अनि ती नम्बरहरूलाई एउटा भाँडा आदिमा राखेर नम्बरहरूको चयन गरिन्छ अनि जसको नम्बर निस्क्यो त्यसलाई उपहार दिइन्छ .... आदि ।

र वर्तमानकालमा यसको (जुवाको) सर्व प्रसिद्ध तरिका हो गाडिको इन्शोरेन्स गराउनु (बिमा गराउनु) यस्तै घरको बिमा वा मान्छेको बिमा

गराउनु .... आदि । र केही अनभिज्ञ मान्छेहरू त आफ्नो आवाज सम्मको पनि बिमा गराउँछन्, तर यी समस्त गतिविधिहरू हराम छन् ।

र वर्तमानमा जति पनि यसका थरीहरू प्रचलित छन् सबै हराम छन् जसरी बेलोर्ड, टेनिस जस्तो खेलिने एक प्रकारको जुवा, घोडदौडद्वारा जुवा खेल्नु, क्रिकेटको माध्यमले जुवा खेल्नु जसलाई सट्टेबाजी भनिन्छ .... आदि ।

# चोरी

अल्लाहको फर्मान छः

﴿ وَٱلسَّارِقُ وَٱلسَّارِقَةُ فَٱقۡطَعُوٓاْ أَيۡدِيَهُمَا جَزَآءَۢ بِمَا كَسَبَا نَكَٰلٗا مِّنَ ٱللَّهِۗ وَٱللَّهُ عَزِيزٌ حَكِيمٞ ٣٨ ﴾ المائدة: ٣٨

अर्थ : र जसले चोरी गर्दछ, चाहे त्यो पुरुष होस् अथवा स्त्री, तिनीहरूको हात काटिहाल । यो तिनीहरूको कर्मको सजाय र अल्लाहबाट एउटा पाठ हो र अल्लाह अधिपत्यशाली र तत्वदर्शी छ । ( सूरतुल् माइदः ३८ )

र चोरीमध्ये सबैभन्दा घृणित चोरी हाजीहरूको सामानहरूको चोरी हो, जुन अल्लाहको पुरातन घरको जियारतको लागि आएका छन् । त यस्ता खालका चोरहरू अल्लाहको सीमा र दण्डलाई यस्तो पावन स्थलमा पनि वास्ता गर्दैनन् जबकि यो दण्ड अर्थात हात काट्नुको दण्ड तिनीहरूको यस्तो जघन्य अपराधको तुलनामा केही पनि होइन ।

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले सूर्य ग्रहणको अवसरमा भन्नु भयो किः

"لقد جئ بالنار وذلكم حين رأيتموني تأخرت مخافة أن يصيبني من لفحها، وحتى رأيت فيها صاحب المحجن يجر قصبه [أمعاءه] في النار، كان يسرق الحاج بمحجنه [عصا معقوفة الطرف] فإن فطن له قال: إنما تعلق بمحجني، وإن غفل عنه ذهب به.." رواه مسلم رقم 904.

अर्थ : मलाई नर्कको आगोको दर्शन गराइयो त मलाई यस्तो प्रतीत भयो मानो त्यस आगोको ताप मसम्म पुगिहाल्ने छ जसबाट म भयभीत भएँ, र यसै कारण म तिमीहरूसम्म अलि विलम्बले पुगें, र मैले नर्कमा त्यस मान्छेलाई हेरें जुन आफ्नो लट्ठीको सहायताले हाजीहरूको सामान चोर्थ्यो कि त्यसका आँदराहरू नर्कको आगोमा घिसरी रहेका छन्, र त्यो मान्छे छोरी यसरी गर्थ्यो कि जब त्यो आफ्नो लट्ठीको सहायताले हाजीको सामानलाई चोराउँथ्यो त यदि हाजी सजेत

भइहाल्थ्यो त त्यससित भन्थ्यो कि लट्ठीमा संलग्न भएर तिम्रो सामान आएको हो, र यदि हाजी सचेत हुँदैन्थ्यो त त्यसको सामान लट्ठीको सहायताले त्यसमा झुन्ड्याई चोरेर लैजान्थ्यो । ( यसलाई मुस्लिमले हदीस नं. ९०४ मा वर्णन गरेका छन् )

र यस्तै सर्वोत्कृष्ट चोरीहरूमध्ये सार्वजनिक मालको चोरी पनि हो, तर केही मानिसहरू भन्छन् कि सबै यस सार्वजनिक मालबाट चोर्दछन् यसर्थ मैले पनि तिनीहरू झैं चोरें । तर त्यसलाई यो थाहा हुँदैन कि त्यो समस्त मुसलमानहरूको माललाई चोरिरहेको छ । र जुन मानिसहरू अल्लाहसित डर मान्दैनन् तिनका कर्महरू प्रमाण होइनन् कि उनीहरूको अनुशरण गरियोस् । र कतिपय मानिसहरू काफिर नास्तिकहरूको माल चोरेर भन्छन् कि यिनी त काफिर हुन्, तर यो पनि सही छैन, किनकि जुन काफिरहरूको माल हनन् गर्नु जायज छ ती मात्र त्यो काफिर हुन् जुन मुसलमानहरूसँग युद्धरत छन् । यसर्थ यस हुकुममा ती काफिरहरूका समस्त कम्पनीहरू र अरु काफिरहरू आउँदैनन् जुन मुसलमानसित युद्धरत छैनन् ।

र यस्तै चोरीका थरीहरूमध्ये गुप्त तरिकाले मान्छेको खल्तीमा हात हाल्नु पनि हो । र कतिपय आर्काको घरमा बिना अनुमति प्रवेश गरेर केही सामानहरू चोरेर लैजान्छन् । त कतिपय अतिथि बनेर जान्छन् अनि त्यस घरका सरसामान चोरेर ल्याउँछन् । त कतिपय आफ्नो अतिथिको व्यागबाट सामान चोरिहाल्दछन् । त कतिपय दोकानमा जान्छन् अनि आफ्नो खल्तीमा पत्रिका सरसामान ... आदि लुकाएर दोकानबाट बाहिर निस्किहाल्छन् ।

त यस्ता खालका गतिविधिहरू वर्तमानकालमा सुपरमार्केटहरूमा महिलाहरूद्वारा गरिन्छ, अर्थात उनी आफ्नो कपडा लुगा आदिमा सरसामान लुकाएर ल्याउँछिन् । र कतिपय मानिसहरू सानोतिनो सरसामानको चेरीलाई चोरी मान्दैनन् र यस्तो गर्नुलाई जायज बुझ्दछन्, जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" لعن الله السارق يسرق البيضة فتقطع يده ويسرق الحبل فتقطع يده " رواه البخاري انظر فتح الباري 12/81.

अर्थ : अल्लाहको धिक्कार छ यस्तो मान्छेमाथि जुन अण्डा वा रस्रीलाई चोर्दछ अनि यसको कारण त्यसको हात काटिन्छ। ( यसलाई बुखारीले वर्णन गरेका छन्  हेर्नुस् फतहुल बारी १२/८१ )

र समस्त ती मानिसहरूमाथि अनिवार्य छ जस जसले कुनै वस्तु चोरी गरेका छन् कि त्यस चोरिएको सरसामानलाई त्यसको मालिकलाई फिर्ता गरुन्, चाहे खुल्लारूपले फर्काउन् वा गोप्य तरिकाले, वा कुनै अरु तरिकाले। तर यदि त्यसको मालिकलाई नभेटोस् भने त्यसलाई वा त्यस सामान जतिको मूल्यलाई दान गरोस्, र त्यसको पुण्य त्यसको असल मालिकलाई अर्पण गरोस् । र यस्तो मान्छेलाई चाहियो कि अल्लाहसित डरोस् र त्यससित तौबा गरि आफ्नो यस कुकर्मको क्षमायाचना गरोस् ।

# घूस लिनु दिनु

हाकिम अथवा न्यायधीशलाई सत्यलाई दबाउने अथवा असत्यलाई रोकटोक नगर्ने उद्देश्यले घूस दिनु ठूलो अपराध हो, किनकि यसद्वारा अन्याय अत्याचार गरिन्छ र हक अधिकारको हनन् गरिन्छ, र यसैको कारण उपद्रव उदण्डताको उत्पात हुन्छ। अल्लाहको फर्मान छः

﴿ وَلَا تَأۡكُلُوٓاْ أَمۡوَٰلَكُم بَيۡنَكُم بِٱلۡبَٰطِلِ وَتُدۡلُواْ بِهَآ إِلَى ٱلۡحُكَّامِ لِتَأۡكُلُواْ فَرِيقٗا مِّنۡ أَمۡوَٰلِ ٱلنَّاسِ بِٱلۡإِثۡمِ وَأَنتُمۡ تَعۡلَمُونَ ١٨٨ ﴾ البقرة: ١٨٨

अर्थ : र, एक अर्काको सम्पत्ति अनुचित रूपमा उपभोग नगर, न त हाकिमहरूलाई घूस दिएर कसैको केही सम्पत्ति अन्यायपूर्वक आफ्नो नबनाउनु जबकि तिमीलाई थाहा छँदैछ। ( सूरतुल् बकरः १८८ )

र अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

" لعن الله الراشي والمرتشي في الحكم " رواه الإمام أحمد 387/2 وهو في صحيح الجامع 5069.

अर्थ : घूस लिनेवाला र घूस दिनेवाला दुवैमाथि अल्लाहको धिक्कार छ। (अहमद २/३८७, र सहीहुल् जामेअ् हदीस नं. ५०६९)

तर यदि हकलाई प्रमाणित गर्नुको लागि र असत्यलाई दबाउनको लागि यदि घूस दिइन्छ अर्थात बिना पैसा दिइकन् सत्य सत्य साबित हुँदैन भने सत्यलाई साबित गर्नुको लागि दिएको पैसा घूसमा शामेल हुँदैन, नत यस्तो गर्नेवाला मान्छे धिक्कृत नै हुन्छ।

र वर्तमान युगमा घूसखोरी यति समान कुरा भइहालेको छ कि प्रत्येक क्षेत्रमा विभिन्न नामले प्रचलित भइसकेको छ, र पदमा बसेका मानिसहरू यसको भरपूर लाभ लिइरहेको छन्, बरु प्रत्येक कम्पनीहरूमा यसको एउटा भिन्न फाँट नै हुन्छ, र कुनै पनि कार्य बिना घूस नत स्वीकृत हुन्छ नत सम्पन्न हुन्छ।

र यस घूसपातको मारले गरिबहरू निकै कष्ट भोगिरहेका छन्, र यसले अधिकांश गल्त कामलाई बढावा र उन्नति दिएको छ। र यसैको

कारण नै कार्यवाहक मान्छेहरूमाथि उनीहरूका मजदूरलाई खराब गरिन्छ र यो यसरी कि जुन घूस दिदैन त्यसलाई राम्रो सुविधा मिल्दैन बरु त्यसलाई अति न्यूनतम दर्जाको मजदूर मिल्छ .... आदि । र कतिपय जना लाइनमा बसेका हुन्छन् तर तिनको काम हुँदैन किनकि त्यसको पासमा घूस दिने पैसा हुँदैन, तर जुन अफैं आएको हुन्छ त्यससित घूस दिने पैसा हुनुको कारण खुरुक्क त्यसको काम भइहाल्छ। त घूसद्वारा मान्छेहरूको पैसा कम्पनीहरूका एजन्टहरूको खल्तीमा गइहाल्छ, र यस कुरालाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले महसूस गरेर नै भनेका थिए, हजरत अब्दुल्लाह बिन अमरको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لعنة الله على الراشي والمرتشي " رواه ابن ماجة 2313

وهو في صحيح الجامع 5114.

अर्थ : अल्लाहको धिक्कार घूस लिनेवालामाथि र घूस दिनेवालामाथि पनि । ( यसलाई इब्ने माजाले हदीस नं. २३१३ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ५११४ मा पनि वर्णित छ )

# कसैको जमिन जबरजस्ती कब्जा गर्नु

जब मान्छे अल्लाहसित डर मान्दैन त शक्ति र षडयन्त्र मान्छेको लागि नै घातक भइहाल्दछ, अनि त्यो आफ्नो शक्तिको दुरउपयोग गर्दै त्यसलाई अन्याय गर्नुमा र अरुको हक अधिकार र धनसम्पत्ति खोस्नुमा प्रयोग गर्छ, र यसैमध्ये कसैको जमिनमाथि बलपूर्वक कब्जा गर्नु पनि हो । र यसको दण्ड पनि कठोर छ, जस्तोकि अब्दुल्लाह बिन उमरको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من أخذ من الأرض شيئا بغير حقه خسف به يوم القيامة إلى سبع أرضين " رواه البخاري انظر الفتح 103/5.

अर्थ : जसले अनाहक कसैको जमिनमाथि कब्जा गऱ्यो त प्रलयको दिन त्यसलाई जमिनको सातौं तबक (पत्र) जमिनमा धंसाइन्छ । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल बारी ५/१०३ )

र यअ्ला बिन मुर्रह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

" أيما رجل ظلم شبرا من الأرض كلفه الله أن يحفره (في الطبراني: يحضره) حتى آخر سبع أرضين ثم يطوقه يوم القيامة حتى يقضى بين الناس " رواه الطبراني في الكبير 270/22 وهو في صحيح الجامع 2719.

अर्थ : जुन व्यक्तिले पनि एक बित्ता जमिन पनि जबरजस्ती कब्जा गऱ्यो भने अल्लाह त्यसलाई (मरणोपरान्त) सातौं पत्र धरतीलाई खोदन् आदेश गर्छन्, अनि प्रलयको दिन त्यसलाई सातौं जमिनलाई हार झैं लगाइदिन्छन् यहाँसम्म कि सबै बीच फैसला गरियोस् । ( तब्रानीले यसलाई कबीरको २२/२७० मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. २७१९ मा पनि वर्णित छ )

र यसै अन्तर्गत यो पनि आउँछ कि मान्छे जमिनलाई हदबन्दी गरिएको संकेत अथवा किल्लालाई यताउता गरोस् ताकि आफ्नो छिमेकीको हक निराधार तरिकाले कब्जा गरोस् । र यस्तै यसैमा खेतको

वरिपरि भएको मेडलाई जोत्नु काट्नु पनि आउँछ। र यसैको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन्:
" لعن الله من غير منار الأرض " رواه مسلم بشرح النووي 13/141.

अर्थ : त्यस मान्छेमाथि अल्लाहको धिक्कार होस् जुन जमिनका संकेतको लागि लगाइएका चिन्हहरूलाई यताउता गरोस्। ( मुस्लिम नव्वीको व्याख्याको साथ १३/१४१ )

# सिफारिश गरेकोमा उपहार कबूल गर्नु

मान्छेहरू बीच उच्च दर्जा स्थान र पद भक्तमाथि अल्लाहको अनुकम्पामध्येको एक हो जबकि त्यो यस अनुकम्पामाथि अल्लाहको कृतज्ञता प्रकट गरोस्, र यसको कृतज्ञता यसरी प्रकट गरिन्छ कि मान्छे त्यस पदद्वारा अल्लाहका आस्थावान भक्तहरूलाई लाभ पुऱ्याओस् । र यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन अन्तर्गत आउँछः

" من استطاع منكم أن ينفع أخاه فليفعل " رواه مسلم 1726/4.

अर्थ : तिमीमध्ये जुन आफ्नो भाइलाई लाभ पुऱ्याउन सक्दछ त्यो अवश्य लाभ पुऱ्याओस् । ( मूस्लिम ४/१७२६ )

र जसले पनि आफ्नो मुसलमान भाइलाई आफ्नो पदद्वारा कुनै लाभ पुऱ्यायो वा त्यसबाट अत्याचार र अन्यायलाई हटायो बिना कुनै हराम कार्य गरी, त त्यसलाई अल्लाह त्यसको यस कार्यको पुण्य दिन्छन् यदि त्यसले यस कार्यद्वारा त्यसको नीयत अल्लाहको प्रसन्नता प्राप्ति थियो । जसरी कि यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले खबर दिएका छन् किः

" اشفعوا تؤجروا " رواه أبو داود 5132 والحديث في الصحيحين فتح الباري 450/10 كتاب الأدب باب تعاون المؤمنين بعضهم بعضا.

अर्थ : सिफारिश गर र पुण्य कमाऊ । ( यस हदीसलाई अबू दाऊदले हदीस नं. ४१३२ मा वर्णन गरेका छन्, र सहीह बुखारी, र सहीह मुस्लिममा पनि यो हदीस वर्णित छ, हेर्नुस् फतहुल बारी १०/४५०, किताबुल् अदब, बाबो तआउनुल मुमिनीन बअ्जहुम बअ्जा )

त यस्तो प्रकारको सिफारिश गर्नुमा वा माध्यम बननुमा रुपैयाँ लिनु जायज छैन, जस्तोकि अबू उमामा रजिअल्लाहो अन्हो वर्णन गर्दछन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" من شفع لأحد شفاعة، فأهدى له هدية (عليها) فقبلها (منه) فقد أتى بابا عظيما من أبواب الربا ". رواه الإمام أحمد 261/5

وهو في صحيح الجامع 6292.

अर्थ : जसले कसैको लागि सिफारिश गर्‍यो, अनि त्यसलाई यस कार्यलाई गर्नुको कारण उपहार दिइयो, त यदि त्यसले यो उपहार कबूल गर्‍यो भने त्यो सूदको विशाल ढोकामा आइपुग्यो । ( यसलाई अहमदले ५/२६१ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ६२९२ मा पनि वर्णित छ )

र केही पद पाएका मानिसहरूलाई काम दिलाउनुको लागि, वा जागिर दिलाउनुको लागि, वा सरुवा गराउनुको लागि, वा विरामीलाई चिकित्सा दिलाउनुको लागि पैसा दिइन्छ, तर यस्तो पैसा कबूल गर्नु हराम छ । र यसको प्रमाण अबू उमामाको त्यो हदीस हो जसलाई उपरोक्तमा वर्णन गरियो । बरु इब्ने बाज रहेमहुल्लाहको कथन अनुसार यस हदीसबाट यो पनि प्रष्ट हुन्छ कि बिना शर्त पनि यदि कुनै कुरा दिइन्छ त त्यसलाई पनि कबूल गर्नु हराम छ ।

र जुन व्यक्ति यस कार्यको प्रतिफल अर्थात सिफारिश गरेको कार्यको प्रतिफलको अभिलाषी हुन्छ, त अल्लाह त्यसलाई प्रलयको दिन अति उत्तम प्रतिफल प्रदान गर्नेछ । एउटा मान्छे हसन बिन सहल समक्ष आयो र उहाँसित आफ्नो कुनै कुरामा सिफारिशको अनुरोध गर्‍यो, अनि उहाँले त्यसको कार्य गरिदिनु भयो, त त्यस मान्छेले हसनको आभार प्रकट गर्न थाल्यो, त उहाँले भन्नु भयो: तिमी मेरो आभार प्रकट गरिरहेका छौ जबकि हाम्रो दृष्टिमा पदको पनि उस्तै जकात छ जसरी मालको जकात छ । ( अल्आदाबुश् शरअीयह लेखक: इब्ने मुफ्लेह २/१७६ )

र यहाँ यो स्पष्ट गरिदिनु जरुरी छ कि यदि कसैलाई समस्याहरूको समाधानको लागि र त्यसको रेखदेख गर्नुको लागि पैसामा राखिएको छ, त त्यसको हुकुम आर्को छ, त्यस मान्छे भैं छैन जुन मात्र आफ्नो पावर र पदको माध्यमले कुनै कार्यलाई सम्पन्न गर्छद । त पैसा दिएर राखिएको मान्छे आफ्नो पारिश्रमिक अवश्य लिन्छ, तर पद र पावरमा

भएको मान्छे कार्य गरे पश्चात वा गराए पश्चात लिन्छ भने यो पैसा हराम छ ।

# कार्य गराएर मजदूरलाई त्यसको ज्याला ( पारिश्रमिक) नदिनु

रसूल सल्लल्लाहो अलैहे वसल्लमले मजदूरको ज्याला त्यसलाई छिटोभन्दा छिटो दिनुतर्फ उत्साहित गरेका छन्, जस्तोकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

" أعطوا الأجير أجره قبل أن يجف عرقه " رواه ابن ماجة

2/817 وهو في صحيح الجامع 1493.

अर्थ : मजदूरको पारिश्रमिक त्यसको पसीना सुख्नुभन्दा अघि नै दिइहाद । ( यसलाई इब्ने माजाले २/८१७ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. १४९३ मा पनि वर्णित छ )

र वर्तमानमा जुन अत्याचार मजदूरहरू र माकदारहरूमाथि हाम्रो समाजमा गरिन्छ तिनीहरूका जायज र मानवीय अधिकार र पारिश्रमिकलाई नदिएर, वा त्यसलाई दिनुमा टालमटोल गरेर जसमध्ये केहीको विवरण निम्नमा गरिन्छ :

□ मजदूरको हकको (ज्यालाको) पूर्णतया इन्कार गर्नु, अर्थात काम गराएको मान्छे यो भनोस् कि यसको मसित कुनै पैसा बाँकी छैन, र मजदूरसित यसको कुनै प्रमाण पनि हुँदैन । त यस्तो मान्छे यद्यपि यस संसारमा आफ्नो हक पाएन, तर प्रलयको दिन अल्लाहकहाँ त्यसको हक कतै जाँदैन, किनकि प्रलयको दिन अत्याचारीहरू जस जसले मानिसहरूको हक र माल खाएका थिए आउँछन्, अनि तिनीका सत्कर्महरू ती मानिसहरूलाई प्रदान गरिन्छ जस जसको हक र माललाई तिनीले खाएका थिए, अनि जब तिनका समस्त सुकर्महरू समाप्त भइहाल्छन् त जसमाथि अत्याचार गरेका थिए तिनका कुकर्महरूलाई उनीहरूमाथि लादिन्छ, अनि तिनलाई नर्कमा फालिन्छ ।

□ वा कार्य गराउने मान्छे मजदूरको ज्याला पूर्णतया दिदैन बरु कम गरेर दिन्छ, र जुन कटौती त्यसले गरेको छ त्यो निराधार छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَيۡلٞ لِّلۡمُطَفِّفِينَ ١ ﴾ المطففين: ١

अर्थ : नाप र तौलमा कमी गर्नेहरूलाई ठूलो खराबी छ । ( सूरतुल् मुतफ्फेफीन १ )

र यसको उदाहरण यो हो कि जुन वर्तमानमा कामदारहरूका कफीलहरू (मालिकहरू) आफ्नो कामदारहरूसँग गरिरहेका छन् कि जब विदेशबाट कामदारहरूलाई बोलाउँछन् यस्तो अवस्थामा कि एउटा निर्धारित तलबमाथि सम्झौता (एग्रीमेन्ट)भएको हुन्छ, तर जब कामदार कार्य गर्ने आरम्भ गर्छ त त्यसलाई सम्झौता अनुसार तलब दिन्नन्, बरु कम गरेर दिन्छन्, अनि उनीहरू यस कार्यलाई घृणा गर्न थाल्छन्, र अल्लाहसित गुनासो गर्न थाल्छन् । र यदि कफील मुसलमान हो र कामदार काफिर हो भने मालिकको यस करतूतको कारण त्यो इस्लाममा प्रवेश गर्दैन त्यसको हृदयमा घृणा उत्पन्न भएको कारण, अनि मालिक पनि त्यसको पापको भागीदार भइहाल्दछ ।

 वा यस्तो पनि गरिन्छ कि जुन कार्यमाथि सम्झौता भएको थियो त्यसभन्दा बढी काम लिन्छ, वा कफील त्यसको कामको समयअवधि बढाइदिन्छ, तर त्यसलाई मात्र बेसिक तलब नै दिन्छ, र बढी कामको पैसा दिदैन ।

 वा मालिक त्यसको हक दिनुमा टालमटोल गर्छ, यसर्थ त्यसको हक तबसम्म दिदैन जबसम्म त्यो त्यसको लागि दुगुरेर हैरान नभइहालोस्, वा हाकिमसित गुनासो नगरोस् । र मालिकहरू यस्तो यस कारण गर्छन् ताकि कामदार थाकेर र हैरान भएर आफ्नो हकलाई छाडिदेओस्, वा यस कारण दिदैन ताकि त्यसको यस मालबाट लाभ प्राप्त गरुन्, जसरी कि त्यसलाई कुनै ठाउँमा लगाएर वा ब्याजमा लगाएर लाभ प्राप्त गरियोस् । र यो माल जसको हो त्यो गरिब नत स्वयमको लागि जीविकाको बन्दोबस्त गर्न सक्दछ, नत आफ्नो परिवारलाई नै केही पठाउन सक्छ कि त्यसका निमुखा छोरा छोरीहरू त्यसबाट लाभान्वित होउन् जिनको जीविकाको कारण नै त्यो आफ्नो देशलाई छाडेर विदेशमा आएको थियो ।

यसर्थ यस्ता अत्याचारीहरूमाथि अल्लाहको धिक्कार होस् र नर्कको दुखद यातना पनि । हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" قال الله تعالى: ثلاثة أنا خصمهم يوم القيامة رجل أعطى بي ثم غدر ورجل باع حرا وأكل ثمنه ورجل استأجر أجيرا فاستوفى منه ولم يعطه أجره " رواه البخاري انظر فتح الباري 4/447.

अर्थ : अल्लाह भन्छः प्रलयको दिन तीन प्रकारका मान्छेहरूको म विरोधि हुनेछु एउटा त्यो मान्छे जसलाई मेरो नाममा कुनै कुरा दिइयो अनि त्यसले त्यसमा धोका गऱ्यो, र आर्को त्यो मान्छे जसले स्वतन्त्र मान्छेलाई बिक्री गरेर त्यसको पैसालाई खायो, र तेस्रो त्यो जसले कसैलाई मजदूरीमा राख्यो, अनि त्यसले काम पूर्ण गऱ्यो तर काम गराउने मान्छेले त्यसको ज्याला दिएन । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल बारी ४/४४७ )

# सन्तानहरूलाई उपहार दिनुमा अन्याय गर्नु

केही मानिसहरू आफ्ना केही संतानहरूलाई केही उपहार दिनुको लागि मनोनीत गरिलिन्छन्, र केहीलाई उपहार दिएर अरुलाई त्यसबाट वंचित नै राख्दछन्, त यस्तो गर्नु हराम छ। बरु यदि कुनै कारण यस्तो गर्छ भने कुनै आपत्ति छैन, जसरी कोही विरामी भएको छ, वा त्यसमाथि ऋणको भार छ, वा त्यसको परिवार लामो छ, वा त्यो अहिले अध्ययनरत छ ..... आदि, त यस्तो अवस्थामा पिता त्यसलाई विशेषरूपले सहायता गर्न सक्दछ यस नीयतको साथ कि यस्तै अवस्था अरु संतानहरूमा आएकोमा यस्तै उनीहरूको पनि सहायता गर्नेछ। किनकि अल्लाहको फर्मान छः

﴿ ٱعۡدِلُواْ هُوَ أَقۡرَبُ لِلتَّقۡوَىٰۖ وَٱتَّقُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ خَبِيرُۢ بِمَا تَعۡمَلُونَ ۝٨ ﴾ المائدة: ٨

अर्थ : उनीसित न्याय गर्ने गर, किनभने यही नै संयमको नजीक हुन्छ, र अल्लाह सित डर। विश्वास गर कि अल्लाहलाई तिम्रा सम्पूर्ण क्रियाकलापहरू बारे राम्ररी थाहा छ। (सूरतुल् माइदः ८)

र यस कुरामाथि विशेषरूपले त्यो हदीस प्रमाण हो जसलाई नुअ्मान बिन बशीरले वर्णन गरेका छन् कि उनका पिता रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष आएर भनेः

" إني نحلت ابني هذا غلاما (أي وهبته عبدا كان عندي) فقال رسول الله صلى الله عليه وسلم أكل ولدك نحلته مثله ؟ فقال لا فقال رسول الله صلى الله عليه وسلم فأرجعه " رواه البخاري

انظر الفتح 5/211.

अर्थ : मैले आफ्नो यस छोरालाई एउटा दास उपहार गरें, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः के तिमीले आफ्नो प्रत्येक सन्तानलाई यस्तै दास प्रदान गरेका छौ ? त मेरो पिताले भनेः हैन, सबैलाई प्रदान गरे छैन, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु

भयोः यसो भए यसबाट पनि दासलाई फिर्ता लिइहाल । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी ५/२११ )

र आर्को हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मेरो पितासित भन्नु भयोः

" فاتقوا الله واعدلوا بين أولادكم " قال فرجع فرد عطيته الفتح 5/211،

अर्थ : अल्लाहसित डर मान्दै गर, र आफ्ना सन्तानहरू बीच नयाय गर, अनि उनले आफूले दिएको उपहार फिर्ता लिनु भयो । ( फतहुल् बारी ५/२११ )

र आर्को हदीसमा छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" فلا تشهدني إذا فإني لا أشهد على جور " صحيح مسلم 3/1243.

अर्थ : यसर्थ मलाई यसमा गवाह नबनाऊ, किनकि म अन्यायमाथि गवाह बन्दैन । ( मुस्लिम ३/१२४३ )

र पुलिङ्गलाई स्त्रीलिङ्गको दुई गुना देओस्, जसरी कि पैतृक सम्पत्तिमा दिइन्छ। र यो कथन इमाम अहमदको हो। (हेर्नुस् मसाइलुल् इमाम अहमद लेअबी दाऊद २०४)

र यसलाई यसै किताबको टीकाटिप्पणीमा इमाम इब्नुल् कैयिमले अनुसंधान पनि गरेका छन् ।

र विचारयुक्त दृष्टि राख्ने मान्छे केही यस्ता परिवारलाई पनि पाउँछ जसमा माता पिता आफ्नो सन्तानहरूमा भेदभाव गर्दछन्, र केहीलाई छाडी केहीलाई उपहार दिन्छन्, जसलेगर्दा त्यसको आफ्नै सन्तान बीच ईर्ष्या र शत्रुता सृजित गर्छ। र माता पिता आफ्नो कुनै छोरालाई यस कारण अधिक दिन्छन् किनकि त्यो आफ्नो काकाहरू अनुरूप छ, वा यस कारण कसैलाई उपहारबाट वंचित राखिन्छ किनकि त्यो आफ्नो मामा अनुरूप छ । र यस्तै पिता एउटी स्वास्नीबाट जन्मेका छोराहरूलाई जति दिन्छ त्यति आर्कोबाट जन्मेकाहरूलाई दिदैन, वा

केहीलाई राम्रो स्कूलमा पढाउँछ, र अरुलाई त्यस बाहेकका स्कूलहरूमा पढाउँछ ।

त यस्तो गर्नुको दुखद परिणाम पितालाई आफै भोग्नु पर्छ, किनकि जसमाथि आज त्यो अन्याय गरिहेको छ त्यसको वृद्ध अवस्थामा त्यो छोरा त्यससित सुव्यवहार कसरी गर्नसक्छ, र त्यसमाथि उपकार कसरी गर्छ ? र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेको बारेमा भनेका छन् जुन आफ्नो सन्तान बीच समान व्यवहार गर्दैन, र यनी बीच न्याय गर्दैन कि:

"...أليس يسرك أن يكونوا إليك في البر سواء...". رواه الإمام أحمد 4/269 وهو في صحيح مسلم رقم 1623

अर्थ : .... के तिमीलाई यो प्रिय छैन कि तिमीसित सुव्यवहार गर्नुमा तिम्रो समस्त सन्तान एकनास होस ? .... । ( यसलाई अहमदले ४/२६९ मा वर्णन गरेका छन्, र मुस्लिमले हदीस नं. १६२३ मा वर्णन गरेका छन् )

# अनावश्यक भिक्षा माँग्नु

हजरत सहल बिन हन्ज़लीयह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

"من سأل وعنده ما يغنيه فإنما يستكثر من جمر جهنم قالوا وما الغنى الذي لا تنبغي معه المسألة قال قدر ما يغديه ويعشيه"

رواه أبو داود 281/2 وهو في صحيح الجامع 6280

अर्थ : जससित त्यसको आवश्यकतालाई पूर्ण गर्ने माल छ तै पनि त्यो भिक्षा माँग्दछ भने त्यो नर्कको आगोको डल्लो जम्मा गरिरहेको छ, त उहाँसित सहाबाहरूले सोधे कि आवश्यकता पूर्ण गर्ने मालको मात्रा कति हो जुन भएमा मान्छेलाई भिक्षा माँगनु उचित छैन ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः त्यससित यति माल होस् कि त्यो बिहान र साँझ भोजन गर्न सकोस् । ( अबू दाऊद २/२८१, सहीहुल् जामेअ् हदीस नं. ६२८० )

र हजरत इब्ने मस्ऊदको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" من سأل وله ما يغنيه جاءت يوم القيامة خدوشا أو كدوشا في وجهه " رواه الإمام أحمد 388/1 انظر صحيح الجامع

.6255

अर्थ : जससित त्यसको आवशयकतालाई पूर्ण गर्ने माल भए पनि त्यो भिक्षा माँग्दछ भने त्यो प्रलयको दिन यस्तो अवस्थामा आउनेछ कि त्यसको अनुहारमा घाउ हुन्छ । ( यसलाई अहमदले १/३८८ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ६२५५ मा पनि वर्णित छ )

र केही भिक्षा माँग्नेहरू मान्छेहरू बीच मस्जिदहरूमा नै उभेर आफ्नो अवस्था र दुःख वर्णन गर्न थाल्दछन्, र नमाजीहरूको तस्बीह र गनुणगान गर्ने कार्यमा अवरोध हाल्दछन्, र यस्तो गर्नुमा केही त झूठको सहारा लिन्छन् र असत्यतामा आधारित पत्र देखाउँछन्, र असत्य कथाहरू घट्नाहरू सुनाउँछन्, र कतिपय मानिसहरू त आफ्नो

घरका समस्त मानिसहरूलाई मस्जिदहरूमा भिक्षा माँग्नुको लागि खटाइदिन्छन्, अनि एकपछि आर्को मस्जिदमा जाँदै गर्छन् । तर वास्तवमा तिनीहरूलाई भिक्षा माँग्नुको कुनै आवश्यकता हुँदैन, र तिनको वास्तविक हालबारे अल्लाह नै ज्ञानी हुन्छ, अनि यस्ता खालका मानिसहरूको जब मृत्यु हुन्छ त उनीले आफूपछि छाडेर गएका अचल समपत्ति जाहेर हुन्छ ।

र यिनीहरूको कारण ती मानिसहरू दानबाट वंचित रहन्छन् जिनलाई वास्तवमा यसको आवश्यकता हुन्छ, किनकि उनीहरू यी पापीहरू झैं हात पसारेर भिक्षा माँग्दैनन् कि उनीलाई पनि दान दिइयोस् ।

## भुक्तान नगर्ने उद्देश्यले ऋण (कर्ज,उधार) लिनु

भक्तहरूको अधिकारको महत्व अल्लाह निकट विशिष्ट छ, अल्लाहको अधिकार त तौबाले माफ भइहाल्छ तर भक्तहरूको हकमा सीमा उल्लंघन गरेमा त्यसलाई त्यस दिनभन्दा अघि नै चुक्ता गरिदिनुमा नै भलाई छ जस दिन धन सम्पत्ति कसैको काम लाग्ने छैन, बरु त्यस दिन मान्छेको सुकर्म र कुकर्म नै त्यसको साथी हुनेछ । अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱللَّهَ يَأۡمُرُكُمۡ أَن تُؤَدُّواْ ٱلۡأَمَٰنَٰتِ إِلَىٰٓ أَهۡلِهَا ﴾ النساء: ٥٨

अर्थ : अल्लाह तिमीलाई आदेश गर्दछ कि नासोवालाहरूलाई तिनको नासो पुऱ्याएदेऊ । ( सूरतुन्निसा ५८ )

त वर्तमान युगमा ऋण लिनुमा मान्छेहरू हतार गर्छन्, र कतिपय त अनावश्यक ऋण लिएर व्यापार गर्छन्, वा अरु मानिसहरूसित प्रतिस्पर्धा गर्दै ऋण लिएर राम्रा राम्रा र भव्य एवं विशाल गाडि ... आदि किन्दछन्, र यस ऋणलाई चुक्ता गर्नुमा उनीहरू किस्ताको सहारा लिन्छन् वा यसै जस्ता कुराहरूको सहारा लिन्छन् जुन हरामबाट रिक्त छैन ।

र अनावाश्यक ऋण लिएको कारण त्यसलाई चुक्ता गर्नुमा ढिलोसुस्ती गर्छन् वा आर्काको सम्पत्तिलाई नष्ट गरिदिन्छन् । त यिनै कारणहरूलेगर्दा रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसको दुखद परिणामबारे सचेत गरेका छन्, उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

" من أخذ أموال الناس يريد أداءها أدى الله عنه ومن أخذ يريد إتلافها أتلفه الله " رواه البخاري انظر فتح الباري 5/54.

अर्थ : जसले मान्छेहरूबाट ऋण यस नीयतले लिएको छ कि त्यो त्यसलाई चुक्ता गर्नेछ त अल्लाहले त्यसको ऋणलाई चुक्ता गरिदिन्छ, र जसले ऋण यस मनसायले लिएको छ कि त्यसलाई नष्ट पारिदिन्छ त अल्लाह त्यसलाई नष्ट पारिदिन्छ । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी ५/५४ )

र मान्छेहरू ऋणको बारेमा धेरै सुस्ती गर्छन् र त्यसलाई सानोतिनो कुरा ठान्दछन्, तर वास्तवमा त्यो अल्लाह निकट अति महत्वपूर्ण छ, बरु शहीद जसको दर्जा अति श्रेष्ठ छ, र त्यसको प्रतिफल विशाल छ तै पनि यदि त्यसमाथि ऋणको भुक्तानी बाँकी छ भने यसबाट त्यो बाँचन सक्दैन, र यसको प्रमाण रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन हो:

" سبحان الله ماذا أنزل الله من التشديد في الدين والذي نفسي بيده لو أن رجلا قتل في سبيل الله ثم أحيي ثم قتل ثم أحيي ثم قتل وعليه دين ما دخل الجنة حتى يقضى عنه دينه " رواه النسائي

انظر المجتبى 7/314 وهو في صحيح الجامع 3594.

अर्थ : अल्लाह पवित्र र महान छ जसले ऋणको बारेमा यति कठोरता अवतरित गरेको छ, र त्यसको शपथ जसको हातमा मेरो ज्यान छ यदि कुनै मान्छे अल्लाहको मार्गमा शहीद भइहालोस्, अनि त्यसलाई पुनः जीवित गरियोस अनि फेरि शहीद होस्, अनि पुनः जीवित गरियोस्, अनि त्यो पुनः शहीद भइहालोस् यस्तो अवस्थामा कि त्यसमाथि ऋण होस् भने त्यो तबसम्म स्वर्गमा प्रवेश गर्दैन जबसम्म त्यस ऋणलाई चुक्ता नगरोस् । ( यसलाई नेसाईले वर्णन गरेका छन्, र हेर्नुस् अल् मुजतबा ७/३१४, र सहीहुल् जामेअ् हदीस नं. ३५९४ )

त के यस कुरालाई जाने पश्चात पनि ऋण लिनेहरू यसमा ढीलासुस्ती देखाउँछन् र यसलाई तिर्नुलाई बेवास्ता गर्छन् ।

# हराम खानु

जुन मान्छे अल्लाहसित डर मान्दैन त्यो यो वास्ता गर्दैन कि त्यसले माल कताबाट कमायो र कता खर्च गऱ्यो, बरु त्यसको अभीष्ट मात्र यति हुन्छ कि त्यो आफ्नो सम्पत्तिमा अभिवृद्धि गरोस्, चाहे त्यो वृद्धि हराम मालद्वारा किन नहोस्, अर्थात चोरी, डकैती ठगी, हक हनन्, घोकाधडी, टुहुरोको माल खोस्नुबाट किन नहोस् । वा हराम कार्यद्वारा कमाइएको माल किन नहोस् जसरी अन्तरयामी र ज्योतिषी हुने दावी गरेर कमाइएको माल, निर्लज्जतापूर्ण कार्य गरेर कमाइएको माल, गाना गाएर कमाइएको माल, सार्वजनिक र मुसलमानहरूको माललाई चोरेर एकत्रित गरिएको माल, कसैको हक हनन् गरेर प्राप्त गरिएको माल, अनावशयक भिक्षा माँगेर कमाइएको माल ... आदि ।

अनि त्यो मान्छे त्यसै हराम मालबाट खान्छ र लुगा लगाउँछ, गाडी किन्दछ र व्यापार एवं व्यवसाय गर्दछ, अर्थात हरेक प्रकारले यस हराम माललाई आफ्नो पेटमा हाल्दछ । तर रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" كل لحم نبت من سحت فالنار أولى به... " رواه الطبراني في الكبير 19/136 وهو في صحيح الجامع 4495.

अर्थ : त्यो मासु जुन हराम माल खाएर सृजित भएको छ त्यसको लागि नर्कको आगो नै उत्तम छ । ( यसलाई तब्रानीले कबीरको १९/१३६ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ४४९५ मा पनि वर्णित छ )

र मान्छेसित प्रलयको दिन त्यसको मालको बारेमा सोधिन्छ कि त्यसले त्यसलाई कताबाट र कसरी कमायो र कता खर्च गऱ्यो, त त्यहाँ कतिपय मान्छेहरू घाटामा पर्नेहरूमध्येका हुन्छन् । यसर्थ जससित अहिले पनि हराम माल बाँकी होस् त्यो त्यसबाट आफ्नो पीछा छोडाओस्, र यदि त्यो कुनै मान्छेको हक हो भने त्यसलाई तुरुन्तै त्यस मान्छेलाई फर्काइहालोस्, र त्यो माल फर्काउनुको साथै त्यसबाट माफीको अनुरोध पनि गरोस्, र त्यो दिन आउनुभन्दा अघि नै यो कर्म गरिहालोस् कि जस दिन रुपैयाँ, माल, र धन सम्पत्ति कुनै लाभ

दिनेवाला छैन, बरु त्यस दिन त मान्छेको सुकर्म र कुकर्म नै सबै हुनेछ ।

# मदिरा सेवन चाहे एक थोपा किन नहोस्

अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡخَمۡرُ وَٱلۡمَيۡسِرُ وَٱلۡأَنصَابُ وَٱلۡأَزۡلَٰمُ رِجۡسٞ مِّنۡ عَمَلِ ٱلشَّيۡطَٰنِ فَٱجۡتَنِبُوهُ لَعَلَّكُمۡ تُفۡلِحُونَ ٩٠ ﴾ المائدة: ٩٠

अर्थ : हे आस्थावानहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरूमध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । ( सूरतुल् माइदः ९० )

र अल्लाहको मदिराबाट बाँच्नुको आदेश गर्नु नै त्यसको अवैध हुने सर्वोत्कृष्ट प्रमाण हो । र अल्लाहले यस श्लोकमा मदिरालाई काफिर नास्तिकहरूका मिथ्या पूजयहरूसित दाँजेको छ, यसर्थ ती मानिसहरूको लागि कुनै प्रमाण बाँकी रहँदैन जुन यो भन्न खोज्दछन् कि अल्लाहले यसलाई हराम भनेको छैन, बरु अल्लाहले यो भनेको छ कि यसबाट बाँच्दै रहनु ।

र नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा वर्णित हदीसहरूमा मदिरा सेवनको सख्त घृणा वर्णित छ, र त्यस मान्छेलाई धिक्कृत गरिएको छ जुन मदिरा सेवन गर्छ । हजरत जाबिर बिन अब्दुल्लाह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"... إن على الله عز وجل عهدا لمن يشرب المسكر أن يسقيه من طينة الخبال " قالوا: يا رسول الله وما طينة الخبال ؟ قال: " عرق أهل النار أو عصارة أهل النار " رواه مسلم 3/1587.

अर्थ : अल्लाहको यो प्रतिज्ञा छ कि जसले पनि मदिरा सेवन गर्छ त्यसलाई अल्लाह तीनतुल् खबालबाट अवश्य पिलाउँछन्, त सहाबाहरूले सोधे हे अल्लाहका रसूल यो तीनतुल् खबाल के हो ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: नर्कबासीहरूको पसीना, वा नर्कबासीहरूको पीप । ( यसलाई मुस्लिमले ३/१५८७ मा वर्णन गरेका छन् )

र इब्ने अब्बासद्वारा मरफूअन् वर्णन छ कि:

" من مات مدمن خمر لقي الله وهو كعابد وثن " رواه الطبراني 45/12 وهو في صحيح الجامع 6525.

अर्थ : निरन्तरताले मदिरा सेवन गर्नेवाला मान्छे यदि यस्तै अवस्थामा मऱ्यो भने त्यो अल्लाहसित यस्तो अवस्थामा भेट्ने छ मानो त्यो मूर्तिपूजक थियो । ( तब्रानीले यसलाई कबीरको १२/४५ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को ६५२५ हदीस नं. मा पनि वर्णित छ )

र वर्तमानकालमा मदिरा र नशीलो पदार्थहरूका नामहरू नानाथरीका भइसकेका छन् र त्यसलाई विभिन्न नामहरूद्वारा नामाकरण गरिएको छ, चाहे त्यो अरबी भाषामा होस् वा अरु कुनै भाषामा यसर्थ त्यसलाई बीरा (बियर) अल् जुआ, अल् कुहल, अल् अरक, फोदका, अश्शमबानीया (शम्पियन) .... आदि नामले नामांकित गरिएको छ, र यस उम्मतमा त्यो थरी पनि जाहेर भयो जसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसरी खबर दिनु भएको थियोः

" ليشربن ناس من أمتي الخمر يسمونها بغير اسمها " رواه الإمام أحمد 342/5 وهو في صحيح الجامع 5453.

अर्थ : मेरो अनुयायीहरूमध्ये केही मानिसहरू यस्ता पनि आउनेछन्, जुन मदिरालाई आर्को नाम दिएर त्यसको सेवन गर्नेछन् । ( यस हदीसलाई अहमदले ५/३४२ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअको हदीस नं. ५४५३ मा पनि वर्णित छ )

यसर्थ यसलाई सेवन गर्नेहरू यसलाई मदिरा भन्नुको सट्टामा आत्मिक पेय पदार्थ भन्छन् ताकि धोका दिन सकुन् जस्तोकि अल्लाहको फर्मान छः

﴿ يُخَٰدِعُونَ ٱللَّهَ وَٱلَّذِينَ ءَامَنُواْ وَمَا يَخۡدَعُونَ إِلَّآ أَنفُسَهُمۡ وَمَا يَشۡعُرُونَ ٩ ﴾ البقرة: ٩

अर्थ : तिनीहरू अल्लाह र आस्थावानहरूलाई धोका दिइरहेका छन्, तर यथार्थमा आफूलाई नै धोका दिइरहेका छन्, तर तिनीहरूले बुझ्दैनन् । ( सूरतुल् बकर: ९ )

तर इस्लामीय विधान एउटा यस्तो विधान ल्याएको छ जुन सत्यतालाई स्पष्ट गरिदिन्छ, र क्षलीहरूको क्षललाई समाप्त गरिदिन्छ, र जुन खेलवाड मानिसहरू यस धर्मका निर्देशनहरूसित गरिरहेका छन् त्यसको पोल पूर्णतया खोलिदिन्छ । र त्यो मापदण्ड एवं कसौटी एवं विधि हो रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन:

" كل مسكر خمر وكل مسكر حرام " رواه مسلم 1587/3.

अर्थ : प्रत्येक नशीलो पदार्थ मदिरा हो, र प्रत्येक प्रकारको मदिरा हराम छ । ( यसलाई मुस्लिमले ३/१५८७ मा वर्णन गरेका छन् )

यसर्थ जुन पदार्थ पनि मानिसलाई उन्मादी बनाओस् र त्यसको मनीषलाई असन्तुलित बनाओस् त्यसको धेरै मात्राको साथै थोरै मात्रा पनि हराम छ जस्तोकि अबू दाऊदको हदीसमा छ:

" ما أسكر كثيره فقليله حرام " قد رواه أبو داود رقم 3681

وهو في صحيح أبي داود رقم 3128

अर्थ : जसको धेरै मात्रा उन्मादी बनाओस् त्यसको थोरै मात्रा पनि हराम छ । ( अबू दाऊद हदीस नं. ३६८१, र सहीह अबू दाऊद हदीस नं. ३१२८ )

यसर्थ यस्ता खालका पदार्थहरूका जति नाम राखिए पनि त्यसको हुकुम एउटै नै रहन्छ ।

र यस कुराको अन्त्यमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो उपदेश प्रस्तुत गर्दछु जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमले मदिरा सेवन गर्नेहरूलाई गरेका छन्:

" من شرب الخمر وسكر لم تقبل له صلاة أربعين صباحا وإن مات دخل النار فإن تاب تاب الله عليه وإن عاد فشرب فسكر لم تقبل له صلاة أربعين صباحا فإن مات دخل النار فإن تاب تاب الله عليه وإن عاد فشرب فسكر لم تقبل له صلاة أربعين صباحا

فإن مات دخل النار فإن تاب تاب الله عليه وإن عاد كان حقا على الله أن يسقيه من ردغة الخبال يوم القيامة قالوا يا رسول الله وما ردغة الخبال قال: عصارة أهل النار" رواه ابن ماجة رقم 3377

وهو في صحيح الجامع 6313.

अर्थ : जसले मदिरा सेवन गर्‍यो अनि त्यसबाट त्यसलाई नशा भयो त त्यसको चालिस दिनको नमाज कबूल हुँदैन, र यदि यसै अवस्थामा त्यसको मृत्यु भयो भने त्यो नर्कमा जानेवाला छ, त यदि त्यसले तौबा (प्रयाश्चित) गर्‍यो भने अल्लाह त्यसको तौबा स्वीकार गरिहाल्दछ। तर यदि त्यसले पुनः मदिरा सेवन गरेर उन्मादी भयो भने फेरि त्यसको ४० दिनको नमाज कबूल हुँदैन, र यदि यसै बीच त्यसको मृत्यु भयो भने त्यो नर्कमा अवश्य जानेछ, अनि यदि त्यसले तौबा गर्‍यो त अल्लाह त्यसको तौबा स्वीकार गरिहाल्छ । अनि यदि त्यसले फेरि मदिरा सेवन गरेर उन्मादी भयो भने पुनः त्यसको चालिस दिनको नमाज स्वीकार हुँदैन, र यदि यसै बीच त्यसको मृत्यु भयो भने त्यो नर्कबासी हुनेछ, तर यदि त्यसले पुनः तौबा गर्‍यो भने अल्लाह त्यसको तौबालाई स्वीकार गरिहाल्छन्। तर यदि त्यसले फेरि मदिरा सेवन गर्छ भने अल्लाहको लागि यो उचित भइहाल्दछ कि त्यो त्यसलाई **रिदगतुल् खबाल**बाट पिलाओस्, त सहाबाहरूले भनेः हे अल्लाहका रसूल यो रिदगतुल् खबाल के हो ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः नर्कबासीहरूको पीप। (यसलाई इब्ने माजाले हदीस नं. ३३७७ मा वर्णन गरेका छन्, र सहीहुल् जामेअ्को हदीस नं. ६३१३ मा पनि यस हदीसलाई वर्णन गरिएको छ )

# सुन चाँदीको बर्तन भाँडा प्रयोग गर्नु र त्यसमा खानपान गर्नु

वर्तमानमा कुनै पनि यस्तो बर्तन विक्री गर्ने दोकान (पसल) छैन जुन सुन चाँदीको भाँडाबाट रिक्त होस्, वा सुन चाँदीको लेप चढाइएका कुराहरू त्यससित नहोस् । र यस्तै समृद्धहरूको कथा पनि छ, र भोजनालय र होटल एवं रेष्टुरेन्टहरूको पनि अवस्था यसबाट भिन्न छैन । बरु वर्तमानकालमा त यो एउटा फैशन भइसकेको छ कि मान्छेहरू सुन चाँदीको भाँडाहरूको उपहार चाँडपर्वहरूमा दिन्छन् । र कतिपय मानिसहरू त आफ्नो घरमा सुन चाँदीका बर्तनहरू राख्दैनन् तर आर्काको घरमा शादी विवाहको अवसरमा त्यसै सुन चाँदीको बर्तनमा नि:संकोच खान्छन् र त्यसलाई प्रयोग गर्छन् ।

र यी समस्त कार्यहरू हराम कार्यहरूमध्येका हुन् जसको इस्लामीय शरीअत (विधान) मा सख्त निन्दा गरिएको छ, र यसलाई प्रयोग गर्ने मान्छेलाई धिक्कृत गरिएको छ । जस्तोकि हजरत सलमा रजिअल्लाहो अन्हाको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " إن الذي يأكل أو يشرب في آنية الفضة والذهب إنما يجرجر في بطنه نار جهنم " رواه مسلم 3/1634.

अर्थ : जुन मान्छे सुन चाँदीको भाँडामा खानपान गर्छ त्यसको पेटमा नर्कको आगो दन्काइन्छ । ( यसलाई मुस्लिमले ३/१६३४ मा वर्णन गरेका छन् )

र यो हुकुम ती समस्त भाँडाहरूलाई शम्मिलित छ जसलाई खानपानमा प्रयोग गरिन्छ जसरी प्लेट, चम्मच, काँटा, र ती समस्त बर्तनहरू जुन भोजहरूमा प्रयोग गरिन्छ ।

र केही मानिसहरू भन्छन् कि हामी यी भाँडाहरूलाई प्रयोग गर्दैनौं बरु यसलाई अल्मारीमा श्रृंगारको लागि राख्दछौं, तर यो पनि जायज छैन किनकि यो त्यसलाई प्रयोग गर्ने माध्यम बनिहाल्छ । (अब्दुल अजीज बिन बाज रहेमहुल्लाह )

# झुठो गवाही दिनु

अल्लाहको फर्मान छः

﴿ فَٱجۡتَنِبُواْ ٱلرِّجۡسَ مِنَ ٱلۡأَوۡثَٰنِ وَٱجۡتَنِبُواْ قَوۡلَ ٱلزُّورِ ﴾ الحج: ٣٠

अर्थ : तसर्थ तिमीहरू मूर्तिहरूको अपवित्रताबाट बच्नु र झुठो कुराहरूबाट पनि बच्नु । ( सूरतुल् हज्ज ३० )

र अब्दुर्रहमान बिन बक्रह रजिअल्लाहो अन्होको वर्णन छ उहाँ भन्छन् कि उहाँको बुवाले भनन्नु भयो किः

"كنا عند رسول الله صلى الله عليه وسلم فقال:" ألا أنبئكم بأكبر الكبائر " ثلاثا " الإشراك بالله وعقوق الوالدين ــ وجلس وكان متكئا ــ فقال: ألا وقول الزور قال فما زال يكررها حتى قلنا: ليته سكت " رواه البخاري انظر الفتح 5/261.

अर्थ : हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको पासमा थिएँ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः के म तिमीहरूलाई महापापको बारेमा नबताऊँ ? र यस वाक्यलाई तीन पटक दोहोऱ्याउनु भयो, अनि भन्नु भयोः अल्लाहको साथमा साझीदार ठहराउनु, र माता पिताको अवज्ञा गर्नु, (अनि टेक लगाएर बसिराख्नु भयो) अनि भन्नु भयोः सावधान ! झुठो गवाही दिनु पनि । र यस वाक्यलाई यति पटक दोहोऱ्याउनु भयो कि हामीले यो भन्न थाले अति राम्रो हुन्थयो यदि उहाँ चुप लाग्नुहुन्थ्यो । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुसे फतहुल बारी ५/२६१ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले झुठो गवाही दिने कुरालाई यति पटक यस कारण दोहोऱ्याउनु भयो किनकि यसबारे मान्छेहरू सुस्ती गर्छन् जस कारण शत्रुता सृजित हुन्छ र उपद्रवको उत्पात हुन्छ । त यसै झुठो गवाहीको कारण कतिपय निर्दोषहरूको हक हनन् गरिन्छ र उनीमाथि अत्याचार गरिन्छ, र कतिपय मानिसहरू झुठ र असत्य गवाहीको कारण ती समस्त कुराहरू प्राप्त गरिहाल्छन् जुन वास्तवमा

तिनको हुँदैन । र कतिपय मानिसहरू जब अदालतसम्म जान्छन् अनि कुनै पनि मानिससित भन्छन्: तिमी मेरो गवाही दिइहाल र म तिम्रो गवाही दिइहाल्छु, अनि त्यो यस्ता समस्त कुराहरूको गवाही दिन्छ जसरी घर, जमिन ... आदि जसको बारेमा त्यसलाई कुनै ज्ञान नै हुँदैन, बरु त्यसको भेट त यस मान्छेसित यतै अदालतमा नै भएको थियो । यसर्थ गवाही त्यस्तै तरिकाले दिनुपर्छ जसरी अल्लाहले आदेश दिएको छ, अल्लाहको भनाई छः

﴿ وَمَا شَهِدۡنَآ إِلَّا بِمَا عَلِمۡنَا ﴾ يوسف: ٨١

अर्थ : र हामीले त्यही गवाही दिएका थियौं जुन हामीलाई थाहा थियो । ( सूरतु यूसुफ ८१ )

## गीत (गाना) संगीत (धुन) बाजा (म्यूजिक) सुन्नु

इब्ने मस्ऊद रजिअल्लाहो अन्हो अल्लाहको शपथ लिएर भन्थे कि अल्लाहको यस कथन ( وَمِنَ ٱلنَّاسِ مَن يَشۡتَرِي لَهۡوَ ٱلۡحَدِيثِ ) को अर्थ होः गीत संगीत। ( तफ्सीर इब्ने कसीर ६/३३३ )

अबू आमिर र अबू मालिक अश्अरी रजिअल्लाहो अन्हुमाको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो किः

" ليكونن من أمتي أقوام يستحلون الحر والحرير والخمر والمعازف... " رواه البخاري انظر الفتح 10/51.

अर्थ : मेरो उम्मतमा (अनुयायीहरूमा) यस्ता मान्छेहरू आउने छन् जुन रेश्मी कपडालाई र गीत संगीत एवं बाजालाई ग्राह्य गरिलिन्छन् ... । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/५१ )

र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" ليكونن في هذه الأمة خسف وقذف ومسخ وذلك إذا شربوا الخمور واتخذوا القينات وضربوا بالمعازف " انظر السلسلة الصحيحة 2203 وعزاه إلى ابن أبي الدنيا في ذم الملاهي

والحديث رواه الترمذي رقم 2212.

अर्थ : यस उम्मतमाथि जमिन धंस्ने, ढुंगाको वर्षा हुने, र अनुहारलाई बिगारिने प्रकोप अवतरित हुनेछ, र यो तब घटित हुन्छ जब मान्छेहरू मदिरा सेवन गर्न थाल्छन्, र व्यश्याहरूको नाचगाना हेर्न थाल्छन्, र गीत संगीत सुन्न थाल्दछन् । ( हेर्नुस् सिलसिलतुस्सहीहा हदीस नं. २२०३, र यसलाई इब्ने अबिद्दुनियाले पनि खेल तमाशा र त्यससित संलग्न गीत संगीत र नाच आदि अन्तर्गत वर्णन गरेका छन्, र यस हदीसलाई इमाम तिर्मिजीले हदीस नं. २२१२ मा वर्णन गरेका छन् )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले तब्ला (डफला) बजाउनुबाट पनि मनाही गरेका छन्, र सीटि र बंसी (बाँसुरी) को आवाजलाई पनि पापयुक्त आवाज भनेका छन्। र विगतका विद्हरूले भनेका छन् जसरी इमाम अहमद ... आदिले म्यूजिकका समस्त यन्त्रहरूबारे जसरी तब्ला, ढोल, ताशा, रबाब, गिटार.... आदिलाई हराम भनेका छन् ।

र यसमा कुनै सन्देह छैन कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मनाही गरेका हदीस अन्तर्गत यी समस्त आधुनिक म्यूजिकका यन्त्रहरू पनि आउँछन्, जसरी पियानो, गिटार, सारंगी, ताशा डिजे ... आदि । बरु यी आधुनिक यन्त्रहरू भूतका बाजाका यन्त्रहरूभन्दा अत्याधिक प्रभावशाली छन्, जसको मनाही हदीसबाट प्रमाणित छ । बरु केही विद्हरूको भनाई छ जसरी जजरी, इब्नुल् कैयिम अदि, कि म्युजिकको उन्माद मदिराभन्दा अधिक हुन्छ। र यस कुरामा पनि कुनै सन्देह छैन कि यी आधुनिक यन्त्रहरूको अवैधानिकता अरु अधिक भइहाल्छ, र यसको पाप अरु बढी भइहाल्छ जब यसको साथै गीत पनि होस् जसरी गाउने तवाइफहरू संगीतको साथ गाँउछिन् । र कुरो अरु गम्भीर भइहाल्छ जब गीतको विषय र मूल मर्म प्रेम माया आदि होस्, वा महिलाहरूको सुन्दरताको चित्रण होस्। त यसै कारण विद्हरूले भनेका छन् कि गीत संगीत व्यभिचारको एउटा माध्यम हो, र यो हृदयमा कपटलाई सृजित पनि गर्छ ।

र संक्षेपमा यो भनम् कि गाना बाजा वर्तमान युगमा धेरै हानिकारक र उपद्रवी कुराहरूमध्येको भइसकेको छ, र हाम्रो यस वर्तमान युगमा यसको हानिकारकता अरु चर्मसीमामा पुगिसकेको छ, किनकि अब यो म्यूजिक घडी, घन्टी, बच्चाहरूको खेल्ने वस्तुहरूमा, कम्प्यूटर, मोबाइल......आदिहरूमा राखिएको छ । यसर्थ यसबाट बाँच्नुको लागि वास्तवमा अल्लाहको सहायता नै चाहिन्छ र त्यसैको सहायताद्वारा नै यसबाट बाँच्न सकिन्छ, तर यसको लागि स्वयम् आफूमा पनि विशाल हिम्मत र शक्ति चाहियो ।

# गीबत (पिशुनता)

वर्तमानकालमा आर्कोको बुराई वर्णन गर्नु (पिशुनता) र आर्कोको उपहास गर्नु हाँसो गर्नुको माध्यम बनिसकेको छ, र आफ्नै मुसलमान भाइको इज्जत सम्मानसित खेलवाड गर्नुको माध्यम भइहालेको छ। र यो यस्तो कुरो हो जसबाट अल्लाहले आफ्ना भक्तहरूलाई रोकेका छन्, र भक्तहरूलाई यसबाट टाढा रहने आदेश गरेका छन्, र यसको चित्रण यस्तो घृणित तरिकाले गरेका छन् कि यसबाट स्वच्छ आत्मा राख्नेहरू टाढा भइहालुन्। अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱجۡتَنِبُواْ كَثِيرٗا مِّنَ ٱلظَّنِّ إِنَّ بَعۡضَ ٱلظَّنِّ إِثۡمٞۖ وَلَا تَجَسَّسُواْ وَلَا يَغۡتَب بَّعۡضُكُم بَعۡضًاۚ أَيُحِبُّ أَحَدُكُمۡ أَن يَأۡكُلَ لَحۡمَ أَخِيهِ مَيۡتٗا فَكَرِهۡتُمُوهُۚ وَٱتَّقُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ تَوَّابٞ رَّحِيمٞ ١٢ ﴾ الحجرات: ١٢

अर्थ : हे ईमानवालाहरू ! धेरै शंका उपशंका गर्नबाट बच। किन भने केही शंका पाप हुन्छन् र एक अर्काको जासूसी नगर, र न त कसैको अनुपस्थितिमा निन्दा (पिशुनता) नै गर्नु। के तिमीहरूमध्ये कसैले आफ्नो मृतक भाइको मासु खान चाहन्छ ? यसलाई तिमीले अवश्य नै घृणा गर्ने छौ। (तसर्थ) अल्लाहसित डर मान्ने गर। निश्चय नै अल्लाह प्रायश्चित स्वीकार गर्नेवाला, अत्यन्त दयावान छ। ( सूरतुल् हुजुरात १२ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसको अर्थलाई यसरी दर्शाएका छन् एक दिन एउटा सभामा रसूल सल्लल्लाहो अलैहे वसल्लम ले सहाबाहरूसित सोधेः

" أتدرون ما الغيبة ؟ قالوا الله ورسوله أعلم. قال: ذكرك أخاك بما يكره قيل: أفرأيت إن كان في أخي ما أقول ؟ قال: إن كان فيه ما تقول فقد اغتبته وإن لم يكن فيه فقد بهته " رواه مسلم

.2001/4

अर्थ : के तिमीहरूलाई थाहा छ कि गीबत (पिशुनता) के हो ? त उहाँका साथीहरूले भनेः अल्लाह र अल्लाहका रसूल यसबारे अधिक

ज्ञानी छन्, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यसको अर्थ हो किः तिमी आफ्नो भाइको बारेमा त्यो कुरो भन जुन त्यसलाई आफूबारे भनिनु अप्रिय लागोस्, त सहाबाहरूले भनेः यदि त्यो कुरो त्यसमा पाइयोस् तै पनि ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यदि त्यो कुरो त्यसमा पाइन्छ भने तिमीले त्यसको गीबत गर्‍यौ, र यदि त्यो कुरो त्यसमा पाइएन भने तिमीले त्यसमाथि आक्षेप लगायौ । ( यसलाई मुस्लिमले ४/२००१ म वर्णन गरेका छन् )

तसर्थ गीबतको अर्थ यो भयो कि तिमी आफ्नो भाइको त्यो कुरालाई वर्णन गर जुन त्यसमा पाइन्छ तर त्यसलाई सुदर्शित हुनुलाई त्यो मनपराउँदैन, अब चाहे त्यो कुरो त्यसको शरीरसित सम्बन्धित होस् वा धर्म र संसारिक कुराहरूसित, त्यसको जीउ आत्मासित संलग्न होस् वा त्यसको आचरण र आकारसित ।

र यसका विभिन्न थरीहरू छन् जसरी त्यसको ऐबलाई वर्णन गर्नु, वा त्यसको आचरण व्यवहार र स्वभावमाथि टिप्पणी गर्नु सभामा वर्णन गर्नु .... आदि ।

र मान्छेहरू पिशुनतामा व्यस्त भएर यसको जघन्यताबाट लापरवाह र अचेत भइहाल्छन्, जबकि यस पापको जघन्यता र घृणता अति विशाल छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" الربا اثنان وسبعون بابا أدناها مثل إتيان الرجل أمه وإن أربى الربا استطالة الرجل في عرض أخيه " السلسلة الصحيحة

.1871

अर्थ : सूदका ७२ श्रेणीहरू छन् जसमध्ये सबैभन्दा न्यूनतम दर्जाको पाप उस्तै छ जसरी केही आफ्नो आमासित व्यभिचार गरोस्, र त्यसको उत्कृष्ट दर्जा आफ्नो मुसलमान भाइको इज्जत सम्मानमाथि अतिक्रमण गर्नु सरह छ । ( सिलसिलतुस्सहीहा हदीस नं. १८७१ )

र जुन यस्ता खालका बैठक र सभाहरूमा उपस्थित होस् त त्यसमाथि यो अनिवार्य छ कि त्यो यस्ता खालका गतिविधिहरूबाट अरुलाई रोकोस्, र आफ्नो मुसलमान भाइको इज्जत सम्मानको रक्षा

गरोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नुतर्फ प्रेरित गरेका छन्, उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" من رد عن عرض أخيه رد الله عن وجهه النار يوم القيامة

" رواه أحمد 450/6 وهو في صحيح الجامع 6238.

अर्थ : जसले आफ्नो भाइको इज्जतको रक्षा गर्‍यो अल्लाह त्यसलाई प्रलयको दिन नर्कको आगोबाट सुरक्षित गरिदिन्छन् । ( यसलाई अहमदले ६/४५० मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ६२३८ मा पनि वर्णित छ )

# चकुली

चकुली वर्तमानकालमा यस्तो माध्यम भइहालेको छ जसद्वारा मानिसहरू बीच शत्रुता, ईर्ष्यालाई विस्तार गरिन्छ, र मानिसहरूको एकआर्कासित भएको रिश्ता नातालाई विच्छेद गरिन्छ, रिश्तेदार र आफन्तीहरू बीच खाल्टो खनिन्छ, र यसै कारण अल्लाहले यसको सख्त निन्दा गरेका छन् । अल्लाहको फर्मान छः

﴿ هَمَّازٍ مَّشَّآءِۭ بِنَمِيمٍ ﴿١١﴾ ﴾ القلم: ١١

अर्थ : बदनाम अर्काको दुर्गुण वर्णन गर्नेवाला र चकुली गर्दै हिड्दछ । ( सूरतुल् कलम ११ )

र हजरत हुजैफा रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि:

" لا يدخل الجنة قتات " رواه البخاري انظر الفتح 472/10

وفي النهاية لابن الأثير 11/4

अर्थ : चकुली गर्दै हिंडनेवाला मान्छे स्वर्गमा प्रवेश पाउँदैन । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/४७२, र नेहाया लेइब्नुल् असीर ४/११ )

र कत्तात (चकुलखोरी) शब्दको अर्थमा भनिएको छ कि यसको अर्थ होः कुनै समूहको कुरालाई लुकेर सुन्नु अनि त्यसलाई अरुसित वर्णन गर्नु ।

र इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम मदीनाका बगैचाहरूमध्ये एउटा बगैचाबाट गुज्रनु भयो, अनि दुईटा मानिसहरूको दुखित कराह सुन्नु भयो जुन आआफ्ना चिहानहरूमा यातना भोगिरहेका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" يعذبان، وما يعذبان في كبير – ثم قال – بلى [وفي رواية: وإنه لكبير] كان أحدهما لا يستتر من بوله وكان الآخر يمشي بالنميمة... " رواه البخاري انظر فتح الباري 317/1.

अर्थ : यी दुवै चिहानमा भएका मानिसहरूलाई यातना दिइराखिएको छ, र दुवैलाई कुनै ठुलो कुराको लागि यातना दिइराखिएको छैन, (र आर्का हदीसमा छ कि त्यो ठुलो कुरो हो) एउटा आफ्नो पिशाबको छिंटाहरूबाट बाँच्दैनथ्यो, र आर्को चकुली गर्दै हिंडथ्यो ... । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल बारी १/३१७ )

र चकुलीका घृणित तरिकाहरूमध्ये यो पनि हो कि मान्छे यसद्वारा लोग्ने स्वास्नी बीच विगार गराइदिन्छ, र दुवैको यस पावन रिश्तालाई भंग गरिदिन्छ। र यस्तै कतिपय कमचारीहरू एकआर्काका कुराहरूलाई त्यस क्षेत्रको अधिकारी सम्म पुऱ्याएर एकआर्कालाई हानि पुऱ्याउन खोज्दछन् । तसर्थ यस्ता खालका समस्त गतिविधिहरू हराम छन् ।

## मान्छेहरूको घरमा बिना अनुमति ताकझाँक गर्नु

अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَدۡخُلُواْ بُيُوتًا غَيۡرَ بُيُوتِكُمۡ حَتَّىٰ تَسۡتَأۡنِسُواْ وَتُسَلِّمُواْ عَلَىٰٓ أَهۡلِهَاۚ ذَٰلِكُمۡ خَيۡرٞ لَّكُمۡ لَعَلَّكُمۡ تَذَكَّرُونَ ٢٧ ﴾ النور: ٢٧

अर्थ : हे मोमिनहरू (आस्थावानहरू) ! आफ्ना घरहरू बाहेक अरुको घरमा प्रवेश नगर जबसम्म कि अनुमति प्राप्त गर्दैनौ, र त्यसमा बस्नेहरूलाई सलाम गर्ने गर। यही नै तिम्रो निम्ति उत्तम छ, यसकारण कि तिमीले ध्यानराख। ( सूरतुन्नूर २७ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनुमति लिनुको कारण नै यो स्पष्ट वार्नु भयो कि बिना अनुमति ताकझाँक गरेर मान्छे अरुको गोप्य कुराहरूबाट अवगत नहोस्, जस्तेकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" إنما جعل الاستئذان من اجل البصر" رواه البخاري انظر فتح الباري 11/24.

अर्थ : अनुमति लिनुलाई (कसैको गोप्यकुरालाई) हेर्ने खतराको कारण नै अनिवार्य गरिएको हो। ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी ११/२४ )

र वर्तमानकालमा मिलेर एकसाथ बनेको घरहरू र स्मार्कहरूको कारण यो कुरो अरु निर्भीक भएर गरिन्छ, र समस्त मान्छेहरू आफ्नो छिमेकीको गुप्त कुराहरूलाई हेर्नथाल्छ, जसरी माथिल्लो कोठामा बस्ने मान्छे वा सामुन्ने भएको घरको झ्यालबाट आर्काको झ्यालमा हेर्नु सामान्य कुरो भइसकेको छ। बरु आज त यस्तो इच्छा गरेर हेरिन्छ, तर यस्तो गर्नु छिमेकीहरूको हक हनन् गर्नु र तिनको इज्जत रसम्मानको अतिक्रमण गर्ने आन्तर्गत आउँछ। र यस कारण ठुलठूला उपद्रव भइसकेका छन्, र समाजमा भीषण विद्रोह र विगार सृजित भइसकेको छ। र यसै कारण यसको रोकथामको लागि यस्तो गर्ने

मान्छेको आँखा फुटाल्ने अनुमति पनि प्रदान गरिएको छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" من اطلع في بيت قوم بغير إذنهم فقد حل لهم أن يفقئوا عينه " رواه مسلم 1699/3

अर्थ : जुन व्यक्ति पनि बिना अनुमति कसैको घरमा ताभ्काँक गरोस् त त्यसलाई यो अधिकार प्राप्त छ कि त्यो त्यस भ्काँक्ने मान्छेको आँखा फुटालोस् । ( मुस्लिम ३/१६९९ )

र आर्को हदीसमा छः

" ففقئوا عينه فلا دية له ولا قصاص " [رواه الإمام أحمد 385/2 وهو في صحيح الجامع 6022.

अर्थ : यदि यस्तो गर्ने मान्छेको आँखा फुटालिदिन्छौ भने यस्तो गरेमा नत क्षतिपूर्ति छ नत किसास । ( यसलाई अहमदले २/३८५ मा वर्णन गरेका छन्, र सहीहुल् जामेअ्को हदीस नं. ६०२२ मा पनि वर्णित छ )

## तीनजनाको समूहमा दुईजनाले कानेखुसी गर्नु

कुनै पनि बैठक अथवा सभामा कानेखुसी गर्नु ठूलो विपदाहरूमध्ये एक हो, जसद्वारा शैतान मुसलमानहरू बीच विभाजन र विद्रोहलाई सृजित गर्छ, र एकलाई आर्कोको दृष्टिमा घृणित बनाइदिन्छ । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसको हरामहुने कारणलाई वर्णन गर्दै भन्नु भयो:

" إذا كنتم ثلاثة فلا يتناجى رجلان دون الآخر حتى تختلطوا بالناس أجل (أي من أجل كما ورد في بعض الروايات) أن ذلك يحزنه " رواه البخاري انظر فتح الباري 11/83

अर्थ : दुईजना तेस्रोको उपस्थितिमा कानेखुसी नगरुन् ताकि त्यसलाई दुखी गरुन् । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी ११/८३ )

र यस हुकुममा यो पनि शम्मिलित छ कि चारजनाको समूहमा तीन व्यक्ति कानेखुसी गरुन् अनि चौथो तिनीहरूबाट भयभीत भइहालोस् । र यस्तै यसैको हुकुममा यो पनि छ कि दुईजना यस्तो भाषामा कुरा गरुन् जसलाई त्यहाँ उपस्थित तेस्रो व्यक्ति बुझ्दैन । र यस कुरामा कुनै सन्देह छैन कि जब दुईजना कानेखुसी गर्न थाल्छन् त उनीहरूको दृष्टिमा तेस्रो घृणित हुन्छ, वा त्यो यो सोच्नुमा बाध्य भइहाल्छ कि यी दुवै मसित विश्वासघात गर्न चाहन्छन्, वा मलाई कुनै हानि पुऱ्याउन चाहन्छन् ।

# लुगालाई गोली गाँठभन्दा तलगरेर लगाउनु

लुगालाई गोली गाँठभन्दा तल गरेर लगाउनुलाई मानिसहरू कुनै महत्व दिदैनन्, बरु यसलाई बेवास्ता गर्दछन्, तर यो अल्लाहको दृष्टिमा अति महत्वपूर्ण र ठूलो कुरो हो । र केही मानिसहरू त अति लामो लुगा लगाउँछन् कि त्यो लुगा भूईंमा घिसरिन्छ। अबू जर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" ثلاثة لا يكلمهم الله يوم القيامة ولا ينظر إليهم ولا يزكيهم ولهم عذاب أليم: المسبل (وفي رواية: إزاره) والمنان (وفي رواية: الذي لا يعطي شيئا إلا منه) والمنفق سلعته بالحلف الكاذب " رواه مسلم 1/102.

अर्थ : तीन प्रकारका मानिसहरूबाट प्रलयको दिन अल्लाह कुरा गर्दैनन् नत तिनीहरूमाथि दया दृष्टि नै हाल्दछन्, नत तिनीलाई पापमुक्त नै गर्छन्, र तिनीहरूको लागि निकृष्टतम यातना हुन्छ, र ती हुन्: गोली गाँठभन्दा तल गरेर लुगा लगाउने व्यक्ति, (र एउटा हदीसमा छ: आफ्नो लुंगीलाई गोली गाँठभन्दा तल गरेर लगाउनेवाला व्यक्ति) र चकुली गर्दै हिंडने मान्छे, (र एउटा हदीसमा छ जुन कुनै दान गरेर उपकार जताउँछ) र त्यो व्यक्ति जुन झुठो शपथ खाएर आफ्नो सामान विक्री गर्छ । ( मुस्लिम १/१०२ )

र जुन मान्छे यो भन्छ कि म अहंकारलेगर्दा आफ्नो लुगालाई घिसारिराखेको छैन, त यो कुरो अमान्य छ, र यातनाको आदेश सबैमाथि लागू हुन्छ चाहे त्यो अहंकारलेगर्दा यस्तो गरिरहेको होस्, वा त्यस्तै गरिरहेको होस् । र यस कुरामाथि रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो हदीस प्रमाणीकरण गरिरहेको छ:

" ما تحت الكعبين من الإزار ففي النار " رواه الإمام أحمد 6/254 وهو في صحيح الجامع 5571.

अर्थ : जसको लुंगी गोली गाँठेभन्दा तल भयो त त्यो नर्कको आगोमा अवश्य जानेछ। ( यसलाई अहमदले ६/२५४ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ५५७१ मा पनि छ )

र जब मान्छे आफ्नो लुगालाई घमण्डलेगर्दा गोली गाँठेभन्दा तल लगाउँछ त त्यसको यस कार्यको जघन्यता अरु अधिक भइहाल्छ, यसर्थ त्यसको यातनामा अरु अभिवृद्धि भइहाल्छ । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من جر ثوبه خيلاء لم ينظر الله إليه يوم القيامة " رواه البخاري رقم 3465 ط. البغا

अर्थ : जसले अहंकारलेगर्दा आफ्नो लुगालाई घिसारेर हिंडछ त प्रलयको दिन अल्लाह त्यसमाथि दयादृष्टि हाल्दैनन् । ( बुखारी हदीस नं. ३४६५ )

किनकि यस मान्छेले दुई हराम कार्य गऱ्यो अर्थात लुगा घिसार्नुको साथै अहंकार पनि गऱ्यो । र लुगालाई घिसार्नु समस्त लुगालाई शामेल छ जस्तोकि यस कुरामाथि हजरत इब्ने उमरको यो कथन प्रमाणीकरण गरिरहेको छ, उहाँले भननु भयो:

" الإسبال في الإزار والقميص والعمامة من جر منها شيئا خيلاء لم ينظر الله إليه يوم القيامة " رواه أبو داود 353/4 وهو في صحيح الجامع 2770.

अर्थ : लुगालाई घिसार्नुमा लुंगी, कमीच, र पगडी शम्मिलित छन् यसर्थ जसले पनि यी मध्ये कसैलाई अहंकारले घिसारेर हिंडछ प्रलयको दिन अल्लाह त्यसमाथि दयादृष्टि हाल्दैनन् । ( अबू दाऊद ४/३५३, र सहीहुल् जामेअ २७७० )

तर महिलालाई यो अनुमति छ कि त्यो आफ्नो लुगालाई घिसारेर हिंडोस् ताकि त्यसको पाइलाहरू लुकेका होउन् र वायु त्यसको पाइलालाई निवस्त्र नगरोस्, तर एक मीटर जति ठूलो भूईंमा घिसार्नु महिलाहरूको लागि पनि जायज छैन जस्तो कि विवाहरूको अवसरमा दुल्हीहरू गर्छिन् ।

# मान्छेको लागि कुनै तरिकाले पनि सुन प्रयोग गर्नु

हजरत अबू मूसा अश्‌अरी रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" أحل لإناث أمتي الحرير والذهب وحرم على ذكورها " رواه الإمام أحمد 393/4 انظر صحيح الجامع 207.

अर्थ : मेरो अनुयायीहरूमध्ये महिलाहरूको लागि रेश्मी लुगा र सुनको प्रयोग हलाल गरिएको छ र पुरुषहरूमाथि हराम गरिएको छ। ( यसलाई अहमदले ४/३९३ मा वर्णन गरेका छन्, र हेर्नुस् सहीहुल् जामेअ् हदीस नं. २०७ )

तर वर्तमानकालमा बजारहरूमा मान्छेहरूको लागि सुनलाई मिश्रित गरेर घडी, चश्मा, बटन, कलम ... आदि तयार गरिन्छ, वा चयन आदि तयार गरिन्छ जसलाई पुरुषहरू लगाउँछन् । वा सुनको लेप लगाएर सामानहरू तयार पारिन्छ जसको प्रयोग पुरुषहरू गर्छन् जबकि यसको प्रयोग पुरुषहरूको लागि अवैध छ । बरु वर्तमानमा त कुनै पनि मुकाबिला र प्रतिस्पर्धा यस्तो छैन जसमा सुनको प्रयोग उपहारको लागि नगरियोस् चाहे घडीको रूपमा वा अरु कुनै रूपमा, जस्तोकि प्रतिस्पर्धाहरूमा यसको खुल्लमखुल्ला एलान गरिन्छ ।

र इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटा मान्छेको हातमा सुनको औंठी हेर्नु भयो, अनि त्यसलाई निकालेर भालिदिनु भयो र भन्नु भयो:

" يعمد أحدكم إلى جمرة من نار فيجعلها في يده ؟! " فقيل للرجل بعدما ذهب رسول الله صلى الله عليه وسلم خذ خاتمك انتفع به قال: لا والله لا آخذه أبدا وقد طرحه رسول الله صلى الله عليه وسلم. رواه مسلم 1655/3.

अर्थ : तिमीहरू मध्ये केही मानिसहरू नर्कको आगोको गोल्टोलाई आफ्नो हातमा लगाउँछ ? । अनि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम त्यहाँबाट गए, त त्यस मान्छेसित भनियो कि: तिमी आफ्नो औठीलाई लिएर त्यसबाट अरु कुनै कार्यमा लाभ उठाऊ, त त्यसले

भन्योः अल्लाहको शपथ म यसलाई लिन्न किनकि यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले फाल्नु भएको छ । ( यसलाई मुस्लिमले ३/१६५५ मा वर्णन गरेका छन् )

# महिलाहरूको अति पात्लो र सानो एवं अति संकुचित लुगा लगाउनु

इस्लाम विरोधी गुटहरूले जुन कुराहरूको माध्यमले हामी मुसलमानहरूसित वर्तमानमा युद्ध गरिरहेका छन् ती कुराहरूमध्ये अति पात्लो र सानो एवं शरीरबाट चिम्टिएको लुगा पनि हो, जसलाई लगाए पश्चात महिला नंग्न अवस्था सरह हुन्छे, किनकि लुगाको पात्लो र टाइट हुनुको कारण महिलाको प्रत्येक अङ्ग दर्शित भइहाल्छ । र यस्ता खालका लुगाहरू महिला बीच र मुहरिमहरू बीच पनि लगाउनु जायज छैन । र यस्ता खालका लुगाहरूको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भविष्यावाँणी गरेका थिए कि यस्ता खालका लुगाहरू अन्तिम युगमा अर्थात प्रलय निकट लगाइन्छ, जस्तोकि अबू हुरैरहको वर्णित हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" صنفان من أهل النار لم أرهما: قوم معهم سياط كأذناب البقر يضربون بها الناس ونساء كاسيات عاريات مميلات مائلات رؤوسهن كأسنمة البخت المائلة، لا يدخلن الجنة ولا يجدن ريحها وإن ريحها ليوجد من مسيرة كذا وكذا " رواه مسلم 3/ 1680

अर्थ : मैले नर्कबासीहरूको दुई थरीलाई अहिलेसम्म हेरेको छैन: एउटा यस्तो समूह जिनको साथ गाईको पुच्छर झैं कोर्रा हुनेछ जसबाट उनी मानिसहरूलाई हान्नेछन्, र आर्को यस्ती महिलाहरू जुन यति पात्लो लुगा लगाएका हुन्छिन् मानो नंग्न अवस्थामा छिन् र जुन अरुलाई आफूतर्फ आकर्षित गर्नेवाली र स्वयम् अरुतर्फ आकर्षित हुनेवाली हुन्छिन्, र उनीहरूको टाउको (कपालको चोटी) उस्तै हुन्छ जसरी ऊँटको झुकेको कोहान, त यिनीहरू स्वर्गमा प्रवेश पाउनेछनन् नत त्यसको सुगन्ध नै पाउने छन् जबकि त्यसको सुगन्ध यति.. यति.. दूरीबाटै पाइन्छ । ( मुस्लिम ३/१६८० )

त यस्ता खालका लुगाहरूमा त्यो लुगा पनि शामेल छ जसको तलदेखि माथिसम्म च्यातिएको हुन्छ वा खुलेको हुन्छ, अनि जब त्यसलाई लगाएर महिला बस्छे त त्यसको गुप्ताङ्गसम्म दर्शित भइहाल्छ । र यसलाई मात्र काफिर नास्तिकहरूसित प्रतिस्पर्धा गर्ने उद्देश्यले

गरिन्छ, अल्लाह हामी सबैलाई यस्ता खालका गतिविधिहरूबाट सुरक्षित राखुन् ।

र यस्तै ती लुगाहरू पनि अति हानिकारक छन् जसमा घृणित चित्रहरू, वा अश्लील चित्रहरू, वा मदिराका चित्रहरू, वा कुनै जीवधारीका चित्रहरू, वा कुनै पश्चिमी .... कम्पनीहरूका चित्रहरू बनाइएका हुन्, वा इंग्लिशमा केही लेखिएको होस् जसद्वारा इज्जत सम्मान र सचरित्रतालाई हानि पुगोस्, यसर्थ यस्ता खालका समस्त लुगाहरूलाई लगाउनु हराम छ ।

## महिला अथवा पुरुषले कुनै मानव वा अरु कसैको केशलाई आफ्नो केशसित जोड्नु

अस्मा बिन्ते अबि बक्रको वर्णन छ कि हे अल्लाहका रसूल मेरो एउटी छोरी छे जसको विवाह हुनेवाला छ, तर त्यसलाई एउटा रोग लागेको छ जसलेगर्दा त्यसका केशहरू खसिसकेका छन्, त के म त्यसलाई आर्को केश लगाइदिऊँ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لعن الله الواصلة والمستوصلة " رواه مسلم 3/1676.

अर्थ : अल्लाहले केश लगाउनेवाली र जसलाई लगाइन्छ दुवैलाई धिक्कृत गरेका छन् । ( यसलाई मुस्लिमले ३/१६७६ मा वर्णन गरेका छन् )

र हजरत जाबिर बिन अब्दुल्लाह रजिअल्लाहो अन्होको वर्णन छ कि:

"زجر النبي صلى الله عليه وسلم أن تصل المرأة برأسها شيئا " رواه مسلم 3/1679.

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस महिलालाई ढाँटेका छन् जुन आफ्नो केशको साथ कुनै कुरा गाँसोस् । ( मुस्लिम ३/१६७९ )

र वर्तमानकालमा वीग र केशले बनेको पछाडितिर झुन्डियाइने चोटि ... आदि वा अरु कुनै कुरा जुन केशले निर्माण गरिएको होस् र जुन आज बजारहरूमा उपलब्ध छन् जसलाई महिलाहरू प्रयोग गर्छिन सबै हराम छन्, र यसको कारणले नमाज पनि प्रभावित हुन्छ ।

र यसको उदाहरणमध्ये ती केशका विगहरू पनि हुन् जसलाई रंगमंचमा अभिन्य गर्ने स्त्रीहरू र अभिनेत्रीहरू प्रयोग गर्छिन् । र कतिपय महिलाहरू त अरुका केशहरूलाई उधार लिएर प्रयोग गर्छिन् । तर यस्ता खालका समस्त गतिविधिहरू अवैध र हराम छन् चाहे यसलाई पुरुष गरोस् वा महिला ।

# खनपान, लुगाकपडा, र दर्पणमा पुरुष र महिलाले एकआर्काको अनुरूपता अख्तियार गर्नु

पुरुषलाई यो आवश्यक छ कि त्यो आफ्नो पुरुषत्वमाथि कायम रहोस् जसमाथि अल्लाहले त्यसलाई जन्माएको छ, र महिलालाई पनि यो आवश्यक छ कि आफ्नो त्यस स्त्रीत्वमाथि कायम रहोस् जसमाथि अल्लाहले त्यसलाई सृष्टि गरेको छ । र यो यस्तो कुरो हो जसमाथि समस्त मानव निर्भर छन्, र यसैको माध्यमले यो संसार र संसारिक जीवन प्रचलित छ। यसर्थ महिलाले पुरुषको अनुरूपता अख्तियार गर्नु, र पुरुषले महिलाको अनुरूपता अख्तियार गर्नु त्यस प्रकृतिको उललंघन हो, जसमाथि सबैको जन्म भएको छ, र यसको कारण समाजमा उपद्रव र विद्रोहको उत्पात हुन्छ । र यस कुकर्मको हुकुम पनि इस्लामीय विधान अनुकूल हराम नै छ, बरु यस्तो गर्ने मान्छेहरूलाई धिक्कृत गरिएको छ, र धिक्कृत गर्नु त्यसलाई हराम गर्नु नै हो। जस्तोकि इब्ने अब्बासको वर्णन छ कि:

" لعن رسول الله المتشبهين من الرجال بالنساء والمتشبهات من النساء بالرجال " رواه البخاري انظر الفتح 10/332

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले धिक्कृत गरेका छन् त्यस पुरुषलाई जुन महिलाको अनुरूपता अख्तियार गरोस्, र त्यस महिलालाई जुन पुरुषको अनुरूपता अख्तियार गरोस् । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/३३२ )

र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि:

" لعن رسول الله المخنثين من الرجال والمترجلات من النساء " رواه البخاري الفتح 10/333.

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले धिक्कृत गर्नु भयो पुरुषहरूमध्ये नपुंसक बन्नेहरूलाई र महिलाहरूमध्ये पुरुष बन्नेहरूमाथि । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/३३३ )

र अनुरूपता अख्तियार गर्नु कहिलेकाहिँ व्यवहारमा हुन्छ त कहिले लुगा लगाउनु र दर्पणमा हुन्छ, वा कहिले कुरा गर्नु र उठनु बस्नुमा हुन्छ ।

यसर्थ दुवै वर्ग (पुलिंग र स्त्रीलिंग) लाई यो जायज छैन कि उनी एकआर्काको अनुरूपता अपनाउन् चाहे त्यो अनुरूपता लुगा कपडामा होस् वा ती कुराहरूमा जुन एकआर्कासित विशिष्ट छन् ।

त पुरुषको लागि यो जायज छैन कि त्यो हार र कंगन लगाओस्, वा बाला झाला र गहना एवं ब्रेस्लेट प्रयोग गरोस्, जस्तो कि यस्ता खालका गतिविधिहरू अधिकांश प्रेमीहरूमा देखिन्छ, र उनी जस्तै लोफरहरू पनि गर्छन् ।

र यस्तै महिलाहरूको लागि पनि यो जायज छैन कि त्यो त्यस लुगालाई लगाओस् जुन पुरुषहरूको लागि विशिष्ट छ, जसरी शर्ट कमीच .... आदि, बरु आवश्यक यो छ कि दुवैको कपडाको रंग र बनावट भिन्न होस्, जस्तो कि हजरत अबू हुरैरहले वर्णन गरेको यो हदीस यसलाई प्रमाणीकरण गर्छ । हजरत अबू हुरैरहको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لعن الله الرجل يلبس لبسة المرأة، والمرأة تلبس لبسة الرجل

" رواه أبو داود 355/4 وهو في صحيح الجامع 5071.

अर्थ : अल्लाहले अभिशप्त (तिरस्कृत) गरेका छन् त्यस मानिसलाई जुन महिलाको लुगा लगाओस्, र त्यस महिलालाई जुन पुरुषको लुगा लगाओस् । ( यसलाई अबू दाऊदले ४/३५५ मा वर्णन गरेका छन्, र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. ५०७१ मा पनि वर्णित छ )

# कपाललाई कालो गराउनु

यस बारेमा सही र सत्य कुरो यो नै हो कि कपाललाई कालो गराउनु हराम छ । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" يكون قوم يخضبون في آخر الزمان بالسواد كحواصل الحمام لا يريحون رائحة الجنة " رواه أبو داود 4/419 وهو في صحيح الجامع 8153 .

अर्थ : अन्तिम युगमा यस्ता मान्छेहरू अउनेछन् जुन आफ्नो केशलाई कालो खेजाब (मेंहदी) लगाएर कालो गर्नेछन् ढुकुरको पंख झैं, र यिनीहरू स्वर्गको सुगन्ध पनि पाउनेवाला छैनन् । ( यसलाई अबू दाऊदले ४/४१९ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ८१५३ मा पनि वर्णित छ )

र यस्तो गर्नु धेरै ती मानिसहरूमा प्रचलित भइसकेको छ जुन वृद्ध भइसकेका हुन्छन्, अनि उनीहरू आफ्नो सेतो केशलाई कालो गराउँछन्, अनि त्यसद्वारा अरुलाई धोका दिन्छन्, र आफ्नो मूल र वास्तविक उमेरलाई लुकाएर क्षल गर्छन्, त यसद्वारा धेरै विगारहरू उत्पन्न हुन्छ ।

र यो कुरो प्रमाणित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो केशलाई मेंहदी प्रयोग गरेर पहेलो वा गाढो (डार्क) पहेलो कथई जस्तो रंग झैं रंगेका थिए । र जब रसूल सल्लल्लाहो अलैहे वसल्लम फतह मक्काको समय अबू कहाफाको पास गएका थिए यस्तो अवस्थामा कि अबू कहाफाको केश टल्किदो सेतो थियो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो:

" غيروا هذا بشيء واجتنبوا السواد " رواه مسلم 3/1663.

अर्थ : तिमीहरू यसलाई (सेतो केशलाई) कुनै कुराले परिवर्तित गर, तर कालो गर्नुबाट बाँच्नु । ( मुस्लिम ३/१६६३ )

त यसमा अर्थात कपाललाई कालो गर्ने कुरामा महिला पनि पुरुष झैं छे त्यसको लागि पनि केशलाई कालो गर्नु हराम छ ।

# लुगा कपडा पर्खाल र कागजमाथि कुनै जीवधारीको चित्रण गर्नु

अब्दुल्लाह बिन मसऊद रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" إن أشد الناس عذابا عند الله يوم القيامة المصورون " رواه البخاري انظر الفتح 10/382.

अर्थ : प्रलयको दिन चित्रकारहरू अल्लाह निकट सबैभन्दा निकृष्टतम यातना भोग्नेहरू हुनेछन्। ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/३८२ )

र अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"قال الله تعالى: (ومن أظلم ممن ذهب يخلق كخلقي فليخلقوا حبة و ليخلقوا ذرة...) " رواه البخاري انظر فتح الباري 10/385.

अर्थ : अल्लाहको फर्मान छ कि त्यस मान्छेभन्दा अत्याचारी को हुन्सक्छ ! जुन मैले बनाएको सृष्टि सरह बनाउन खोज्दछ, यदि त्यसमा सृष्टि गर्ने क्षमता छ भने कुनै गेडा वा एउटा कण नै सृष्टि गरिदेओस्। (यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/३८५ )

र इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" كل مصور في النار، يجعل له بكل صورة صورها نفسا فتعذب في جهنم " قال ابن عباس: إن كنت لا بد فاعلا فاصنع الشجر وما لا روح فيه " رواه مسلم 3/1671.

अर्थ : प्रत्येक चित्रकार नर्कमा जान्छ, त्यसले बनाएका प्रत्येक चित्रहरूमा त्यसको प्राण हालेर त्यसलाई यातना दिइन्छ। अनि इब्ने अब्बास भन्छन् कि: यदि तिमीलाई चित्रण गर्नु नै छ भने रुख आदिको

चित्र बनाऊ जसमा प्राण नहोस् । ( यसलाई मुस्लिमले ३/१६७१ मा वर्णन गरेका छन् )

त यी समस्त हदीसहरू यस कुरालाई प्रमाणित गर्छन् कि प्राण भएको कुराहरूको चित्र बनाउनु खिँच्नु हराम छ, चाहे त्यस चित्रको छायाँ होस् वा नहोस्, चाहे त्यो प्रिन्ट गरिऐको होस् वा चित्रण गरिएको होस्, वा त्यसलाई गढेर बनाइएको होस्, वा अरु कुनै तरिकाले बनाइएको होस् । त समस्त तरिकाहरूले चित्र बनाउनु हराम छ किनकि हदीस समस्त प्रकार र तरिकालाई आफूभित्र समावेश गरेको छ ।

र वास्तविक मुसलमान इस्लामीय निर्देशनहरूलाई सम्मानको साथ स्वीकर गर्छ नकि त्यस विरुद्ध बहाना गरेर त्यसमाथि टिप्पणी गर्न खोज्दछ । र मुसलमान यो भन्दैन कि मत केवल चित्र बनाउँछु त्यसको पूजा गर्दैन, नत त्यसलाई ढोग नै गर्दछु ।

र यदि कुनै बुद्धिमान र विवेकी यी चित्रहरूबाट उत्पन्न भएका विगारहरूमध्ये मात्र एकमा विचार गरोस्, त त्यसलाई त्यस तत्वदर्शिताबारे थाहा भइहाल्छ जसको कारण इस्लामले यसलाई अवैध भनेको छ । उदाहरणस्वरूप वर्तमानमा हामीहरू हेरिरहेका छौं कि यो चित्र वर्तमानमा व्यभिचार बलात्कार र दुराचार जस्ता महापापको प्रमुख माध्यमहरूमध्ये एउटा माध्यम भइहालेको छ ।

यसर्थ मुसलमानलाई चाहियो कि प्राण भएका कुराहरू चित्रलाई आफ्नो घरमा नराखोस् ताकि फरिश्ताहरू त्यसको घरमा प्रवेश गर्नसकुन्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" لا تدخل الملائكة بيتا فيه كلب و لا تصاوير " رواه البخاري

انظر الفتح 10/380.

अर्थ : फरिश्ताहरू (स्वर्ग दूतहरू) त्यस घरमा प्रवेश गर्दैनन् जस घरमा कुकुर होस् वा चित्रहरू होउन् । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/३८० )

र कतिपय त आफ्नो घरहरूमा काफिरहरूको पूज्यहरूका प्रतिमा पनि राख्दछन् घरको श्रृंगारको उद्देश्यले, र यस्तो गर्नु अरु जघन्य अपराध हो । र यस्तै जुन चित्र लटकाइएको हुन्छ त्यो नलटकाइएको

चित्रभन्दा अधिक दोषको कारण हुन्छ । र कतिपय भन्छन् कि हामीले यो चित्र मात्र यादगार र सम्झनाको लागि झुण्डियाएका छौं, तर वास्तवमा सम्झ्ना त हृदयमा हुन्छ, र यदि त्यो वास्तवमा त्यसको निकटतम आफन्ती र प्रियतम हो भने त्यसको लागि दुआ गर्नु र क्षमायाचना गर्नु नै सत्य प्रेमको र सत्य सम्झनाको कसौटी हो ।

यसर्थ समस्त चित्रहरूलाई अआफनो घरबाट फाल्नु अति जरुरी छ, र यदि चित्र अश्लील वा निर्लज्जतापूर्ण होस् भने त्यसलाई नष्ट गर्नु अति आवश्यक छ । तर जुन चित्रद्वारा कुनै स्वार्थ वा आवश्यकता संलग्न होस् जसरी नागरिकता र पास्पोर्ट बनाउनुको लागि, र मतदाता पत्र ..... आदि को लागि, त यस्तो चित्र खिँचाउनु जायज छ, जस्तोकि विद्हरूले यस्तो गर्नुको अनुमति दिएका छन्, र अल्लाहको फर्मान छः

﴿ فَٱتَّقُوا۟ ٱللَّهَ مَا ٱسۡتَطَعۡتُمۡ ﴾ التغابن: ١٦

अर्थ : तसर्थ जहाँसम्म तिमीबाट हुनसक्छ, अल्लाहसित डर मान्ने गर । ( सूरतुत्तगाबुन १६ )

# सपनाबारे मिथ्यारोपण गर्नु

केही मानिसहरू सपनाको बारेमा झुठ बोल्दछन्, र भन्छन् कि मैले यस्तो यस्तो सपना हेरेको छु, जबकि त्यो आफ्नो यस कुरामा मिथ्यावादी हुन्छ, र त्यसको उद्देश्य मात्र ख्याति प्राप्त गर्नु हुन्छ वा धन सम्पत्ति कमाउनु त्यसको अभीष्ट हुन्छ, वा आफ्नो विरोधी अथवा शत्रुहरूलाई भयभीत गर्नु अभिप्राय हुन्छ ।

र कतिपय सर्वसाधारण मानिसहरू सपनाहरूको बारेमा अति संवेदनशील हुन्छन्, र उनी सपनाबारे श्रद्धा राख्दछन् जसलेगर्दा उनीलाई यसद्वारा धोका दिइन्छ । तर यस्तो गर्नेबारे सख्त चेतावनी प्रमाणित छ, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" إن من أعظم الفرى أن يدعي الرجل إلى غير أبيه أو يري عينه ما لم تر ويقول على رسول الله صلى الله عليه وسلم ما لم يقل " رواه البخاري انظر الفتح 540/6

अर्थ : निःसन्देह महाझुठ यो हो कि मान्छे आफूलाई आफ्नो पिता बाहेकतर्फ संलग्न गरोस् वा त्यो हेरेको भनोस् जुन त्यसको आँखाले हेरेकै छैन, र रसूल सल्लल्लाहो अलैहे वसल्लमसित त्यो कुरा संलग्न गरोस् जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भनेका छैनन् । (यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी ६/५४०)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" من تحلم بحلم لم يره كلف أن يعقد بين شعيرتين ولن يفعل...الحديث " رواه البخاري انظر الفتح 427/12

अर्थ : जसले कुनै यस्तो सपना वर्णन गर्छ जसलाई त्यसले हेरेको छैन त त्यसलाई दुईटा गहुँको गेडालाई एकआर्कासित बाँध्ने आदेश गरिन्छ जुन त्यो कदापि गर्न सक्दैन ....पूर्ण हदीस । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १२/४२७ )

र दुई गहुँको गेडालाई आपसमा बाँध्नु असम्भव छ, यसर्थ त्यस झुट्ठा मान्छेलाई उस्तै दण्ड दिइन्छ जसरी त्यसको कर्म थियो ।

## चिहानमाथि बस्नु हिंडनु र कब्रस्तानमा दिशा पशिाब गर्नु

अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لأن يجلس أحدكم على جمرة فتحرق ثيابه فتخلص إلى جلده خير له من أن يجلس على قبر " رواه مسلم 2/667.

अर्थ : कुनै चिहानमाथि बस्नुबाट तिम्रो लागि यो राम्रो हुन्छ कि त्यो कुनै आगोको अगुल्टोमाथि बसोस् अनि त्यसको लुगा खरानी हुनुको कारण त्यसको चर्म पनि पोलियोस्। ( मुस्लिम २/६६७ )

र रह्यो कुरो चिहानमाथि हिंड्नुको त केही मानिसहरू आफ्नो मृतकलाई दफनाउन जाँदा अरुको चिहानमाथि चढेर जान्छन्, बरु केही त चुत्ता लगाएर त्यसमाथि चढिहाल्दछन्, र चिहानको मर्यादाको उल्लंघन गर्छन् । तर यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"لأن أمشي على جمرة أو سيف أو أخصف نعلي برجلي أحب إلي من أن أمشي على قبر مسلم... " رواه ابن ماجة 1/499 وهو في صحيح الجامع 5038.

अर्थ : कुनै मुसलमानको चिहानमाथि हिंडनुबाट मेरो लागि उत्तम यो छ कि म कुनै आगोको अगुल्टो वा कुनै तीव्र तरवारमाथि हिंडूँ, वा आफ्नो जुत्ताद्वारा आफ्नो पाइलालई घाइते गरिहालूँ। ( यसलाई इब्ने माजाले १/४९९ मा वर्णन गरेका छन्, र सहीहुल् जामेअ् हदीस नं. ५०३८मा पनि वर्णित छ )

त त्यस मान्छेको अवस्था के हुनेछ जुन कब्रस्तानको जमीनलाई कब्जा गर्छ अनि त्यसमाथि कुनै घर वा व्यवसायिक कम्पनी ... आदि निर्माण गर्छ ।

र रह्यो कुरा कब्रस्तानमा दिशा पिशाब गर्नुको त यस्तो कार्य मात्र असभ्य मानिसहरू गर्छन् जसको पासमा कुनै नैतिकता हुँदैन बरु त्यो

दुष्ट र पापी हुन्छ, किनकि त्यो आफ्नो दिशा पिशाबबाट मृतकहरूलाई कष्ट पुर्‍याउँछ। रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"وما أبالي أوسط القبر قضيت حاجتي أو وسط السوق"

[التخريج السابق].

अर्थ : कब्रस्तानमा दिशा पिशाब गर्नु र बीच बजारमा दिशा पिशाब गर्नु एकनास छ। ( पछिल्लो सन्दर्भ सामग्री )

अर्थात जसरी बीच बजारमा दिशा पिशाब गर्नु असभ्य र घृणित कुरा मानिन्छ उस्तै कब्रस्तानमा पनि असभ्य र घृणित कुरा मानिन्छ। र यसै हुकुममा ती मानिसहरू पनि छन् जुन जानेर कब्रस्तानमा दुर्घन्ध र गन्दा र गन्दगी एवं कूडाकरकट फाल्दछन्।

र कब्रस्तानको जियारत गर्ने तरिका यो हो कि त्यहाँ प्रवेशगर्दा जुत्ता चप्पल निष्कासित गरियोस्, अनि मात्र कब्रहरूबीच हिंडियोस्।

# पिशाबको छिंटाहरूबाट नबाँच्नु

यस इस्लामीय विधानको विशेषतामध्ये यो पनि हो कि यसले मानवको लागि त्यस समक्ष ती समस्त कुरारुलाई प्रस्तुत गरेको छ जुन त्यसको लागि उपयुक्त र लाभदायक छन्, र त्यसैमध्ये हो अपवित्रता र फोहोरलाई हटाउनु र त्यसबाट स्वच्छ हुनु । र यसै कारण इस्लाममा इस्तिन्जा गर्नुको आदेश छ, अर्थात पानी वा माटो अथवा ढुंगाद्वारा पशिाब फेरे पश्चात अपवित्रतालाई स्वच्छ पार्नुलाई नै इस्तिन्जा भनिन्छ ।

त कतिपय यस्ता मानिसहरू हुन्छन् जुन इस्तिन्जा गर्नुमा ढिलो सुस्ती गर्छन् अनि परिणामस्वरूप तिनका लुगा कपडाहरू पनि अपवित्र भइहाल्छन्, र यस कारण उनीहरूको नमाज पनि हुँदैन । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो खबर दिएका छन् कि यस्तो गर्नु चिहानमा यातना भोग्नुको कारण पनि बनिहाल्दछ । इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम मदिनाका बगैचाहरूमध्ये एउटा बगैचाको पर्खाल निकटबाट गुज्रे, अनि दुईटा मानिसको चिचाउने आवाज सुने जिनलाई चिहानमा यातना दिइराखिएको थियो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" يعذبان، وما يعذبان في كبير – ثم قال – بلى [وفي رواية: وإنه لكبير] كان أحدهما لا يستتر من بوله وكان الآخر يمشي بالنميمة... " رواه البخاري انظر فتح الباري 1/317.

अर्थ : यी दुवै चिहानमा भएका मानिसहरूलाई यातना दिइराखिएको छ, र दुवैलाई कुनै ठुलो कुराको लागि यातना दिइराखिएको छैन, (र आर्को हदीसमा छ कि त्यो ठुलो कुरो नै हो) एउटा आफ्नो पिशाबको छिंटाहरूबाट बाँच्दैनथ्यो, र आर्को चकुली गर्दै हिंड्थ्यो ... । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल बारी १/३१७ )

बरु रसूल सल्लल्लाहो अलैहे वसल्लमले खबर दिएका छन् कि:

" أكثر عذاب القبر في البول " رواه الإمام أحمد 2/326 وهو في صحيح الجامع 1213.

अर्थ : चिहानका अधिकांश यातनाहरू पिशाबबाट नबाँच्नुको कारण नै दिइन्छ । ( यसलाई इमाम अहमदले २/३२६ मा वर्णन गरेका छन् र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. १२१३ मा पनि वर्णित छ )

र विशाबबाट नबाँच्नुमा यो पनि शम्मिलित छ कि मान्छे अति तीव्रताले आफ्नो लुगा लगाइहालोस् र यस्तो गर्नाले पिशाब त्यसको लुगामा पनि लागोस्, वा यस्तो ठाउँमा पिशाब गरोस् कि त्यसको छिंटा त्यसमाथि परोस्, वा त्यो इस्तिन्जा नगरोस्, वा इस्तिन्जा गर्नुमा सुस्ती गरोस् ।

र वर्तमानकालमा त शौचालय र मुत्रालय पश्चिमी देशहरूबाट प्रभावित भइ उनै झैं बनाइन्छ, अनि यस्ता यस्ता शौचालय र मुत्रालय बनाइन्छ कि मान्छे सबैको सामुन्ने उभेर पिशाब गर्नुमा बाध्य हुन्छ, अनि बिना इस्तिन्जा गरी लुगा लगाइहाल्छ । त यस्तो गर्नाले मान्छे दुई हराम कार्य गरिहाल्छ र दुवै अति घृणित छन्, पहिलोः त्यो आफ्नो गुप्ताङ्गको सुरक्षा गर्दैन अर्थात अरुबाट लुकाउँदैन । र दोस्रोः त्यो नत पिशाबका छिंटाहरूबाट बाँच्छ नत इस्तिन्जा नै गर्छ ।

# कुनै समूहले नचाहेमा पनि तिनीहरूको कुरालाई सुन्नु

अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱجۡتَنِبُواْ كَثِيرٗا مِّنَ ٱلظَّنِّ إِنَّ بَعۡضَ ٱلظَّنِّ إِثۡمٞۖ وَلَا تَجَسَّسُواْ وَلَا يَغۡتَب بَّعۡضُكُم بَعۡضًاۚ أَيُحِبُّ أَحَدُكُمۡ أَن يَأۡكُلَ لَحۡمَ أَخِيهِ مَيۡتٗا فَكَرِهۡتُمُوهُۚ وَٱتَّقُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ تَوَّابٞ رَّحِيمٞ ١٢ ﴾ الحجرات: ١٢

अर्थ : हे आस्थावानहरू ! धेरै शंका उपशंका गर्नुबाट बच । किन भने केही शंका पाप हुन्छन् र एक अर्काको जासूसी नगर, र नत कसैको अनुपस्थितिमा निन्दा गर्नु । के तिमीहरूमध्ये कसैले आफ्नो मृतक भाइको मासु खान चाहन्छ ? यसलाई तिमीले अवश्य नै घृणा गर्ने छौ । (तसर्थ) अल्लाहसित डर मान्ने गर । निश्चय नै अल्लाह प्रायश्चित स्वीकार गर्नेवाला, अत्यन्त दयावान छ । ( सूतरल् हुजुरात १२ )

र इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" من استمع إلى حديث قوم وهم له كارهون صب في أذنيه الآنك يوم القيامة... " رواه الطبراني في الكبير 11/248-249

وهو في صحيح الجامع 6004

अर्थ : जसले कुनै समूहको कुरालाई यस्तो अवस्थामा सुन्दछ कि तिनीहरू यसलाई मनपराउँदैनन् त त्यसको कानमा प्रलयको दिन पग्लाइएको सिसा हालिन्छ .. । (यसलाई तब्रानीले ११/२४८, २४९, मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को ६००४ हदीस नं. मा पनि वर्णित छ)

र यदि मान्छे कुनै समूहको कुरा सुनेर आर्कोसित वर्णन गर्छ यस उद्देश्यले कि उनीलाई हानि पुगाओस्, त यो पनि जासूसी गर्नुको हुकुममा आउँछ, र यसको साथै एउटा आर्को पाप पनि लाग्नेछ, र त्यो

होः चकुली र पिशुनता गर्नुको पाप पनि । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" لا يدخل الجنة قتات " رواه البخاري فتح 472/10

अर्थ : पिशुनता गर्दै हिंडनेवाला स्वर्गमा प्रवेश गर्दैन । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/४७२ )

र पिशुनताको अर्थ हो कि कुनै मानिसको कुरो सुनेर आर्कोसित त्यसलाई वर्णन गर्नु दुवैबीच विगार उत्पात गर्ने मनसायले ।

## छिमेकीसित कुव्यवहार गर्नु

अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरआनमा छिमेकीसंग सुव्यवहार गर्ने आदेश गरेको छ । अल्लाहको फर्मान छ:

﴿ ۞ وَٱعۡبُدُواْ ٱللَّهَ وَلَا تُشۡرِكُواْ بِهِۦ شَيۡـٔٗاۖ وَبِٱلۡوَٰلِدَيۡنِ إِحۡسَٰنٗا وَبِذِي ٱلۡقُرۡبَىٰ وَٱلۡيَتَٰمَىٰ وَٱلۡمَسَٰكِينِ وَٱلۡجَارِ ذِي ٱلۡقُرۡبَىٰ وَٱلۡجَارِ ٱلۡجُنُبِ وَٱلصَّاحِبِ بِٱلۡجَنۢبِ وَٱبۡنِ ٱلسَّبِيلِ وَمَا مَلَكَتۡ أَيۡمَٰنُكُمۡۗ إِنَّ ٱللَّهَ لَا يُحِبُّ مَن كَانَ مُخۡتَالٗا فَخُورًا ٣٦ ﴾ النساء: ٣٦

अर्थ : र अल्लाहकै पूजा गर र उसको साथमा अरु कसैको साझेदारी नगर र आमा-बाबुसँग सम्मानपूर्ण व्यवहार गर र नजिकका नातेदार, अनाथहरू र गरीब असहायहरू र नातेदार छिमेकीहरू र गैर नातेदार छिमेकीहरू र संगै उठबस् गर्ने साथीहरू र बटुवाहरू र जो तिम्रो स्वामित्वमा छन्, सबैसित उपकार गर । नि:सन्देह अल्लाहले घमण्डी तथा मिथ्या अभिमान गर्नेहरूलाई रुचाउँदैनन् । ( सूरतुन्निसा ३६ )

त मान्छेमाथि छिमेकीको ठूलो हक हुनुको कारण त्यसलाई कष्ट पुऱ्याउनु हराम छ, जस्तोकि अबू शुरैह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" والله لا يؤمن والله لا يؤمن والله لا يؤمن، قيل ومن يا رسول الله ؟ قال: الذي لا يأمن جاره بوائقه " رواه البخاري انظر فتح الباري 10/443

अर्थ : अल्लाहको शपथ, त्यो आस्थावान हुनैसक्दैन, अल्लाहको शपथ त्यो आस्थावान हुन्सक्दै, अल्लाहको शपथ त्यो मान्छे आस्थावान हुन्सक्दैन, त भनियो: त्यो कुन मान्छे हो ? हे अल्लाहका रसूल ! त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: त्यो ऊ मान्छे हो जसको कष्टबाट त्यसको छिमेकी असुरक्षित होस् । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/४४३ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले छिमेकीले प्रशंसा गरेको वा निन्दा गरेको कुरोलाई राम्रो नराम्रोको कसौटी बताउनु भएको छ, जस्तोकि इब्ने मसऊदको वर्णन छ कि:

قال رجل للنبي صلى الله عليه وسلم: يا رسول الله كيف لي أن أعلم إذا أحسنت أو إذا أسأت فقال النبي صلى الله عليه وسلم " إذا سمعت جيرانك يقولون: قد أحسنت فقد أحسنت، وإذا سمعتهم يقولون: قد أسأت فقد أسأت " رواه الإمام أحمد 1/402 وهو في صحيح الجامع 623.

अर्थ : एउटा मान्छेले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोध्यो कि हे अल्लाहका रसूल ! मलाई कसरी थाहा होस् कि मैले राम्रो कार्य ( उपकार) गरें वा नराम्रो कार्य (कुकर्म) गरें ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जब तिम्रो छिमेकीहरू भनुन् कि तिमीले राम्रो कार्य गर्‍यौ, त बुझिहाल कि वास्तवमा तिमीले राम्रो कार्य गर्‍यौ, र जब तिमी आफ्नो छिमेकीहरूलाई यो भन्दै सुन कि तिमीले नराम्रो कर्म गर्‍यौ भने बुझिहाल कि तिमीले वास्तवमा नराम्रो कार्य गर्‍यौ । ( यसलाई इमाम अहमदले १/४०२ अन्तर्गत वर्णन गर्नु भएको छ, र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. ६२३ मा पनि वर्णित छ )

र छिमेकीलाई कष्ट पुर्‍याउने अनेकौं तरिकाहरू छन् जसमध्ये केही वर्णन गर्दछु जुन निम्न हुन्:

दुवैको सहभागीय भित्ता वा पर्खालमा त्यसको अनुमति बिना कील काँटी गाड्नु, वा त्यसमा मिलाएर आर्को पर्खालको निर्माण गर्नु, वा त्यसको घरमा पस्ने वायुलाई रोक्नु, वा त्यसको अनुमति बिना त्यसको झ्याललाई खोल्नु, वा त्यसको घरमा ताकझाँक गर्नु ताकि त्यसका गोप्य कुराहरूबाट अवगत होस् । अथवा होहल्ला गरेर त्यसलाई कष्ट पुर्‍याउनु, र विशेषरूपले विश्रामगर्ने समय, वा त्यसका बालबालिकाहरूलाई हप्काउनु हान्नु, वा त्यसको ढोका निकट कूडाकरकट हाल्नु फाल्नु । त यस्ताखालका कुकर्महरूको पाप दोब्बर भइहाल्छ जब यो छिमेकीको साथ गरियोस्, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" لأن يزني الرجل بعشر نسوة أيسر عليه من أن يزني بامرأة جاره.. لأن يسرق الرجل من عشرة أبيات أيسر عليه من أن يسرق من بيت جاره " رواه البخاري في الأدب المفرد رقم 103

وهو في السلسلة الصحيحة 65

अर्थ : दश महिलाहरूसित गरिएको व्यभिचारको पाप मात्र एक छिमेककी महिलासित गरिएको व्यभिचारको पापभन्दा कम छ, ... र दश घरमा चोरी गर्नुको पापभन्दा एक छिमेकीको घरमा चोरी गर्नुको पाप अधिक छ। ( यसलाई बुखारीले अदबुल् मुफरदको हदीस नं. १०३ मा वर्णन गरका छन्, र यो हदीस सिलसिलतुस्सहीहाको हदीस नं. ६५ मा पनि वर्णित छ )

र कतिपय यस्ता मान्छेहरू पनि पाइन्छन् कि उनी आफ्नो छिमेकीको बाहिर जाने प्रतिक्षामा हुन्छन् कि उनीलाई त्यसको घरमा विगार आदि गर्ने अवसर प्राप्त होस्, त यस्ताखालका मानिसहरूको लागि कष्टमय यातना तयार छ।

## वसीयत (इच्छापत्र) गर्नुमा कसैलाई हानि पुऱ्याउनु

इस्लामीय विधानको कानून र विधानमध्ये यो पनि हो कि नत कसैले मान्छेलाई हानि पुऱ्याओस् नत त्यो नै कसैलाई हानि पुऱ्याओस्। र यसको उदाहरणहरूमध्ये यो पनि हो कि जसको अधिकार इस्लामले तोकेको छ त्यसलाई बेवास्ता गरेर त्यसलाई हानि पुऱ्याइयोस्, र जुन व्यक्ति पनि यस्तो गर्नेछ त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन अन्तर्गत आउँछ, उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

" من ضار أضر الله به ومن شاق شق الله عليه " رواه الإمام أحمد 3/453 انظر صحيح الجامع 6348.

अर्थ : जसले कसैलाई हानि पुऱ्यायो त्यसलाई अल्लाह हानि पुऱ्याउँछ, र जुन कसैलाई हैरान गर्छ अल्लाह त्यसलाई हैरान गर्छ। ( यसलाई अहमदले ३/४५३ मा वर्णन गरेका छन्, र हेर्नुस् सहीहुल् जामेअ् हदीस नं.६३४८ )

र वसीयत गर्नुमा कसैलाई हानि पुगाउनुको तरिकाहरूमध्ये यो पनि हो कि कुनै वारिसलाई पूर्णरूले त्यस अंशबाट वंचित गरिदिनु जुन त्यसको लागि इस्लामले तोकेको छ, अर्थात सम्पत्तिमा जुन त्यसको वैधानिक हक छ त्यति पनि नदिनु। वा कुनै वारिसको लागि त्यति सम्पत्तिको वसीयत गर्नु जति वैधानिकतौरले त्यसको हक नै छैन, वा विधानले तोकेको अंशभन्दा अधिकको वसीयत गर्नु, वा कुल सम्पत्तिको तेस्रो भागभन्दा अधिक मालको वसीयत गर्नु।

र जुन देश अथवा राज्यहरूमा इस्लामीय विधान लागू हुँदैन बरु मानवले बनाएका विधानहरू लगू छन्, त यस्ता ठाउँहरूमा वारिस आफ्नो वास्तविक हकबाट पनि वंचित भइहाल्छ, किनकि अत्याचारयुक्त वसीयत पनि उनीहरूका अदालत र कोर्टहरूमा मान्य हुन्छ र त्यहाँका अधिवक्ता न्यायधीश र लिखनदासहरूद्वारा पारित हुन्छ। त यस्तो गर्नेहरू र यसलाई लेख्नेहरूको लागि विनाश छ, र यिनी समस्तको (अधिवक्ता, लिखनदास, र न्यायधीशको) कमाई पनि अवैध र हराम छ।

# नरदद्वारा खेल्नु

नरद वा नरदशेरः त्यस खेललाई भनिन्छ जसद्वारा आज जुआ खेलिन्छ। र यसको तरिका यस्तो हुन्छ कि एउटा अण्डा जस्तो बाल ( गेंद) हुन्छ जसमा नम्बरहरू हुन्छन् वा त्यसलाई जता उचालिन्छ त्यता नम्बरहरू हुन्छन्, अनि सबै एक एक नम्बर रोज्दछन्, अनि जसको नम्बर आउँछ त्यसलाई विजयी घोषित गरिन्छ।

र वर्तमानमा यसका अरु थरी र तरिकाहरू सृजित भइसकेका छन्, तर यसलाई खेल्नु अवैधानिक छ, र यसलाई खेल्नुबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले सावधान रहने आदेश गरेका छन्, किनकि यसद्वारा जुआ पनि खेलिन्छ। रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"من لعب بالنردشير فكأنما صبغ يده في لحم خنزير ودمه "

رواه مسلم 1770/4.

अर्थ : जसले नरदशेर खेल्यो त्यो यस्तो भयो मानो त्यसले आफ्नो औंलालाई सुँगुरको मासु र रगतसित लिप्त गऱ्यो। ( यसलाई मुस्लिमले ४/१७७० मा वर्णन गरेका छन् )

र अबू मूसा अल् अश्अरीको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनन्नु भयोः

" من لعب بالنرد فقد عصى الله ورسوله " رواه الإمام أحمد

394/4 وهو في صحيح الجامع 6505.

अर्थ : जसले नरद खेल्यो त्यसले अल्लाह र अल्लाहको रसूलको अवज्ञा गऱ्यो। ( यसलाई इमाम अहमदले ४/३९४ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ६५०५ मा पनि वर्णित छ )

## आस्थावानहरूलाई तिरस्कृत गर्नु वा त्यसलाई तिरस्कृत गर्नु जुन तिरस्कार योग्य छैन

कतिपय यस्ता मानिसहरू छन् जुन क्रोधित भएको अवस्थामा आफ्नो क्रोधमाथि नियन्त्रण राख्न सक्दैनन् अनि मानिसहरूलाई धिक्कृत र तिरस्कृत गर्न थाल्दछन्, यहाँसम्म कि चौपाया र निर्जीवलाई पनि धिक्कृत गर्न थाल्छन्, र समय एवं दिनलाई पनि धिक्कार्न थाल्दछन् । र कहिलेकाहिँ स्वयम् आफूलाई आफ्ना सन्तानहरूलाई धिक्कार्न थाल्दछन् । र कतिपयलाई हेरिएको छ कि लोग्ने स्वास्नीलाई र श्रीमतिले आफ्नो श्रीमानलाई धिक्कृत गर्दछन्, तर यस्तो गर्नु अति घातक कुरो हो, किनकि अबू जैद साबित बिन जह्हाक अल् अन्सारी रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनन् भयो:

"....، ومن لعن مؤمنا فهو كقتله " رواه البخاري انظر فتح الباري 465/10

अर्थ : .... जसले कुनै आस्थावानलाई तिरस्कृत गऱ्यो मानो त्यसले त्यसको हत्या गऱ्यो । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/४६५ )

र धिक्कार पठाउनु अधिकांश महिलाहरूको बानी हुन्छ, यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो स्पष्ट गरेका छन् कि महिलाहरू यसै बानीको कारण नर्कमा प्रवेश गर्छिन् । र अनाहक तिरस्कृत गर्नेहरू प्रलयको दिन सिफारिश गर्ने सौभाग्यबाट वंचित नै रहन्छन्, र यसभन्दा घातक कुरो यो हो कि यदि कसैले कसैलाई अनाहक धिक्कृत गऱ्यो त त्यो तिरस्कार त्यसैमाथि फर्केर आइहाल्छ । यसर्थ त्यो मान्छे यस तिरस्कारद्वारा आफैलाई तिरस्कृत र अभिप्त गरे सरह छ र आफू नै आफूलाई अल्लाहको दया कृपाबाट टाढा गर्ने मान्छे सरह छ ।

# नौहा गर्नु

नौहा: कुनै मान्छे वा आफन्तीको मृत्यु भएमा आफ्नो छाती पिट्नु वा लुगा च्यात्नु वा ठूलो स्वरले पिलाप गर्नु ... आदि ।

ती ठूला अवैधानिक कार्यहरू जसलाई महिलाहरू विशेषरूपले गर्छिन् एउटा नौहा पनि हो, किनकि महिलाहरू मृतक निकट ठूलो स्वरमा विलाप गर्छिन्, र मृतकका राम्रा राम्रा विशेषताहरूलाई गणना गराउँदै आफ्नो छाती पिट्छिन् र कराएर विलाप गर्छिन्, वा आफ्नो लुगालाई च्याति आफ्नो कपाललाई उखेल्छिन्, बरु कतिपय आफ्नो केशलाई नै खौराइहाल्छिन् । र यो समस्त यस कारण गरिन्छ किनकि यस्तो गर्नेहरू भाग्यबाट राजी हुँदैनन्, वा यस घटित भएको घट्ना र विपदामाथि धर्य धारण गर्न सक्दैनन् । त यस्ता खालका गतिविधिहरूलाई गर्नेहरूमाथि रसूल सल्लल्लाहो अलैहे वसल्लमले तिरस्कार पठाएका छन् । अबू उमामा रजिअल्लाहो अन्होको वर्णन छ कि:

"أن رسول الله صلى الله عليه وسلم لعن الخامشة وجهها والشاقة جيبها والداعية بالويل والثبور " رواه ابن ماجة 505/1

وهو في صحيح الجامع 5068.

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो अनुहारमाथि हान्ने, र आफ्नो लुगालाई च्यात्ने, र आफू विनष्ट र धिक्कृत हुने याचना गर्ने महिलाहरूलाई तिरस्कृत गरेका छन् । ( यसलाई इब्ने माजाले १/५०५ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ५०६८ मा पनि वर्णित छ )

र अब्दुल्लाह बिन मस्ऊद रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि:

" ليس منا من لطم الخدود وشق الجيوب ودعا بدعوى الجاهلية " رواه البخاري انظر الفتح 163/3.

अर्थ : त्यो हामीमध्येबाट होइन जुन आफ्नो गालमाथि प्रहार गरोस्, र आफ्नो (छाती निकटको) लुगालाई च्यातोस्, र

अनभिज्ञकालको कुराहरूको दावी गरोस् । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी ३/१६३ )

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" النائحة إذا لم تتب قبل موتها تقام يوم القيامة وعليها سربال من قطران ودرع من جرب " رواه مسلم رقم 934

अर्थ : नौहा गर्नेवाली यदि आफ्नो मृत्युभन्दा अघि नै तौबा गरेन भने त्यसलाई प्रलयको दिन यस्तो अवस्थामा उठाइन्छ कि त्यसमाथि डामरले लिप्त कपडा हुनेछ र जरब नामक रोगको च्यादर । ( यसलाई मुस्लिमले हदीस नं. ९३४ मा वर्णन गरेका छन् )

# अनुहारमाथि हान्नु र त्यसमाथि चिन्ह लगाउनु दाग्नु ।

हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि:

"نهى رسول الله صلى الله عليه وسلم عن الضرب في الوجه وعن الوسم في الوجه". رواه مسلم 3/1673

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनुहारमा हान्नुबाट र अनुहारमा चिन्ह लगाउनुबाट रोकेका छन् । ( यसलाई मुस्लिमले ३/१६७३ मा वर्णन गरेका छन् )

त रह्यो अनुहारमा हान्नुको कुरो त कतिपय अध्यापक र माता पिताहरू आफ्नो शिष्यहरू वा आफ्नो बच्चाहरूलाई दण्डित गर्ने उद्देश्यले उनीहरूको अनुहारमा हान्दछन् । र कतिपय मानिसहरू आफ्नो दास वा नौकर (सेवक) र कामदारहरूसंग यस्तै व्यवहार गर्छन् । तर यसमा अनुहारलाई अल्लाहद्वारा प्रदान गरिएको सम्मानको अवहेलना गर्नुको साथै त्यसमा हान्ने कारणले कहिलेकाहिँ त्यसमा भएका सेन्सहरूलाई पनि हानि पुगिहाल्छ अनि पछुतो गरेमा केही लाभ हुँदैन, र यस्तो गर्ने मान्छेबाट कसास पनि लिनसकिन्छ ।

र रह्यो कुरो जनावरको अनुहारमा दागेर चिन्ह लगाउनुको ताकि त्यसको स्वामी पहिचान गर्न सकोस्, वा बिराएको अवस्थामा त्यसलाई त्यसको मालिकसम्म पुऱ्याउन सकियोस्, त यस्तो गर्नु पनि हराम कार्य हो, र यसद्वारा अनाहक कष्ट दिनु पनि बोध हुन्छ । र जुन मानिसहरू भन्छन् कि यसद्वारा पहिचान गरिन्छ त अनुहार बाहेक कुनै अरु ठाउँमा पनि चिन्ह लगाउन सकिन्छ ।

# कुनै मुसलमानले आफ्नो मुसलमान भाइसित बिना कुनै वैधानिक कारण तीन दिनभन्दा अधिक कुरा गर्नुलाई त्याग्नु

शैतानको षडयन्त्रमध्ये यो पनि हो कि त्यो एकलाई आर्कोबाट टाढा गरिदिन्छ अनि तिनीहरूको रिश्ता नातामा दरार आइहाल्छ। त यिनी नै ती मानिसहरू हुन् जुन शैतानको पद्चिन्हमा हिंड्नेहरू हुन् जुन आफ्नो भाइबाट बिना वैधानिक कारण रिश्तालाई टुंग्याइहाल्छन्। र यिनीहरूको यस दूरीको कारण याता धन सम्पत्ति र भौतिकवाद हुन्छ वा कुनै घट्ना हुन्छ, जसलेगर्दा दुवैको रिश्तामा यस्तो दरार आएको हुन्छ, र यो दूरी पनि यस्तो हुन्छ कि वर्षौं वर्ष त्यो आर्कोसित कुराकानी गर्दैन। बरु केही मानिसहरू त यो शपथ लिइहाल्छन् कि त्यो त्यससित कहिले पनि कुरा गर्दैन, नत त्यसको घरमा प्रवेश गर्छ। र यदि यस्तो गर्ने मान्छे यदि आफ्नो भाइलाई कतै भेट्दछ त त्यसलाई अन्देखा र बेवास्ता गरेर अगाडि बढिहाल्छ। र यदि कुनै बैठकमा जान्छ त त्यस रिसाएको मान्छेको अघि र पछि भएका मानिसहरूसित हात मिलाई त्यसलाई छाडेर अघि बढिहाल्दछ।

तर यो यस्तो कुरो हो जसबाट समाजमा विगार र कम्जोरीको उत्पात हुन्छ। यसै कारण इस्लामीय विधानले यसबाट सशक्त तरिकाले रोकेको छ, र यस्तो गर्ने मान्छेलाई दुखद यातनाको चेतावनी दिएको छ। हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لا يحل لمسلم أن يهجر أخاه فوق ثلاث فمن هجر فوق ثلاث فمات دخل النار " رواه أبو داود 215/5 وهو في صحيح الجامع 7635.

अर्थ : कुनै मुसलमान मान्छेको लागि यो जायज छैन कि त्यो आफ्नो मुसलमान भाइलाई तीन दिनभन्दा अधिक त्यागोस्, अर्थात कुराकानीलाई त्यागोस्, त जसले तीन दिनभन्दा अधिक त्यसलाई त्याग्यो अनि यस्तै अवस्थामा त्यसको मृत्यु भयो भने त्यो नर्कमा

जानेछ। ( यसलाई अबू दाऊदले ५/२१५ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ७६३५ मा पनि वर्णित छ )

र अबू खराश मस्‌लमी रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من هجر أخاه سنة فهو بسفك دمه " رواه البخاري في الأدب المفرد حديث رقم 406 وهو في صحيح الجامع 6557.

अर्थ : जसले आफ्नो भाइलाई एक वर्ष त्याग्यो मानो त्यसले त्यसको हत्या गऱ्यो। ( यसलाई बुखारीले अल् अदबुल मुफ्‌रदको हदीस नं. ४०६ मा वर्णन गरेका छन्, र यो सहीहुल् जामेअ्को हदीस नं. ६५५७ मा पनि वर्णित छ )

र मुसलमानहरूको एकआर्कालाई त्याग्नुको दुष्परिणामको लागि यो नै प्रयाप्त छ कि यस्तो गर्नेहरू अल्लाहको दया र कृपाबाट वंचित भइहाल्छन्। हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" تعرض أعمال الناس في كل جمعة مرتين، يوم الإثنين ويوم الخميس فيغفر لكل عبد مؤمن إلا عبدا بينه وبين أخيه شحناء فيقال: اتركوا أو أركوا (يعني أخروا) هذين حتى يفيئا " رواه مسلم 4/1988.

अर्थ : समस्त मानवका कर्महरूलाई प्रत्येक जुमआसम्म दुईपटक अल्लाहको दरबारमा पेश गरिन्छ एउटा सोमबारको दिन र आर्को विहिबारको दिन, अनि समस्त आस्थावान मानिसहरूलाई क्षमा प्रदान गरिन्छ त्यो मानिस बाहेक जस व्यक्ति र त्यसको भाइ बीच शत्रुता र ईर्ष्या हुन्छ, त भनिन्छ कि यी दुवैलाई छाडिदेऊ यहाँसम्म कि दुवै बीच सुलह भइहालोस्। ( मुस्लिम ४/१९८८ )

त दुवैमध्ये जसले पनि यस कुकर्मबाट तौबा गरोस् त त्यसलाई चाहियो कि आफ्नो भाइलाई सलाम गरोस्, तर यदि त्यसले सलाम गऱ्यो अनि दोस्रोले इन्कार गऱ्यो भने सलाम गर्ने मान्छेले आफ्नो दायित्वलाई पूर्ण गऱ्यो, र इन्कार गर्ने मान्छेमाथि अझै त्यसको

दायित्वलाई पूर्ण गर्ने कुरा बाँकी नै छ । र हजरत अबू अय्यूबबाट मुरफूअन् वर्णन छ कि:

" لا يحل لرجل أن يهجر أخاه فوق ثلاث ليال يلتقيان فيعرض هذا ويعرض هذا وخيرهما الذي يبدأ بالسلام " رواه البخاري فتح الباري 10/492.

अर्थ : कुनै मानिसलाई यो जायज छैन कि त्यो आफ्नो भाइलाई तीन रात्रीभन्दा अधिक त्यागोस्, र यो अवस्था आइपुगोस् कि जब उनी एकआर्कासित भेटुन् त एउटा यता मुख फर्काओस् र आर्को उता मुख फर्काओस्, र ती दुवैमध्ये सर्वोत्तम त्यो हो जुन सलाम गर्नुमा आरम्भ ( पहल) गरोस् । ( यसलाई बुखारीले वर्णन गरेका छन्, हेर्नुस् फतहुल् बारी १०/४९२ )

र यदि कुनै वैधानिक कारणले त्यसलाई त्यागेको छ जसरी नमाजलाई छाड्ने कारण वा निरन्तरताले निर्लज्जता गर्नुको कारण । त यदि त्यससित कुराकानीलाई त्याग्नुद्वारा त्यसमा सुधारको उत्पात हुन्छ, वा त्यो यस कारण आफ्नो त्रुटिलाई महसूस गर्छ, भने यस्तो अवस्थामा त्यससित कुराकानी त्याग्नु अति आवश्यक छ । तर यदि त्यसलाई त्याग्नुले त्यसको अटेरीपनामा अभिवृद्धि गरिदिन्छ र त्यसको कुकर्ममा अरु वृद्धि भइहाल्छ भने यस्तो अवस्थामा त्यसलाई त्याग्नु राम्रो कुरो हुँदैन, किनकि यसद्वारा उद्देश्य पूर्ण भइरहेको छैन, बरु यसबाट अरु विगार उत्पन्न भइरहेको छ । यसर्थ यस्तो अवस्थामा चाहियो कि त्यससित रिश्ता बनाएर त्यसमाथि उपकार गर्नुको साथै सदउपदेश पनि गर्दै रहनु अति आवश्यक छ ।

र अन्त्यमा म यो भन्दछु कि यी ती हराम कार्यहरू हुन् जसलाई संग्रह गर्नु मलाई अहिले उपलब्ध भयो ( तर यो विषय अति लामो छ र म यदि अल्लाहले चाह्यो भने यसबारे एउटा किताब तयार गर्नेछु जुन कुरआन र हदीसमा वर्णित हराम कार्यहरूलाई आफूभित्र समाविष्ट गर्ने छ ) । र हामी अल्लाहसित त्यसको राम्रा राम्रा नामहरूको माध्यले यो याचना गर्दछौं कि अल्लाह हामीलाई आफ्नो भयको यति मात्रा प्रदान गरोस् जुन हाम्रा हृदय र पापहरू बीच परिधान बनिहालोस्, र हामीलाई

आफ्नो आज्ञाकारिता प्रदान गरोस् जसलेगर्दा हामीलाई आफ्नो स्वर्गसम्म पुऱ्याओस् । र याचना छ कि हाम्रा पापहरूलाई क्षमा गरोस्, र हाम्रो उदण्डतालाई माफ गरोस्, र हामीलाई हलालको सौभाग्य प्रदान गरी हरामबाट बचाओस्, र आफ्नो अनुग्रहद्वारा अरुको मुखापेक्षी हुनुबाट निस्पृह गरिदेओस् । र हाम्रो क्षमायाचनालाई स्वीकार गरोस्, र हाम्रा पापहरूलाई स्वच्छ पारि पापमुक्त गरिबक्सोस् त्यो अति सुन्नेवाला याचना स्वीकार गर्नेवाला छ ।

र अल्लाहको शान्ति अवतरित होस त्यसको प्रियतम र अनपढ सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका समस्त साथीहरू र घरपरिवारमाथि । र समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जुन समस्त संसारको प्रतिपालक हो ।

**समाप्त**


**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न.** 00966-0501372254

عتيق الرحمن محمد إدريس خان مكي

ण्छ्ण्ज्ञघठद्दद्दछ्द्ध الجوال

# विषय सूची


| م | العنوان | الصفحة |
|---|---|---|
| 1 | प्रस्तावना | 3 |
| 2 | भूमिका | 5 |
| 3 | अल्लाहको साथमा सहभागी ठहराउनु | 17 |
| 4 | कपटी र कुकर्मीहरूसित परिचय प्राप्त गर्नु.... | 35 |
| 5 | नमाजमा शान्ति श्रद्धालाई त्याग्नु | 37 |
| 6 | नमाजमा अनावश्यक हिलडुल गर्नु | 40 |
| 7 | जानिबुझिकन् नमाजमा मुक्तदीले इमामभन्दा हतार गर्नु... | 41 |
| 8 | मस्जिदमा प्याज लहसुन .... आदि खाएर आउनु | 44 |
| 9 | व्यभिचार | 46 |
| 10 | गुदामैथुन | 49 |
| 11 | बिना कुनै वैधानिक कारण स्वास्नीले आफ्नो ..... | 51 |
| 12 | अकारण महिलाको आफ्नो श्रीमानसित पारपाचुके माँग्नु | 53 |
| 13 | जेहार | 55 |
| 14 | रजस्वलाको अवस्थामा महिलासित सहवास गर्नु | 57 |
| 15 | महिलाको गुदामा सम्भोग गर्नु | 59 |
| 16 | स्वास्नीहरू बीच निसाफ र समानताको व्यवहार नगर्नु | 61 |
| 17 | अपरिचित महिलासँग एकान्तमा जानु | 63 |
| 18 | अपरिचित महिलासँग मुसाफहा गर्नु | 65 |
| 19 | महिलाले घरबाट निस्कदा सुगन्धको प्रयोग गर्नु..... | 67 |
| 20 | बिना मुहरिम महिलाको यात्रा गर्नु | 69 |
| 21 | अपरिचित महिलामाथि इच्छायुक्त दृष्टि हाल्नु | 70 |
| 22 | भार्याट | 72 |
| 23 | पुत्रलाई पितासित संलग्न गरेर सम्बोधन गर्नुमा क्षल गर्नु... | 73 |
| 24 | सूदव्याज खानु | 75 |
| 25 | सामानको ऐबलाई लुकाएर त्यसलाई विक्री गर्नु | 79 |

| | | |
|---|---|---|
| 26 | बैअे नजश | **81** |
| 27 | जुम्आको दोस्रो अजान पश्चात पनि खरिद विक्री गर्नु | **82** |
| 28 | जुवा ताश | **83** |
| 29 | चोरी | **85** |
| 30 | घूस लिनु दिनु | **88** |
| 31 | कसैको जमिन जबरजस्ती कब्जा गर्नु | **90** |
| 32 | सिफारिश गरेकोमा उपहार कबूल गर्नु | **92** |
| 33 | कार्य गराएर मजदूरलाई त्यसको पारिश्रमिक नदिनु | **95** |
| 34 | सन्तानहरूलाई उपहार दिनुमा अन्याय गर्नु | **98** |
| 35 | अनावश्यक भिक्षा माँग्नु | **101** |
| 36 | भुक्तान नगर्ने उद्देश्यले ऋण लिनु | **103** |
| 37 | हराम खानु | **105** |
| 38 | मदिरा सेवन चाहे एक थोपा किन नहोस् | **107** |
| 39 | सुन चाँदीको बर्तन भाँडा प्रयोग गर्नु...... | **111** |
| 40 | झुठो गवाही दिनु | **112** |
| 41 | गीत संगीत र बाजा सुन्नु | **114** |
| 42 | पिशुनता | **116** |
| 43 | चकुली | **119** |
| 44 | मान्छेहरूको घरमा बिना अनुमति ताकझाँक गर्नु | **121** |
| 45 | तीनजनाको समूहमा दुईजनाले कानेखुसी गर्नु | **123** |
| 46 | लुगालाई गोली गाँठभन्दा तल गरेर लगाउनु | **124** |
| 47 | मान्छेको लागि कुनै तरिकाले पनि सुन प्रयोग गर्नु | **126** |
| 48 | महिलाहरूको लागि अति पात्लो सानो र अति संकुचित.... | **128** |
| 49 | महिला अथवा पुरुषले कुनै मानव वा अरु कसैको..... | **130** |
| 50 | खनपान, लुगा कपडा र दर्पणमा पुरुष र महिलाले...... | **131** |
| 51 | कपाललाई कालो गराउनु | **133** |
| 52 | लुगा कपडा पर्खाल र कागजमाथि कुनै जीवधारीको .... | **134** |
| 53 | सपनाबारे मिथ्यारोपण गर्नु | **137** |
| 54 | चिहानमाथि बस्नु, हिंड्नु र कब्रस्तानमा दिशा पिशाब गर्नु | **138** |

| | | |
|---|---|---|
| 55 | पिशाबको छिंटाहरूबाट नबाँचनु | **140** |
| 56 | कुनै समूहले नचाहेमा पनि तिनीहरूको कुरालाई सुन्नु | **142** |
| 57 | छिमेकीसित कुव्यवहार गर्नु | **144** |
| 58 | वसीयत गर्नुमा कसैलाई हानि पुऱ्याउनु | **147** |
| 59 | नरदद्वारा खेल्नु | **148** |
| 60 | आस्थावानहरूलाई तिरस्कृत गर्नु वा ...... | **149** |
| 61 | नौहा गर्नु | **150** |
| 62 | अनुहारमाथि हान्नु र त्यसमाथि चिन्ह लगाउनु | **152** |
| 63 | कुनै मुसलमानले आफ्नो मुसलमान भाइसित बिना...... | **153** |

IslamHouse.com